# नागरिक लगानी कोष

# कर्जा कार्यविधि, २०७७

# नागरिक लगानी कोषको

## कर्जा कार्यविधि -२०७७

➢ संचालक समितिको मिति २०७९।१०।१२ को निर्णबाट संसोधन भएको ।

◇ संचालक समितिको मिति २०८१।०७।०८ को निर्णबाट संसोधन भएको ।

∆ संचालक समितिको मिति २०८२।१०।२३ को निर्णबाट संसोधन भएको ।

## विषय सूची


| परिच्छेद | विषय | पेज नं. |
|---|---|---|
| १. | संक्षिप्त नाम, प्रारम्भ र परिभाषा | १ |
| २. | कोषबाट प्रवाह हुने कर्जा तथा सापटी सम्बन्धी व्यवस्था | ५ |
| ३. | सहभागी बिशेष सापटी | ७ |
| ४. | कर्जा प्रदान गर्दा ध्यान दिनु पर्ने विषयहरु | ९ |
| ५. | कर्जा प्रवाहको सिलसिलामा लिनु पर्ने कागजातहरु | १३ |
| ६. | कर्जा स्वीकृत गर्ने निकाय तथा अख्तियारी सम्बन्धी व्यवस्था | १६ |
| ७. | सहभागी कर्जा | १८ |
| ८. | परियोजना कर्जा | २८ |
| ९. | ब्रिज ग्याप,चालु पूँजी तथा थोक कर्जा | ३३ |
| १०. | सहवित्तीयकरण कर्जा | ३५ |
| १०(क). | शेयर धितो कर्जा | ४१ |
| ११. | कर्जा स्वीकृति विधि र प्रकृया | ४५ |
| १२. | धितो सुरक्षण मूल्यांकन र जमानत सम्बन्धी व्यवस्था | ४९ |
| १३. | कर्जा प्रवाह/नवीकरणको सिल सिलामा लिनुपर्ने शुल्कहरु | ५५ |
| १४. | धितो रोक्का तथा फुकुवा सम्बन्धी व्यवस्था | ५७ |
| १५. | ब्याजदर तथा हर्जना/पेनाल ब्याज सम्वन्धी व्यवस्था | ५८ |
| १६. | बीमा सम्बन्धी व्यवस्था | ५९ |
| १७. | कानूनी कागजात गराउने सम्वन्धी व्यवस्था | ६१ |
| १८. | कर्जा नवीकरण, पूनरसंरचना वा पुनरतालिकीकरण सम्बन्धी व्यवस्था | ६३ |
| १९. | कर्जा बर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था | ६४ |
| २०. | कर्जा असुली सम्वन्धी व्यवस्था | ६६ |
| २१. | विविध | ६७ |

**संचालक समितिबाट स्वीकृत मिति : २०७७।१०।०७**

# नागरिक लगानी कोष, कर्जा कार्यविधि, २०७७

नागरिक लगानी कोषमा संकलित रकमलाई छिटो, छरितो तथा प्रभावकारी रुपमा व्यवस्थापन गरी विभिन्न शिर्षकहरुमा सुरक्षित रुपमा कोषका स्वेच्छिक वा अनिवार्य लगानीकर्ता हिसाब योजनाका सहभागीहरुलाई कर्जा सुबिधा प्रदान गरी योजनाका सहभागीहरुको न्यूनतम आवश्यकता पूर्ति गर्न र सामाजिक सुरक्षामा सघाउ पुऱ्याउनुका साथै संस्थागत क्षेत्र र ठूला परियोजनाहरुमा कर्जा लगानी गरी मुलुकको आर्थिक विकासमा योगदान पुर्‍याउने उद्देश्यले नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन समेत)को दफा ३२ को अधिनमा रही नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ को विनियम १६ को व्यवस्था कार्यान्वयन गर्न सोही विनियमावलीको विनियम ३२ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको **नागरिक लगानी कोष, कर्जा कार्यविधि, २०७७** लाई कोषको संचालक समितिले स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### १.१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम “नागरिक लगानी कोष, कर्जा कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि कोषको संचालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**१.२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “ऐन” भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ , (दोस्रो संशोधन समेत),सम्झनु पर्दछ ।

(ख) “व्यवस्थापन विनियमावली” भन्नाले नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ सम्झनु पर्दछ ।

(ग) “कोष” भन्नाले नागरिक लगानी कोष ऐन, २०४७, (दोस्रो संशोधन समेत) बमोजिम स्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्दछ ।

(घ) “समिति” भन्नाले ऐनको दफा २५ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्दछ ।

(ङ) “लगानी नीति” भन्नाले कोषको लगानी नीति, २०७५ सम्झनुपर्दछ ।

(च) “कार्यविधि” भन्नाले नागरिक लगानी कोष कर्जा, कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(छ) “कार्यकारी निर्देशक” भन्नाले कोष संचालनको जिम्मेवारी पाएको नागरिक लगानी कोष ऐनको दफा ४२ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ । र सो शब्दले कोषको कार्यकारी प्रमुखको रुपमा काम गर्ने प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख समेतलाई जनाउँछ ।

(ज) “संगठित संस्था” भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापना भएको बैंक, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै अन्य सरकारी वा गैरसरकारी संस्था सम्झनु पर्दछ ।

(झ) “सहभागी” भन्नाले नागरिक लगानी कोषका कार्यक्रमहरुमा रकम जम्मा गर्ने गरेका सहभागीलाई सम्झनु पर्दछ ।

(ञ) "कर्जा उपसमिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने कर्जा उपसमिति सम्झनु पर्दछ ।

(ट) "कर्जा" भन्नाले कुनै चल, अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कोषले निर्धारण गरेको शर्तमा दिने ऋण वा सापटी सम्झनु पर्दछ ।

(ठ) "आवास कर्जा" भन्नाले निजी आवासीय घर निर्माण, घर खरीद, फ्ल्याट खरीद, तला थप, घर मर्मत, रेक्ट्रोफिटिङ्ग, घर सजावट तथा इन्टेरियरको लागि सहभागीलाई दिइने कर्जा सम्झनु पर्दछ ।

(ड) "सरल कर्जा" भन्नाले कोषले तोकेका क्षेत्रहरु भित्रको धितो लिई सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका भैपरी आउने कार्यका लागि दिइने कर्जालाई सम्झनु पर्दछ ।

(ढ) "शैक्षिक कर्जा" भन्नाले कोषले तोकेका शर्तहरुको अधिनमा रही सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई स्वदेश वा विदेशमा स्नातक, स्नातकोत्तर, एमफिल, विद्यावारिधि वा सो भन्दा माथिको उपाधिका लागि अध्ययन गर्नका लागि प्रदान गरिने कर्जालाई सम्झनु पर्दछ ।

(ण) "सवारी कर्जा" भन्नाले कोषले तोकेका शर्तहरुको अधिनमा रही सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई निजी सवारी साधन खरीद गर्न प्रदान गरिने कर्जालाई सम्झनु पर्दछ ।

◇(ण१) "शेयर धितो कर्जा" भन्नाले धितोपत्र विनिमय बजारमा सूचिकृत भएका साधारण शेयरको धितोमा कोषको शर्त बमोजिम सहभागी वा धितोपत्र ब्यापारी (स्टक डिलर कम्पनी) लाई प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(त) "समयकालीन/आवधिक कर्जा (**Term Loan**)" भन्नाले कुनै संगठित संस्थालाई उत्पादन / सेवा क्षमताको सिर्जना गर्न वा विस्तार गर्न र आयमुलक कार्यको लागि साधारणतया एक वर्षभन्दा बढी अवधिका लागि कोषले प्रदान गर्ने कर्जालाई सम्झनु पर्दछ ।

(थ) "परियोजना कर्जा (**Project Loan**)" भन्नाले नयाँ परियोजना स्थापना तथा संचालन गर्न वा साँवा भुक्तानी अवधि एक वर्षभन्दा बढी भएको अवस्थामा पूंजीगत खर्चको व्यवस्था गर्न दिइने कर्जा सम्झनु पर्दछ ।

(द) "सहवित्तीयकरण कर्जा (**Consortium Loan**)" भन्नाले कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा कम्पनी ऐन अन्तर्गत स्थापित कुनै कम्पनी वा संस्थालाई प्रचलित कानून बमोजिम स्थापित नागरिक लगानी कोष जस्तै अन्य कोष तथा बैङ्क वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा जोखिम तथा धितो विभाजन (पारीपासु सम्झौता) गरी आपसमा भएको सम्झौता अनुसार प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(ध) "ब्रिज ग्याप कर्जा (**Bridge Gap Loan**)" भन्नाले ऋण वा शेयर निष्काशन वा अन्य श्रोतहरुबाट प्राप्त हुने रकमको प्रत्याभूति भएका र कोषबाट सैद्धान्तिक रुपमा कुनै प्रकारको स्थिर पूँजी कर्जा वा चालु पूँजी कर्जा वा अन्य कुनै प्रकारको कर्जा निकासा दिने निर्णय भईसकेको वा निकासा भईनसकेकोमा कारणवश सम्बन्धित ग्राहकले पुऱ्याउनु पर्नेमध्ये कुनै प्रक्रिया पुऱ्याउन नसकी उपरोक्तानुसारको स्वीकृत कर्जा उपभोग गर्न केही समय ढिला हुने भएको र त्यस अवस्थामा ग्राहकलाई सम्बन्धित कार्यका लागि तुरुन्तै रकमको जरुरत पर्न गएमा रकम निकासा हुन ढिलाई भएको कारणबाट परियोजना स्थापना र सञ्चालनमा ढिला भई प्रतिकूल असर पर्ने भएमा स्वीकृत कर्जाबाट पछि सोधभर्ना हुने गरी तत्काल ऋणीलाई प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(न) "चालू पूँजी कर्जा" भन्नाले परियोजनाको चालू सम्पत्ति (कच्चा पदार्थ, अर्ध तयारी वस्तु, तयारी वस्तु र असुल गर्नुपर्ने रकम) सिर्जनाका लागि आवश्यक पर्ने रकम जुटाउन धितो सुरक्षण लिई प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(प) "थोक कर्जा" भन्नाले लघु वित्त क्षेत्रमा थोक कर्जा प्रवाह गर्ने लघुवित्तीय संस्थालाई दिने कर्जालाई सम्झनु पर्दछ ।

(फ) "जमानत" भन्नाले कोषले तोकेको शर्तमा कोषको कर्जालाई सुरक्षित गर्ने गरी नेपाल सरकार वा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त आधिकारिक लिखित बचनबद्धता पत्र वा लिखतलाई सम्झनु पर्दछ ।

(ब) "व्यक्तिगत जमानत" भन्नाले कोषबाट लिएको कर्जा ऋणीले तोकिएको भाखा/ म्यादभित्र चुक्ता नगरेमा र धितो सुरक्षणवाट पनि कर्जा चुक्ता हुन नसकेमा आफ्नो चल-अचल सम्पत्तिबाट असुल उपर गरी लिएमा मञ्जुरी रहेको व्यहोरा दर्शाइ ऋणी वा अन्य व्यक्तिले कोषलाई गरी दिएको लिखत सम्झनु पर्दछ ।

(भ) "धितो सुरक्षण" भन्नाले कोषबाट प्रवाह भएको कर्जाको सुरक्षण बापत कोषको नाममा धितो लिखत पारित भएको वा रोक्का रहेको वा हाइपोथिकेट गरिएको चल अचल सम्पत्ति, माल मेसिनरी, सवारी साधन, परियोजना आदिलाई सम्झनु पर्दछ ।

(म) "धितो मुल्याँकनकर्ता" भन्नाले धितो मुल्यांकन गर्ने प्रयोजनका लागि यस कार्यविधि बमोजिम कोषले सूचीकृत/नियुक्त गरेको व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनु पर्दछ ।

(य) "एकाघर परिवारका सदस्य" भन्नाले ऋणीको सगोलको पति, पत्नी, छोरा, अविवाहित छोरी, बाबु, आमा, तथा विवाहित महिलाको हकमा सासू, ससुरालाई सम्झनु पर्दछ ।

(र) "सहुलियत अवधि" भन्नाले यस कार्यविधि बमोजिम कर्जा लिएपछि साँवा रकम बुझाउन छुट हुने गरी तोकिएको समय अवधिलाई सम्झनु पर्दछ ।

(ल) "किस्ता" भन्नाले कोषले प्रवाह गरेको कर्जा भुक्तानीको लागि निर्धारण गरेको साँवाब्याज वा व्याज रकमलाई सम्झनु पर्दछ ।

(व ) "व्याज" भन्नाले कोषले प्रवाह गरेको कर्जामा कोषले तोकेको दरमा दिन गन्तीको हिसाबले लगाइने व्याज, पुँजीकृत व्याज, हर्जाना/पेनाल व्याज समेतलाई सम्झनु पर्दछ ।

(श) "शुल्क" भन्नाले सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क, धितो लिलामी खर्च, बीमा खर्च तथा अन्य दस्तुर र शुल्क समेतलाई सम्झनु पर्दछ ।

(ष) "नगरपालिका" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि नेपालभित्रका सम्पूर्ण नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका समेतलाई सम्झनु पर्दछ ।

(स) "ऋणी" भन्नाले यस कार्यविधि बमोजिम कर्जा तथा सुविधा लिने वा धितो सुरक्षण वा जमानत दिने व्यक्ति, संस्था वा कम्पनी समेतलाई सम्झनु पर्दछ ।

(ह) "सहभागी संस्था" भन्नाले सहवित्तीयकरणमा सहभागी लिड वा सहभागी बैंक, वित्तीय संस्था, कोष वा अन्य संस्था समेतलाई सम्झनु पर्दछ ।

(क्ष) "लिड संस्था" भन्नाले सहवित्तीयकरणमा सहभागी संस्थाहरुले निर्णय गरी सहभागी संस्थाहरुको अगुवाई र प्रतिनिधित्व गर्ने गरी तोकिएको सहभागी संस्थालाई सम्झनु पर्दछ ।

(त्र) "स्थिर सम्पत्ति" भन्नाले जग्गा, पक्की भवन र परियोजनामा स्थायी रुपमा जडान भएका मेसिनरी, यन्त्र तथा उपकरण समेतलाई सम्झनु पर्दछ ।

(ज्ञ) "संस्थागत जमानत" भन्नाले कोषबाट कर्जा लिने संस्थाले कर्जा चुक्ता नगरेमा त्यस्तो कर्जा चुक्ता गर्ने दायित्व स्वीकार गरी कोषको पक्षमा ऋणी बाहेकको कोषलाई मान्य हुने अन्य संस्थाले गरिदिएको आधिकारिक लिखत सम्झनु पर्दछ ।

# परिच्छेद - २

## कोषबाट प्रवाह हुने कर्जा तथा सापटी सम्बन्धी व्यवस्था

कोषबाट प्रवाह हुने कर्जालाई सहभागी विशेष सापटी, सहभागी कर्जा र अन्य कर्जा गरी ३ (तीन) भागमा विभाजन गरिएको छ । कर्जाका शिर्षकहरु कोषले समय समयमा निर्णय गरी लागु गरे अनुसार हुनेछ । हाललाई देहाय वमोजिमका शिर्षकहरुमा कोषबाट कर्जा तथा सापटी प्रदान गरिने छ ।

(क) सहभागी विशेष सापटीः

| क.सं | कर्जा/सापटी शिर्षक | प्रयोजन |
|---|---|---|
| १. | सहभागी विशेष सापटी | नागरिक लगानी कोषका कार्यक्रमहरुमा रकम जम्मा गर्ने गरेका सहभागीलाई नियमानुसार प्रदान गरिने सापटी । |

ख) सहभागी कर्जा/शेयर धितो कर्जा

| क.सं | कर्जा /सापटी शिर्षक | प्रयोजन |
|---|---|---|
| १. | आवास कर्जा | निजी आवासीय घर निर्माण, घर खरीद, आवासीय प्रयोजनको लागि जग्गा खरीद, फ्ल्याट खरीद, तला थप, घर मर्मत, रेक्ट्रोफिटिङ्ग, घर सजावट तथा इन्टेरियरको लागि प्रदान गरिने कर्जा । |
| २. | सरल कर्जा | सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका भैपरी आउने कार्यका लागि प्रदान गरिने कर्जा । |
| ३. | शैक्षिक कर्जा | सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई स्वदेश वा विदेशमा स्नातक, स्नातकोत्तर, एमफिल, विद्यावारिधि वा सो भन्दा माथिको उपाधिका लागि अध्ययन गर्नका लागि प्रदान गरिने कर्जा । |
| ४ | सवारी कर्जा | सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई निजी सवारी साधन खरीद गर्न प्रदान गरिने कर्जा । |
| ◊५. | शेयर धितो कर्जा | सहभागी तथा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र ब्यापारी (स्टक डिलर) कम्पनीलाई शेयर धितोमा राखि प्रदान गरिने कर्जा । |

(ग) अन्य कर्जा

| क. सं | कर्जा शिर्षक | प्रयोजन |
|---|---|---|
| १. | परियोजना कर्जा (स्थिर सम्पत्ति खरीद/चालू पूँजी ) | पब्लिक कम्पनी वा संस्थालाई नयाँ परियोजना स्थापना तथा संचालन वा पूंजीगत खर्चको व्यवस्था गर्ने सिलसिलामा आवश्यक स्थिर सम्पत्ति खरीद गर्न तथा चालू सम्पत्ति (कच्चा पदार्थ, अर्ध तयारी वस्तु र तयारी वस्तु) सिर्जनाका लागि आवश्यक पर्ने रकम जुटाउन प्रदान गरिने कर्जा । |

| | | |
|---|---|---|
| २. | ब्रिज ग्याप कर्जा | कुनै परियोजनाको दीर्घकालिन कर्जा स्वीकृत हुन समय लाग्ने भई परियोजना सुचारु गर्न तथा लगानीकर्ताहरुको लगानी जुटाउन लाग्ने समयको बीच अवधि (ग्याप)लाई पुरा गरिदिने गरी प्रबाह गरिने कर्जा। |
| ४. | थोक कर्जा | लघु वित्त क्षेत्रमा थोक कर्जा प्रवाह गर्ने लघुवित्तीय संस्थालाई दिने कर्जा । |
| ३. | सहवित्तीयकरण कर्जा | सहवित्तीयकरणको आधारमा जोखिम तथा धितो विभाजन (पारीपासु सम्झौता) को आधारमा प्रदान गरिने कर्जा । |

## परिच्छेद - ३

## सहभागी बिशेष सापटी

**३.१. सहभागी बिशेष सापटी प्रदान गर्नुको उद्देश्य :** सहभागीहरुले जम्मा गरेको रकम मध्येबाट निश्चित अंश सापटीको रुपमा प्रदान गरी नीजहरुको आर्थिक, सामाजिक र पारिवारिक प्रकृतिका व्यक्तिगत प्रयोजनका आवश्यकता पूर्ति गर्नु एवं कोषको लगानीलाई विविधीकरण गर्नु यसको मुख्य उद्देश्य हो ।

### ३.२. सहभागी बिशेष सापटी सम्बन्धी योग्यता :

(क) सम्बन्धित योजनाको कार्यविधि अनुसारको न्यूनतम अवधि पुरा भएको हुनु पर्ने ।

(ख) सहभागीले कोषको परिचय पत्र अनिबार्य रुपमा बनाएको हुनु पर्ने ।

(ग) सहभागीले कोषबाट अन्य कर्जा तथा सापटी लिएको हुनु नहुने ।

### ३.३. सहभागी बिशेष सापटीको सीमा :

(क) सहभागीले कोषका कार्यक्रमहरुमा सहभागी भई कम्तीमा दुई आ.ब.मा कट्टा भएको रकमको बढीमा ८० प्रतिशतसम्म सापटी प्रदान गर्न सकिने ।

(ख) पहिलो पटक सापटी लिए पछि एक आ.ब. मा बढीमा दुई पटकसम्म जम्मा रकमको ८० प्रतिशत भन्दा बढी नहुने गरी सापटी प्रदान गर्न सकिने ।

### ३.४. सहभागी बिशेष सापटीको व्याज दर :

(क) सम्बन्धित कार्यक्रममा प्रदान गर्ने ब्याज दरमा १.५ प्रतिशत थप गरी ब्याज दर निर्धारण गरिनेछ । निर्धारित व्याज दर कोषले पुनरावलोकन गर्न सक्नेछ ।

### ३.५. सहभागी बिशेष सापटी माग फाराम र आवश्यक कागजातहरु :

(क) बिशेष सापटी माग गर्ने सहभागीले कोषले तोकेको ढाँचा बमोजिमको सापटी माग फारममा उल्लेखित सम्पूर्ण बिबरण प्रष्ट रुपमा भरी आफु कार्यरत कार्यालय, बिभाग, मन्त्रालयको सिफारिस साथ कार्यालयको छाप लगाई कोषको कार्यालयमा पेश गर्नु पर्ने ।

(ख) व्यक्तिगत रुपमा कोषको योजनाहरुमा सहभागीता जनाउने सहभागीको हकमा नागरिकताको फोटो कपी सहित तोकेको ढाँचाको सापटी फारम भरी पेश गर्नु पर्ने छ ।

**३.६. सहभागी बिशेष सापटी फारम दर्ता गर्नुपर्ने :** कोषद्वारा तोकिए बमोजिमका कागजातहरु सहितको सापटी फारम प्राप्त भएमा कोषले दर्ता गर्नुपर्नेछ । दर्ता भएको कागजातबाट नियम अनुसार सापटी प्रबाह गरिनेछ ।

### ३.७. सहभागी बिशेष सापटीको भुक्तानी प्रकृया र अवधि :

(क) कोषबाट लिएको सहभागी बिशेष सापटीको साँवा तथा ब्याज सम्बन्धित कार्यालय मार्फत वा कनेक्ट आइ पि एस (Connect IPS) मार्फत वा कोषले तोकेको बैंक खातामा पटक पटक वा एकै पटक जम्मा गरी भुक्तानी गर्न सकिनेछ ।

(ख) सहभागीले लिएको बिशेष सापटीको साँवा र ब्याज आषाढ मसान्त भित्र भुक्तानी नगरेमा साँवामा पूँजीकृत गरिनेछ ।

◇३.८. यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि आवास कर्जा, सरल कर्जा, शैक्षिक कर्जा, सवारी कर्जा र शेयर धितो कर्जा तिर्ने प्रयोजनका लागि सहभागीले सापटी माग गरेमा नियमानुसार बिशेष सापटी प्रदान गर्न बाधा पर्नेछैन ।

३.९. सहभागीले लिएको बिशेष सापटीको साँवा र ब्याँज नतिरेको र सम्बन्धित कार्यक्रममा रकम जम्मा गर्न पनि छाडेको अबस्थामा सम्बन्धित कार्यक्रममा नीजको जम्मा भएको रकमको साँवा ब्याज र सापटीको साँवा ब्याज रकम बराबरी भएमा हिसाब मिलान गरी सापटी राफसाफ गरिनेछ ।

# परिच्छेद - ४
## कर्जा प्रदान गर्दा ध्यान दिनु पर्ने विषयहरु

४.१. कर्जासँग सम्बन्धित सबै कर्मचारीहरुले कोषको यो कर्जा कार्यविधि राम्रोसँग अध्ययन गर्नु पर्ने र यसमा उल्लेख भए अनुसार कर्जा सम्बन्धी कार्य गर्नु पर्नेछ । कोषको प्रचलित कर्जा कार्यविधि, नागरिक लगानी कोष ऐन २०४७, प्रचलित ऐन, कानूनले उल्लेख गरे भन्दा बाहिर गएर कर्जा प्रवाह सम्बन्धी कार्य गर्नु गराउनु हुदैन ।

**४.२. कर्जा प्रवाह गर्दा बिश्लेषण गर्नु पर्ने मुख्य बिषयहरु :**

४.२.१ चरित्र (Character) :- कर्जासँग सम्बन्धित ऋणी लगायतका व्यक्तिहरुको चरित्र ।
(कालो सूचीमा नरहेको तथा अन्य संस्थामा कर्जा बक्यौता भई Defaulter नभएको )

४.२.२ क्षमता (Capacity) :- कर्जा समयमा तिर्न सक्ने कुराको आँकलन ।

(क) नगद प्रवाह विवरण बनाएर अन्तरवार्ता फारमसंग राख्ने गर्नु पर्नेछ । निश्चित रकम भन्दा बढीको कर्जामा कर्जा प्रमूखको सहयोगमा नगद प्रवाह फारम भराई ऋणीलाई दस्तखत गराउनु पर्नेछ ।

(ख) कर्जा बुझाउने योजना र नगद प्रवाह एक आपसमा सम्बन्धित भएकोले कर्जाको किस्ता बुझाउने आधार समेत हुने भएकोले यसको यथार्थ पहिचान गरी किस्ता बुझाउन सक्ने/ नसक्ने यकीन गर्नु पर्नेछ ।

४.२.३ पूँजी (Capital) :- कर्जा लिनेको पूँजीको स्तर विश्लेषण गर्दा दायित्व चुक्ता गर्ने क्षमता समेत मापन गर्नु पर्दछ । निजको लगानी, लगानीबाट सिर्जित सम्पत्ति, संचित आय र दायित्वको विश्लेक्षण गरी कर्जा स्व :पूँजी अनुपात यकीन गर्नु पर्दछ ।

४.२.४ कर्जा सम्बन्धी विगत (Credit History) :- ऋणीको विगतको कारोवारको अवस्था विश्लेषण गर्नु पर्नेछ ।

४.२.५ अवस्था (Condition) :- कर्जा रकम, समय, कर्जाको प्रयोजन आदि जस्ता अवस्था ।

(क) कर्जा प्रवाह गर्दा प्रवाह हुने कर्जाको उपयोगिताका बारेमा ऋणीबाट विवरण लिने र सम्भव भएसम्म सो को प्रमाण संकलन गर्नु पर्नेछ ।

(ख) परियोजना कर्जा दिनु अघि प्रस्तुत परियोजनाको व्यवस्थापकीय पक्ष, प्राविधिक पक्ष, बजार पक्ष तथा वित्तीय पक्षको विश्लेषण गरेर मात्र आवश्यक कर्जा दिइनेछ ।

(ग) व्यवसायिक फर्म सम्बन्धित निकायहरु जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु विभाग, वाणिज्य विभाग आदिबाट नवीकरण गर्नु पर्नेमा प्रत्येक पटक कर्जा प्रवाह गर्दा वा आर्थिक वर्ष समाप्त भए पश्चात नवीकरण गर्न लगाई सोको प्रतिलिपि ऋण आवेदक/ ऋणीबाट प्रमाणित गराई कर्जा फाईलमा रहने व्यवस्था गर्नुपर्नेछ ।

४.२.६ सुरक्षण (Collateral) :- कर्जा प्रवाह गर्दा कोषलाई उपलब्ध हुने सुरक्षणको विवरण ।

(क) कर्जा आवेदन फाराममा बसोबास तथा धितो रहने स्थानको स्थलगत नक्सा प्रष्ट रुपमा बनाउन लगाउनु पर्दछ । आवश्यक परेमा सोको लागि छुट्टै पाना प्रयोगमा ल्याउन सकिनेछ ।

(ख) जग्गाको ब्लुप्रिन्ट/कम्प्यूटर प्रिन्टमा हाइलाइटरले कित्ता प्रष्ट पार्नु पर्नेछ ।

(ग) नक्सामा बाटो छ/छैन हेर्ने, (छैन भने के कारणले नक्सामा बाटो नदेखिएको हो यकीन गरेर मात्र त्यस पछिको कार्यवाहि अघि बढाउनु पर्नेछ । जग्गामा जाने बाटो नक्सा र फिल्ड दुबैमा छैन कि ?, फिल्डमा बाटो छ, नक्सामा मात्र बाटो नभएको हो की ? चार किल्लामा बाटो छ ? फिल्ड र नक्सा दुबैमा बाटो छैन की ? फिल्ड, नक्सा, चारकिल्ला सबैमा बाटो छैन कि ?)

(घ) दिएको विवरण यथार्थ र सत्य छ / छैन प्रमाणहरु बुझ्ने वा संकलन गर्ने र आवश्यक भए फिल्डमा गई बुझ्नु पर्दछ ।

(ङ) कर्जाको लागि धितो दिने घर जग्गाको स्वामित्वको कानूनी पक्ष ठीक छ छैन र निजको भोगचलनको हो/होइन बुझ्ने ।

(च) कर्जाको लागि धितोको ठीक पहिचान गर्न संभव भएसम्म सधियारहरुसंग आवश्यक सोधपूछ गरी नापीको ट्रेस नक्शा बमोजिम नाप जाँच र आकार प्रकारसंग भिडाई यकीन गर्नु पर्नेछ ।

(छ) उक्त जग्गाको मूल्यांकन फर्ममा यथार्थ विवरण भरी चलनचल्ती अनुसार प्रति हात वा फुट वा विगाहा वा रोपनीको हिसाबबाट र अन्य खेतीयोग्य जमिन भए रोपनी तथा विगाहा वा चलनचल्तीको क्षेत्रफलबाट सजिलै बिक्री हुन सक्ने मूल्य कायम गरी प्रतिवेदन कर्जा प्रमुख मार्फत पेश गर्नुपर्नेछ ।

(ज) ब्लुप्रिन्ट/कम्प्यूटर प्रिण्ट र ट्रेस नक्सा कोषबाट सम्बन्धित नापी कार्यालयमा पत्राचार गरेर ऋणीमार्फत लिन लगाउने, अवस्थानुसार कोषको कर्मचारी मार्फत वा सामान्यतः धितो रहने जग्गामा बाटो भएको अवस्थामा कर्जा दिने पक्का भएपछि मात्र चार किल्ला माग गर्ने ।

(झ) घरको नक्सा जग्गाधनीको नाममा रहेको छ / छैन यकीन गर्ने । अन्य व्यक्तिको नाममा रहेको भए नक्सा नामसारी गराए पश्चात मात्र कर्जा प्रवाह सम्बन्धी प्रकृया अघि बढाउने नयाँ घर किन्नेमा घर नामसारीको लागि केहि समय उपलव्ध गराउन सकिन्छ ।

(ञ) लालपूर्जामा घर उल्लेखित छ/छैन हेर्ने । घर समेत धितो जनाउनु पर्नेमा शुरुमा नै पुर्जामा घर उल्लेख गर्न लगाउने । निर्माणाधिन घर धितोमा रहने भए घर धितोमा लिनु अघि पूर्जामा जनाउने र बीमा गराउनु पर्दछ ।

(ट) घरजग्गा सुरक्षणमा रहनेमा घरजग्गाको चालु वर्षसम्मको कर तिरो आदि भूक्तानी गरेको प्रमाण लिएर मात्र कर्जा प्रवाह गर्ने र कर्जा नवीकरण गर्नु पूर्व उक्त कागजातहरु अद्यावधिक गरेर मात्र कर्जा प्रवाह गरिनेछ ।

(ठ) धितो रोक्का, नामसारी, फूकुवा पत्रमा अधिकार प्राप्त कर्मचारीबाट मात्र दस्तखत गर्नु पर्दछ ।

(ड) कर्जा प्रवाह गर्दा धितो सुरक्षण दिनेको श्रीमान/श्रीमतीलाई अनिर्वाय रूपमा व्यक्तिगत जमानीको लिखत गराउने तथा कर्जा तमसूकमा साक्षी राख्ने ।

कारणवश: त्यस्तो कुरा सम्भव नभएमा अवस्थानुसार बुवा, आमा, दाजु, छोराछोरी वा अन्य ब्यक्तिहरुलाई जमानी/साक्षी राख्ने । जमानी बस्नेको नागरिकताको प्रतिलिपी र फोटो राख्ने । यस्तो कुराको सहमती कर्जा तमसूक गर्नु पूर्व गराउनु पर्दछ ।

(ढ) घरजग्गा सुरक्षणमा लिंदाको अवस्थामा अवस्थानुसार संभव भएसम्म सबै हकवालाहरूलाई कर्जा तमसूक र धितो निरीक्षण मुचुल्कामा साक्षी राखेर सुरक्षण राखिने कुराको जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ण) कम्पनीलाई कर्जा प्रवाह गर्दा अचल सम्पत्तिको अतिरिक्त संचालकको व्यक्तिगत धनजमानीको छुट्टै कागज गराई लिई कर्जा प्रदान गर्नु पर्नेछ ।

(त) घर किन्ने वा बनाउने भए त्यसको व्यवसायिक, सामाजिक आदि महत्वको ख्याल गर्नुपर्नेछ ।

(थ) सवारी कर्जाको लागि पेश भएको फाइल ठीक भएमा सिफारिस सहित कर्जा उपसमितिमा पेश गरी कर्जा स्वीकृति भएपछि कर्जाको तमसुक बनाई कर्जा प्रवाह गर्नु पर्नेछ । सवारी साधन कोषको नाममा नामसारी भए पछि कर्जा रकम भुक्तानी गरिनेछ ।

(द) चलअचल सम्पत्ति रोक्का पश्चात सम्बन्धित कर्जाको तमसुक गराई दस्तखत र छाप लगाई लिनु पर्नेछ ।

(ध) कर्जा स्वीकृत भएपछि सम्बन्धित मालपोत कार्यालयबाट आवश्यकता अनुसार धितो बन्धकी रोक्का गरिनेछ ।

(न) अचल सम्पत्ति धितो पास गरी लिनुको साथै उक्त अचल सम्पत्ति कुनै व्यहोराले कोषको फुकुवा पत्र बिना हक छाडी कसैलाई राजीनामा भोग बन्धकी, दृष्टी बन्धकी, बकस पत्र आदि गरी दिन नपाउने गरी रोक्का गर्न पत्र लेखी सम्बन्धित मालपोत कार्यालयबाट रोक्का पत्र लिई फाइलमा राख्नु पर्नेछ ।

(प) धितो बन्धकी पास गरी लिंदा धितोबन्धकी तमसुकमा कर्जा रकम उल्लेख गरी पास गरी लिनु पर्नेछ ।

(फ) अचल सम्पत्ति पास गरी लिए पछि सम्बन्धित कर्जाको तमसुक गराई दस्तखत र छाप लगाई लिनु पर्नेछ ।

**४.३.** कर्जा प्रदान गरिने क्षेत्र कत्तिको सुरक्षित छ, त्यसबाट प्राप्त हुने आम्दानीले कर्जाको सांवा, ब्याजको किस्ता तिर्न पुग्छ/पुग्दैन, वैकल्पिक आम्दानीको श्रोत छ/छैन, कर्जा लिने व्यक्तिको व्यक्तित्व, चरित्र र पारिवारिक स्थिति राम्रो छ /छैन, सुरक्षण वापत लिइने अचल सम्पत्ति प्रयाप्त छ /छैन, कर्जा नउठेमा धितो बिक्री गरेर कर्जा उठ्न सक्छ / सक्दैन, ऋणीको कर्जा तिर्ने बैकल्पिक अवस्था वा परिवारको नाममा थप अचल सम्पत्ति छ / छैन आदि सबैको गहन एवं सुक्ष्म तवरले अध्ययन गरिनु पर्दछ र कर्जा दिन अनुकूल छ भन्ने विश्वास लागेमा मात्र कर्जा प्रदान गर्ने सम्बन्धी अन्य कारवाही अगाडि बढाउनु पर्दछ ।

**४.४.** कर्जा आवेदन पत्रका साथमा उल्लेखित र आवश्यक अन्य कागजातहरु लिएर सो को कानूनी पक्षलाई विचार गरी उचित भएमा कारवाही अगाडि बढाउने र केही कुरामा शंका लागेमा कानूनी सल्लाह, परामर्श लिई स्पष्ट हुनु पर्दछ ।

**४.५.** कर्जा आवेदकलाई कर्जा प्रवाह गर्दा प्रयाप्त धितो सुरक्षण दिन नसक्ने स्थिति भएमा निजलाई एकाघर परिवारका अन्य व्यक्तिको अचल सम्पत्ति धितो सुरक्षण राख्न लगाउनु पर्नेछ ।

**४.६.** परियोजना बिश्लेषण गरी ठीक भएमा मात्र त्यसमा लगानी गर्नु पर्ने छ ।

# परिच्छेद - ५

## कर्जा प्रवाहको सिलसिलामा लिनुपर्ने कागजातहरु

कोषद्वारा तोकिए बमोजिमको कर्जा आवेदन फर्म भरी कर्जा आवेदन दिने आवेदकहरुबाट देहायमा उल्लेख गरिए वमोजिमका सबै वा आवश्यकता अनुसारका कागजातहरु तथा सूचनाहरु माग गरिनेछ । ग्राहकसँगको वार्ताको आधारमा थप कागजातहरु तथा सूचनाहरु समेत माग गर्न सकिने छ ।

### ५.१ सहभागी कर्जाका आवेदकले पेश गर्नु पर्ने कागजातहरु

(क) हालसालै खिचेको पासपोर्ट साईजको फोटो । ( कर्जा आवेदक र जमानी दिनेको )

(ख) नेपाली नागरिकताको प्रतिलिपि । (निवेदक, जमानी दिनेको नागरिकता आफैले प्रमाणित गरेको हुनुपर्ने)

(ग) सहभागीलाई कोषले प्रदान गरेको परिचय पत्रको प्रतिलिपि ।

(घ) सहभागी कार्यरत कार्यालयबाट प्रमाणित गरिएको सहभागीको हालको शुरु तलब स्केल, नियुक्ति र अवकाश मिति खुलेको पत्र एवं अन्य मासिक आम्दानी खुल्ने कागजात ।

(ङ) धितो दिने जग्गाको लालपूर्जा ।

(च) चालु आर्थिक वर्षको मालपोत/बाली/तिरो तिरेको रसिद ।

(छ) जग्गाको नापी (ट्रेस) नक्सा ।

(ज) धितोमा राख्ने जग्गाको चार किल्ला र जग्गासंग जोडिएको बाटोको चौडाई उल्लेख भएको वडा कार्यालयको प्रमाणित पत्र ।

(झ) घर/जग्गा नामसारी भई आएको लिखतको प्रतिलिपि (राजिनामा पास, अंशवण्डा र बकसपत्र आदि)

(ञ) धितो रहने घरको चालु आ.व.को कर तिरेको रसिदको प्रतिलिपि ।

(ट) सहभागीको आफ्नो धितो नभई एकाघर परिबारका सदस्यको धितोबाट कर्जा प्रदान गरिने भएमा धितो दिने व्यक्तिको सनाखत सहितको धितो मंजुरीनामाको लिखत र सहभागी र जमानी दिने व्यक्ति बीच नाता खुलेको प्रमाणित कागज ।

(ठ) घरको बीमा गरिएको कागजात ।

(ड) नयाँ घर निर्माण गर्ने वा तला थप गर्ने भएमा सम्बन्धित नगरपालिकाबाट प्राप्त घर निर्माण इजाजतपत्र र घरको तला थप स्वीकृत नक्सा ।

(ढ) घर निर्माण/मर्मत लागत विवरण इन्जिनियरबाट स्वीकृत गराउनु पर्ने ।

(ण) घर खरीद गर्न कर्जा माग भएमा खरीद गरिने घरको स्वीकृत नक्सा, घर निर्माण सम्पन्न प्रमाण पत्र, घर जग्गा कर तिरेको रसिद र जग्गाधनी प्रमाण पुर्जाको साथै घरधनीको बैनाबट्टाको सम्झौता / इच्छापत्र वा करारनामाको प्रतिलिपी, नागरिकता, घरधनी सहितको घरको फोटो ।

(त) सवारी कर्जाको हकमा माथि उल्लेखित सि.नं (क) देखि (घ) सम्मका कागजातको अतिरिक्त निम्न लिखित कागजातहरु लिनु पर्नेछ ।

(१) डिलर वा विक्रेताको कोटेशन ।

(२) सवारी साधनको ब्लुबुक/कर बुक ।

(३) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।

(४) सवारी साधनको बीमा गरेको कागजातहरु ।

(थ) शैक्षिक कर्जाको हकमा माथि उल्लेखित सि.नं (क) देखि (ठ) सम्मका कागजातका अतिरिक्त निम्न लिखित कागजातहरु लिनु पर्नेछ ।

(१) अध्ययन गर्ने संस्था, विषय, अवधि आदि समेत खुलाई सम्बन्धित विश्वविद्यालय/कलेज/शिक्षण संस्थाबाट सम्बन्धित तहमा भर्ना वा अध्ययनका लागि जारी गरिएको स्वीकृति पत्र र सम्बन्धित विश्वविद्यालय/कलेजमा अध्ययन गर्न लाग्ने विविध शुल्कसम्बन्धी पत्र वा शिक्षण संस्थाबाट जारी गरिएको प्रस्पेक्टस पुस्तिका ।

(२) अध्ययन गर्न जाने सहभागी स्वयं वा सहभागीका पति/पत्नी/छोरा/छोरीले कम्तीमा प्रमाणपत्र तह/उच्च माध्यमिक तह (१०+२) वा सो सरह उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र चारित्रिक-प्रमाणपत्रका प्रतिलिपिहरु ।

(३) विदेशमा अध्ययन गर्न जाने व्यक्तिको हकमा म्याद ननाघेको पासपोर्टको प्रतिलिपि ।

(४) विदेशमा अध्ययन गर्नका लागि शिक्षा मन्त्रालयबाट दिइने इजाजत वा नो अब्जेक्शन पत्र (No Objection Letter) को प्रतिलिपि ।

(द) सहभागी कर्जाका आवेदकले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) उपलब्ध गराउनु पर्ने छ ।

◊(ध) शेयर धितो कर्जाका आवेदकले पेश गर्नुपर्ने कागजातहरु परिच्छेद-१० (क) मा उल्लेख गरिए बमोजिम हुनेछ ।

## ५.२ अन्य कर्जा (परियोजना / व्रिज ग्याप / सहवित्तीयकरण) आवेदकले पेश गर्नु पर्ने कागजातहरु

(क) यस कार्यविधिले तोकेका सबै व्यवस्थाहरु मान्य रहेको व्यहोरा समेत उल्लेख गरी कम्पनी/संस्थाको आधिकारिक व्यक्तिको दस्तखत भएको कर्जा आवेदन पत्र ।

(ख) परियोजना कर्जाका लागि विस्तृत अध्ययनको प्रतिवेदन ।

(ग) कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) स्थायी लेखा नं. / मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(च) कम्पनी/संस्थाको प्रबन्धपत्र तथा नियमावली तथा विनियम (पछिल्लो संशोधन सहित) ।

(छ) वाताबरणीय मूल्याङ्कन प्रतिबेदन, वित्तीय प्रक्षेपण सहितको प्रतिवेदन र कर्जा लिने सम्बन्धमा सम्बन्धित कम्पनी/संस्थाको संचालक समितिको निर्णय ।

(ज) संस्थापक शेयर धनीहरुको नामावली सहित चुक्ता पूँजीको विवरण ।

(झ) धितो सुरक्षण दिने अचल सम्पत्तिको स्वामित्व सम्बन्धी लिखतको प्रतिलिपी, जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी, घर/जग्गाको नक्सा, निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी र तिरो तिरेको रसिदको प्रतिलिपी ।

(ञ) कर्जा कारोवार गर्न दिइएको अख्तियारनामा ।

(ट) कम्पनी/संस्थाको गत तीन आ.व.को लेखापरीक्षण प्रतिवेदन ।

(ठ) संचालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ड) कर्जाको लागि धितो दिने सम्पूर्ण स्थिर सम्पत्तिको विस्तृत विवरण सहितको मुल्याङ्कन प्रतिवेदन ।

(ढ) परियोजना विश्लेषणको क्रममा स्थलगत निरीक्षण, आन्तरिक लेखापरीक्षण, प्राविधिक मूल्यांकन र विज्ञहरुको पारिश्रमिक आदिमा लाग्ने खर्च ऋणी कम्पनी/संस्था स्वयम्ले नै व्यहोर्नेछ र कर्जा अस्वीकृत भएमा वा परिमार्जन भएमा समेत मञ्जुरी हुनेछ भन्ने व्यहोराको पत्र ।

(ण) कर्जा सूचना केन्द्रबाट कम्पनी/संस्था, संस्थापक तथा संचालक कालोसूचीमा नभएको विवरण ।

(त) विदेशी कम्पनी/संस्था संलग्न भएको संयुक्त लगानीको परियोजनाको निमित्त थप आवश्यक कागजातहरु :

(१) सम्बन्धित विदेशी राष्ट्रको केन्द्रीय बैंकले जारी गरेको सहमतीपत्र ।

(२) विदेशी कम्पनीलाई कर्जा लगानी गर्न नेपाल सरकारको सम्बन्धित निकायले दिएको स्वीकृतिपत्र ।

(३) विदेशी संगठित कोषले गर्ने वा गरेको लगानीको हिस्सा प्रमाणित गर्ने कागजात ।

(४) विदेशी संगठित संस्था र स्वदेशी कम्पनी/संस्था बीच भएको संयुक्त लगानी संझौता (Joint Venture Agreement) ।

### ५.३ सुरक्षण जमानी दिनेसँग लिनुपर्ने कागजातहरु

(क) हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।
(ख) नेपाली नागरिकताको प्रतिलिपि ।
(ग) ब्यक्तिगत विवरण ।
(घ) मञ्जुरीनामा ।
(ङ) कोषले आवश्यक सम्झी माग गरेका अन्य कागजातहरु ।

### ५.४ व्यक्तिगत जमानी दिनेसँग लिनुपर्ने कागजातहरु

(क) हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।
(ख) नेपाली नागरिकताको प्रतिलिपि ।
(ग) ब्यक्तिगत विवरण ।
(घ) आर्थिक हैसियत खुल्ने कागजातहरु ।
(ङ) कोषले आवश्यक सम्झी माग गरेका अन्य कागजातहरु ।

# परिच्छेद-६

## कर्जा स्वीकृत गर्ने निकाय तथा अख्तियारी सम्बन्धी व्यवस्था

**६.१. कर्जा उपसमिति :** कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा देहाय वमोजिमका पदाधिकारीहरु रहेको ५ (पाँच) सदस्यीय कर्जा उपसमिति रहने छ ।

(क) कार्यकारी निर्देशक - संयोजक
(ख) नायब कार्यकारी निर्देशक - सदस्य
(ग) सम्बन्धित विभागका प्रमुख - सदस्य
(घ) कोषको कानून हेर्ने अधिकृत - सदस्य
(ङ) महाशाखा / शाखा प्रमुख - सदस्य सचिव

स्पष्टीकरण : सहभागी कर्जाको हकमा कर्जा शाखाको प्रमुख र अन्य कर्जाको हकमा लगानी महाशाखा प्रमुख सदस्य सचिव हुनेछन् ।

### ६.२. कर्जा उपसमितिको काम, कर्तव्य र अधिकार

(क) कर्जा उपसमितिको अधिकार क्षेत्र भित्रका कर्जा स्वीकृत, नवीकरण गर्ने ।
(ख) आवश्यकता अनुसार कर्जा पुनरावलोकन गर्ने ।
(ग) कोषबाट प्रवाहित कर्जाको अवस्थाबारे समय समयमा संचालक समितिलाई जानकारी गराउने ।
(घ) कर्जा उपसमितिबाट भएको निर्णयको माइन्युट बनाई राख्ने ।
(ङ) कर्जा कार्यबिधि सामयिक रुपमा संशोधनका लागि संचालक समितिमा पेश गर्ने ।
(च) प्रदेश/शाखा कार्यालय स्तरीय कर्जा उपसमिति गठन गर्ने तथा निश्चित रकम सम्मको कर्जा स्वीकृति गर्न र कर्जा नवीकरण गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने ।
(छ) कर्जा शाखाको विश्लेषण, राय प्रतिकृया र सिफारिसको आधारमा आफ्नो अख्तियारी भन्दा बढिका कर्जा स्वीकृतिका लागि संचालक समितिमा सिफारिस गर्ने ।
(ज) संचालक समितिद्वारा तोकिए बमोजिम कर्जाको ब्याजदर कार्यान्वयन गराउने ।
(झ) ऋणी कम्पनी / संस्थाले सम्पूर्ण साँवा / ब्याज चुक्ता गरेमा पेनाल (हर्जना) ब्याज छुट दिनु पर्ने कारण तथा आधार सहित स्वीकृतिको लागि संचालक समितिमा सिफारिस गर्ने ।
(ञ) हर्जाना ब्याजलाई निश्चित अवधिसम्म फ्रिज गरी साँवा भुक्तानीको मिति पर सारी (डिफर गरी) कर्जा पुनःसंरचना गर्न कारण तथा आधार सहित स्वीकृतिको लागि संचालक समितिमा सिफारिस गर्ने । त्यस्तो फ्रिज भएको हर्जना ब्याज मिनाहाको लागि संचालक समितिमा सिफारिस गर्ने ।
(ट) ऋणी कम्पनी / संस्थाले निर्धारित समयभित्रै साँवा ब्याजको किस्ता बुझाएमा निर्धारित ब्याजदरमा ०.५ प्रतिशतसम्म ब्याज छुट दिन सक्ने ।

(ठ) सेवा शुल्क निर्धारण गर्न र सेवा शुल्कमा आंशिक छुट दिन आवश्यक देखिएमा कारण तथा आधार समेत खुलाई निर्णय गर्ने ।

(ड) कर्जा लगानी गर्ने निर्णय माइन्युट, कर्जा सम्झौता, धितो रजिष्ट्रेशनको लिखत, मूल्यांकन प्रतिवेदन, बीमा प्रलेख लगायत ऋणी कम्पनी/संस्थासँग सम्बन्धित सम्पूर्ण कागजातहरुको सक्कल प्रति सम्बन्धित शाखा /महाशाखालाई सुरक्षित राख्न लगाउने ।

(ढ) सहवित्तीयकरण बैठकको निर्णयानुसार कर्जाको ब्याजदर सिफारिस गर्ने, सेवा शुल्क निर्धारण गर्ने र सेवा शुल्कमा छुट दिने ।

(ण) सहवित्तीयकरण कर्जा सम्बन्धमा समितिले तोकेका र अख्तियारी प्रदान गरेका अन्य कार्य गर्ने ।

(त) यस कार्याविधी अनुसार आवश्यक पर्ने अनुसूचीहरु स्वीकृत गर्ने एवं परिमार्जन गर्ने ।

## ६.३. बैठकको गणपुरक संख्या

(क) कर्जा उपसमितिको बैठकमा संयोजक सहित कूल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

◇(ख) हटाईएको

(ग) बैठकको निर्णय सामान्यतः सर्वसम्मतिका आधारमा हुनेछ ।

## ६.४. कर्जा स्वीकृति सम्बन्धी अख्तियारी

कोषबाट प्रवाह हुने कर्जा स्वीकृति गर्ने अख्तियारी निम्न वमोजिम हुनेछ ।

| क.स. | तह | सीमा |
|---|---|---|
| १. | कर्जा उपसमिति | ◇ रु. १ करोड ५० लाख सम्मका कर्जा |
| २. | संचालक समिति | ◇ रु. १ करोड ५० लाख माथिका कर्जा |

## परिच्छेद - ७
## सहभागी कर्जा

कोषका विभिन्न योजनाहरुमा आवद्ध भएका सहभागीहरुलाई धितो सुरक्षण लिएर प्रवाह गरिने कर्जाहरु यस शिर्षकमा समेटिएको छ। सहभागी कर्जा अर्न्तगत आवास कर्जा, सरल कर्जा, सवारी कर्जा र शैक्षिक कर्जा पर्दछन् ।

### ७.१ सहभागी कर्जा लिन योग्य सहभागी

(क) सहभागी भई कोष कट्टी गरेको कम्तीमा दुई वर्ष पुरा भएको वा सम्बन्धित योजनाको कार्यबिधिमा उल्लेखित समय सीमा पुरा भएको ।

(ख) रोजगारहरुको हकमा नोकरी गर्ने सेवा अवधि कम्तीमा पाँच बर्ष बाँकी रहेको, वा स्वरोजगारको हकमा पेन्सन शुरु हुनु कम्तीमा ५ बर्ष अवधि बाँकी रहेको ।

➢ तर, सरलकर्जाको लागि ६ महिना र आवाश कर्जाको लागि २ बर्ष नोकरी गर्ने सेवा अवधि बाँकी रहेको भए कर्जा लिन योग्य मानिनेछ ।

(ग) सहभागीले विशेष सापटी समेत उपयोग गरिरहेको भए तिर्न बाँकी रहेको सहभागी सापटी बाहेकको अन्य कर्जा रकम सहित रु. एक करोडमा ननाघ्ने गरी कर्जा माग पेश भएको ।

(घ) कोषबाट लिएका अन्य कर्जा नियमित रहेको ।

**०७.३ सहभागी कर्जाको सीमाः** एक वा एक भन्दा बढी सहभागी कर्जा उपभोग गर्ने कर्जाको अधिकतम् सीमा २ करोड हुनेछ ।

**७.४. आवास कर्जाको प्रयोजन :** आवास कर्जा देहायको प्रयोजनका लागि उपलब्ध गराईने छ ।

(क) नयाँ घर निर्माण,

(ख) आवासीय घर/जग्गा तथा फ्ल्याट खरीद,

(ग) आवासीय प्रयोजनको लागि जग्गा खरीद,

(घ) आवासीय घरको तला थप,

(ङ) प्रिफ्याब्रिकेशन घर निर्माण,

(च) घर मर्मत/पुनरसंरचना/पुनर्सबलीकरण (रेट्रोफिटिङ्ग),

(छ) फ्ल्याट खरीद ,

(ज) घर सजावट तथा इन्टेरियर

### ७.४.१ आवास कर्जा प्रदान गरिने घर जग्गाको थप मापदण्ड

(क) सहभागीले खरीद/निर्माण/मर्मत/सजावट गर्ने घरको हकमा उक्त घर निर्माण हुने कित्ताको जग्गाको पुरै क्षेत्रफल र सो जग्गामा बनेको घरको समेत तथा फ्ल्याटको हकमा उक्त फ्ल्याटले चर्चेको क्षेत्रफल सहितको घर/फ्ल्याट नै यस कर्जाको लागि मुख्य धितो हुनेछ ।

खरीद वा निर्माण हुने घर जग्गाको मुल्याङ्कनले मात्र कर्जालाई नखाम्ने भएमा सहभागी ऋणीहरुसँग थप धितो सुरक्षण माग गर्नु पर्नेछ ।

(ख) निर्माण, खरीद वा मर्मत गरिने घर महानगरपालिका, उप महानगरपालिका, नगरपालिका, गाँउपालिका अन्तरगतको नगर उन्मुख स्थानहरु र नगर विकास परियोजना लागू भएका क्षेत्रभित्र रहेको हुनु पर्नेछ । तयारी घर तथा फ्ल्याट खरीद  गरिने भए नियमानुसार नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र लिएको हुनु पर्नेछ ।

(ग) भवन निर्माण आचार संहिता अनुसार महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउ पालिकाबाट इजाजत पाई नयाँ घर निर्माण गर्न वा निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त घर खरीद गर्नको लागि कर्जा प्रदान गरिनेछ । त्यस्ता घर जग्गालाई कम्तीमा १० फिटको बाटोले छोएको हुनु पर्दछ । यस्तो अबस्थामा ५ फिट सेट ब्याक (Set Back) हुनु पर्नेछ ।

(घ) घर जग्गा वा   फ्ल्याट  वा आवासीय प्रयोजनको लागि जग्गा खरीद गर्दा उक्त सम्पत्ति बिक्री गर्ने व्यक्तिका कानूनी हकदारहरुले वडा कार्यालयको रोहवरमा गरिदिएको विक्री गर्ने मन्जुरीनामा पेश गर्नु पर्नेछ । साथै खरीदकर्ताले उक्त सम्पत्ति आफ्नो नाममा लिखत पारित गर्दा कर्जा रकम भन्दा कम नहुने गरी थैली रकम कायम गर्नु पर्ने छ ।

(ङ) धितो सुरक्षणमा लिइने अचल सम्पत्ति सम्बन्धी न्युनतम कानुनी आधारहरु परिच्छेद-१२ मा व्यवस्था भएबमोजिम हुनेछ ।

## ७.४.२. आवास कर्जा सीमा

◇(क) कोषलाई मान्य हुने धितो लिई सहभागीको हाल कार्यरत तहको शुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. १ करोड मध्ये जुन कम हुन्छ त्यती रकम सम्म कर्जा प्रदान गर्न सकिनेछ । तर, पति/पत्नी दुवै जना कोषको सहभागी भएमा दुवै जनाको तलबमानको आधारमा रु. १ करोड ५० लाख रकमसम्म कर्जा प्रदान गर्न सकिने छ ।

∆(ख) आवास कर्जा प्रदान गर्दा माथि ७.४.२ (क) को सीमा भित्र रहने गरी धितोको स्वीकार्य मूल्याङ्कन रकम (Distress Value) र आवास निर्माणको अनुमानित लागत (Estimated Cost) को ७० प्रतिशत रकमसम्म मात्र कर्जा सीमा स्वीकृत गर्न सकिनेछ ।

(ग) घर मर्मत/पुनरसंरचना/पुनर्सबलीकरण (रेट्रोफिटिङ) र घर सजावट (घरभित्रको फर्निचर तथा फिनिसिङ, इन्टेरियर) को लागि अधिकतम रु.२५ लाखसम्म कर्जा रकम प्रदान गर्न सकिनेछ ।

◇(घ) जग्गा खरिदको हकमा रु. ७५ लाख वा कार्यरत तहको शुरु तलबमानको २० वर्षको रकम मध्ये जुन कम छ सोही बराबर अधिकतम सीमा कायम गरिनेछ । यसरी कर्जा प्रबाह गर्दा अधिकतम सीमा भित्र रही प्रस्तावित धितोको मुल्यांकित रकम (Distress Value) को ६० प्रतिशत वा बैना लिखतमा उल्लेखित थैली रकमको ६० प्रतिशत जुन कम हुन्छ सोही बराबर गर्नु पर्नेछ ।

## ७.४.३ आवास कर्जाको भुक्तानी अवधि :

(क) आवास कर्जाको किस्ता भुक्तानी अवधि सहुलियत अवधि सहित अधिकतम २० वर्षको हुनेछ । तर, कुनै सहभागीको नोकरी अवधि २० वर्षभन्दा कम भएमा बाँकी नोकरी अवधिसम्मको लागि मात्र कर्जा भुक्तानी अवधि कायम गरिनेछ । सहभागी ऋणीले कर्जा अवधि २० वर्षभन्दा कम कायम गर्न चाहेमा कम अवधिको लागि कर्जा लिन सक्नेछन ।

(ख) सहभागीले कर्जा चुक्ता गरे पश्चात घरजग्गा धितोको हकमा तोकिए बमोजिमको धितोको रोक्का फुकुवा गरी दिने पत्र सम्बन्धित मालपोत कार्यालयमा र अन्य धितोको हकमा सम्बन्धित निकायमा धितो फुकुवा पत्र पठाई रोक्का फुकुवा गरी दिनु पर्नेछ ।

## ७.४.४. कर्जा लगानी प्रकृया :

(क) कर्जाको सुरक्षण वापत कोषले अचल सम्पत्तिको धितोबन्धक पारित लिखत र रोक्का पत्र प्राप्त गरेपछि स्वीकृत कर्जा रकम उपलब्ध गराउनु पूर्व कर्जा शाखाले सहभागीले कोषद्वारा संचालित कार्यक्रमहरुमा जम्मा भएको रकम रोक्काका लागि सम्बन्धित शाखामा पठाउनु पर्नेछ । सम्बन्धित शाखाले कोष रकम रोक्का गरेको विवरण खुलाइएको पत्र अभिलेखको लागि कर्जा शाखामा पठाउनु पर्नेछ ।

(ख) सहभागी ऋणीले कोषबाट कर्जा लिए वापत सहभागी ऋणीसँग कोषले आन्तरिक तमसुक र एकाघर परिवारको सम्पत्ति धितो सुरक्षणमा लिएको अवस्थामा धितोदातासँग व्यक्तिगत जमानी पत्र समेत गराई राख्नु पर्नेछ ।

(ग) कर्जा प्रवाह गर्नुपूर्व धितोबन्धक पारित लिखत, रोक्का पत्र, शेयर रोक्काको कागज, कोषमा जम्मा गरेको रकम रोक्का पत्र, कर्जाको आन्तरिक तमसुक, जमानी पत्र, सहभागी ऋणी र कोषबीच भए बमोजिमको सम्झौता-पत्र, धितो मुल्याङ्कन प्रतिवेदन, जग्गाधनीको मंजुरीनामा, जग्गाधनी प्रमाणपुर्जाको सक्कल प्रति, तिरो तिरेको रसिद, नापी नक्सा र ट्रेस नक्सा, चार किल्ला प्रमाणित पत्र, घरसमेत धितोमा रहने भए स्वीकृत नक्सा र घरको निर्माण सम्पन्न प्रमाण पत्र रुजु गरी सम्बन्धित कर्जा फाइलमा समावेश गर्नु पर्नेछ ।

◇(घ) नयाँ घर निर्माण गर्दा दोस्रो किस्ता दिनुपूर्व सहभागीले कोष लाभान्वित हुने गरी कम्तिमा कर्जा रकम बराबरको बीमा गराउनु पर्नेछ ।

◇(ङ) खरिद गरिने घर, जग्गा र फ्ल्याटको लागि स्वीकृत कर्जा  भुक्तानी दिनु पर्ने भएमा खरिद गरिने प्रयोजनको घर, फ्ल्याट, जग्गा, सहभागी ऋणीको नाममा राजिनामा पास भए पश्चात कोषको नाममा धितो बन्धक पास र रोक्का भए पछि सहभागी ऋणीलाई एकाउन्ट पेयी (Account Payee) चेक मार्फत वा अन्य विद्युतीय माध्यमद्वारा भुक्तानी दिइनेछ ।

(च) नयाँ घर निर्माण वा विद्यमान घरमा तला थप/मर्मत/सजावट गर्ने भएमा स्वीकृत कर्जा कम्तीमा २ किस्तामा प्रदान गरिने छ । प्रथम किस्ताको रकम कुल स्वीकृत कर्जाको बढीमा ५० प्रतिशत  हुनेछ । स्वीकृत कर्जा रकम ६० लाख भन्दा बढी भएमा तीन किस्ता कायम गरी प्रदान गरिनेछ । कर्जा सदुपयोगिता निरीक्षण प्रतिवेदनको आधारमा बाँकी किस्ता प्रदान गरिनेछ ।

(छ) घर निर्माण प्रयोजनका लागि प्रथम किस्ता प्रदान गर्दा सहभागीको स्वलागतमा डी.पी.सी. लेभलसम्मको कार्य सम्पन्न भएको हुनुपर्नेछ ।

(ज) रजिष्ट्रेशन दस्तुर, धितो मुल्याङ्कन शुल्क लगायत अन्य लाग्ने शुल्कहरु सहभागी ऋणी स्वयंले बुझाउनु पर्नेछ ।

(झ) आवाश कर्जा नवीकरण वा रिभल्विङ (Revolving) गर्न पाइने छैन । तर कर्जाको भुक्तानी अवधिभित्र कर्जा चुक्ता गरे तापनि कोषको नाममा उक्त घर जग्गा यथावत रोक्का रही रहेको अवस्थामा उक्त घर जग्गाको पुनः मुल्याङ्कन गरी तोकिएको शुल्क समेत लिई पूर्व स्वीकृत सीमासम्म घर मर्मत/सजावट/सरल कर्जा पुनः प्रदान गर्न सकिनेछ ।

## ७.४.५.कर्जा भुक्तानी प्रक्रिया :

(क) सहभागी ऋणीको आयश्रोत र भुक्तानी अवधि बिश्लेषण गरी ऋणीसँगको सहमतीमा किस्ता निर्धारण गरिनेछ । आवास कर्जाको किस्ता भुक्तानी मासिक, त्रैमासिक वा अर्धबार्षिक हुनेछ ।

(ख) कर्जाको सावाँ ब्याजको किस्ता भुक्तानी तालिका ऋणीको किस्ता भुक्तानी गर्न सक्ने अवस्थालाई समेत बिश्लेषण गरिएको आधारमा कर्जा स्वीकृत गर्ने निकायले तोके बमोजिम ऋणीले स्वीकार गरे बमोजिम हुनेछ ।

(ग) ऋणीले तोकिए बमोजिमको किस्ता रकम समयमा चुक्ता गर्न नसकेमा कारण सहितको निबेदन लिई कर्जा उप समितिलाई उपयुक्त लागेमा कर्जा भुक्तानीको पुनरतालिकीकरण गर्न सक्नेछ ।

(घ) कर्जाको पाकेको ब्याज सहितको किस्ता आर्थिक वर्षको आषाढ मसान्तभित्र चुक्ता गरेमा त्यस्ता कर्जालाई नियमित कर्जा मानी असल कर्जाको रुपमा गणना गरिनेछ ।

◊(ङ) सहभागी ऋणीले कर्जाको साँवा ब्याज रकम तोकिएको बैंक खातामा जम्मा गरी सो को भौचर वा रकम जम्मा गरेको प्रमाण कोषमा पेश गर्नु पर्नेछ । कोषको नाममा खिचिएको बैंक चेक मार्फत पनि कर्जाको साँवा ब्याज तिर्न सक्नेछ । उक्त बैंकको चेक वा बिद्युतीय ट्रान्सफरका बिभिन्न माध्यम मध्ये कुनै पनि माध्यमबाट कोषको खातामा जम्मा भएको एकिन गरी सोही मितिलाई आधार मानी साँवा ब्याज कट्टा गरिने छ । सहभागी ऋणीले स्वीकृत कर्जाको म्याद अगावै तोके बमोजिमको अग्रिम शुल्क तिरेर भुक्तानी म्याद अगाडी नै कर्जा चुक्ता गर्न सक्नेछ । तर अनिबार्य अवकाश र मृत्यु भएको अवस्थामा आवास कर्जाका ऋणीको हकमा समेत अग्रिम भुक्तानी शुल्क लाग्ने छैन ।

**७.५ सरल कर्जाको प्रयोजन :** सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक लगायतका व्यक्तिगत प्रयोजन सम्वन्धी कार्यका लागि सरल कर्जा उपलब्ध गराइने छ ।

## ७.५.१ सरल कर्जाको लागि धितोको थप मापदण्ड :

(क) सहभागी ऋणीको वालिग सदस्यको नाममा दर्ता रही पूर्ण हक, भोग, स्वामित्व कायम रहेको महानगरपालिका, उप महानगरपालिका, नगरपालिका, नगर उन्मुख गाँउपालिकाको

कोषले उपयुक्त देखेका स्थानहरु र नगर विकास परियोजना लागु भएका क्षेत्रभित्रको घर जग्गा धितोमा लिइनेछ ।

(ख) धितोमा लिइने घरजग्गा वा जग्गामा पुग्ने न्युनतम १० फिटको बाटो कायम भई ५ फिट सेट ब्याक ( **Set Back )** भएको हुनु पर्नेछ । यदि प्रस्तावित धितो जग्गा मात्र भएमा चार किल्ला छुट्टिने गरी कम्पाउण्ड वाल **(Compound Wall** ) लगाएको हुनु पर्नेछ ।

(ग) धितो सुरक्षणमा लिइने अचल सम्पत्ति सम्बन्धी न्युनतम कानुनी आधारहरु परिच्छेद-१२ मा व्यवस्था भएबमोजिम हुनेछ ।

## ७.५.२ कर्जा सीमा

◇(क) कर्जाको न्यूनतम सीमा रु. पाँच लाख र अधिकतम सीमा रु. पचास लाख हुनेछ । एउटै ऋणीलाई पटक पटक सरल कर्जा प्रवाह गर्नु पर्ने अवस्थामा एक पटकमा रु ५ लाख भन्दा कम कर्जा स्वीकृत गरिने छैन ।

(ख) स्वीकृत सीमाभित्र रही अन्तिम भुक्तानी अवधिसम्म पटक पटक कर्जा लिन र जम्मा गर्न सकिनेछ ।

(ग) तोकिएको मापदण्ड पुरा भएको र ऋणीले कर्जा नवीकरणको लागि माग गरेको अवस्थामा कोषले उपयुक्त ठानेमा कर्जा नवीकरण गर्न सक्नेछ ।

## ७.५.३. कर्जाको भुक्तानी अवधि :

◇(क) कर्जा भुक्तानी अवधि बाँकी सेवा अवधिमा नबढ्ने गरी अधिकतम ५ वर्ष हुनेछ । नोकरी अबधि भित्र कर्जा नबिकरण गर्न सकिनेछ ।

◇(ख) सरल कर्जा रिभोल्भिंग प्रकृतिको हुनेछ । स्वीकृत सीमा भित्रको कर्जा उपयोग गर्दा सेवा शुल्क लिइने छैन ।

## ७.५.४.कर्जा लगानी प्रकृया

(क) कर्जाको सुरक्षण वापत कोषले अचल सम्पत्तिको धितोबन्धक पारित लिखत र रोक्का पत्र प्राप्त गरेपछि स्वीकृति कर्जा रकम उपलब्ध गराउनुपूर्व कर्जा शाखाले कोषद्वारा संचालित कार्यक्रमहरुमा जम्मा भएको सहभागीको रकम रोक्काका लागि पत्र सम्बन्धित शाखामा पठाउनु पर्नेछ । सम्बन्धित शाखाले कोष रकम रोक्का गरेको विवरण खुलाई पत्र अभिलेखको लागि कर्जा शाखामा पठाउनु पर्नेछ ।

(ख) सहभागी ऋणीले कोषबाट कर्जा लिए वापत सहभागी ऋणीसँग कोषले आन्तरिक तमसुक र एकाघर परिवारको सम्पत्ति धितो सुरक्षणमा लिएको अवस्थामा धितोदातासँग ब्यक्तिगत जमानी पत्र समेत गराई राख्नु पर्नेछ ।

(ग) कर्जा प्रदान गर्नुपूर्व धितोबन्धक पारित लिखत, रोक्का पत्र, शेयर रोक्काको कागज, कोषद्वारा संचालित कार्यक्रमहरुमा जम्मा भएका रकमको रोक्का पत्र, कर्जाको आन्तरिक

तमसुक, जमानी पत्र, सहभागी ऋणी र कोषबीच भए बमोजिमको सम्झौता-पत्र, धितो मुल्याङ्कन प्रतिवेदन, जग्गाधनीको मंजुरीनामा, जग्गाधनी प्रमाणपुर्जाको सक्कल प्रति, तिरो तिरेको रसिद, नापी नक्सा र ट्रेस नक्सा, चार किल्ला प्रमाणित पत्र, घरसमेत धितोमा रहने भए स्वीकृत नक्सा र घरको निर्माण सम्पन्न प्रमाण पत्र रुजु गरी सम्बन्धित कर्जा फाइलमा समावेश गर्नु पर्नेछ ।

(घ) घर समेत धितो सुरक्षणमा रहेको भए कोष लाभान्वित हुने गरी घरको बीमा गराउनु पर्नेछ । बीमा गर्दा लाग्ने प्रिमियम तथा नवीकरण शुल्क सम्बन्धित सहभागी ऋणीले नै बुझाउनु पर्नेछ । बीमा पोलिसीको सक्कल प्रति  कोषबाट कर्जा प्रबाह हुनु अघि र बीमा पोलिसीको म्याद समाप्त (Policy mature) हुनु ७ दिन अघि नवीकरण गरी कोषमा बुझाउनु पर्नेछ । ऋणीले समयमा प्रिमियम नबुझाएको कारणले कोषले बीमा रकम भुक्तानी गरेमा सो को साँवा व्याज ऋणीको कर्जा खातामा खर्च लेखी कोषले असुल उपर गर्नु पर्नेछ ।

(ङ) कर्जा प्रबाह गरेको मितिबाट बार्षिक रुपमा अनिबार्य कर्जा नवीकरण गर्नु पर्नेछ । नवीकरण शुल्क वापतको रकम कोषको केन्द्रीय हिसावमा गैर ब्याज आम्दानी वा अन्य आम्दानी शिर्षक अन्तरगत लेखांकन गरिनेछ । ऋणीले समयमा नवीकरण शुल्क नबुझाएमा कोषले नवीकरण शुल्क बापतको रकम  ऋणीको कर्जा खातामा खर्च लेखी कोषले असुल उपर गर्नु पर्नेछ ।

(च) स्वीकृत कर्जा भुक्तानीका लागि कर्जा शाखाले लेखा शाखालाई लेखी पठाउनु पर्नेछ ।

∆(छ) कर्जा स्वीकृत भएको **६** महिनासम्म पनि सहभागी ऋणीले स्वीकृत कर्जा उपयोग नगरेमा स्वीकृत कर्जा रकम रोक्का गरिनेछ ।

(ज) रजिष्ट्रेशन दस्तुर, धितो मुल्याङ्कन शुल्क लगायत अन्य लाग्ने शुल्कहरु सहभागी ऋणी स्वयंले बुझाउनु पर्नेछ ।

(झ) सहभागी ऋणीले एक पटकमा कम्तीमा स्वीकृत कर्जा रकमको २५ प्रतिशत रकम उपयोग गर्नु पर्नेछ ।

### ७.५.५.कर्जाको भुक्तानी प्रक्रिया :

(क) सहभागी ऋणीले कर्जाको साँवा ब्याज रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको भौचर  वा रकम जम्मा गरेको प्रमाण कोषमा पेश गर्नु पर्नेछ । कोषको नाममा खिचिएको बैंक चेकमार्फत पनि कर्जाको सावाँ ब्याज तिर्न सक्नेछ । उक्त बैंकको चेक वा बिद्युतीय ट्रान्सफरका बिभिन्न माध्यम मध्ये कुनै पनि माध्यमबाट कोषको खातामा जम्मा भएको यकीन गरी सोही मितिलाई आधार मानी सावाँ ब्याज कट्टा गरिनेछ । सहभागी ऋणीले स्वीकृत कर्जाको म्याद अगावै तोके बमोजिमको अग्रिम शुल्क तिरेर भुक्तानी म्याद अगाडी नै कर्जा चुक्ता गर्न सकिने छ  तर, ऋणी सेवाबाट अवकास भएको कारणले कर्जा चुक्ता गर्न आएमा कर्जाको कर्जा रकम असुल उपर गर्दा अतिरिक्त शुल्क लाग्ने छैन । सहभागीले कर्जा चुक्ता गरे पश्चात घरजग्गा धितोको हकमा तोकिए बमोजिमको धितोको रोक्का फुकुवा गरी दिने पत्र सम्बन्धित मालपोत कार्यालयमा र अन्य धितोको हकमा सम्बन्धित निकायमा धितो फुकुवा पत्र पठाई रोक्का फुकुवा गरी दिनु पर्नेछ ।

◊(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि सरल कर्जाको हकमा अग्रिम भुक्तानी शुल्क लाग्ने छैन ।

**७.६. शैक्षिक कर्जाको प्रयोजन :** सहभागी सदस्य वा निजका एकाघर परिवारका सदस्यलाई स्वदेश वा विदेशमा स्नातक, स्नातकोत्तर, एमफिल, विद्यावारिधि वा सो भन्दा माथिको शैक्षिक तहमा अध्ययन गर्ने प्रयोजनका लागि यस कार्यबिधिमा भएको व्यवस्था बमोजिम शैक्षिक कर्जा उपलब्ध गराइनेछ ।

**७.६.१. शैक्षिक कर्जा लिन आवश्यक पर्ने थप योग्यता :**

(क) अध्ययन गर्न जाने सहभागी स्वयं वा सहभागीका पति/पत्नी/छोरा/छोरीले कम्तीमा प्रमाणपत्र तह/उच्च माध्यमिक तह (१०+२) वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालय वा सो सरहका शैक्षिक संस्थाबाट एम.बी.बी.एस., एम.डी., एम.बी.ए., एक्जीक्युटिभ एम.बी.ए., वी.फार्मेसी, एम. फार्मेसी, पाइलट, इन्जीनियरिङमा स्नातक वा स्नातकोत्तर, अर्थशास्त्रमा स्नातकोत्तर, चार्टर्ड एकाउन्टेन्सी, नर्सिङमा स्नातक वा स्नातकोत्तर, फुड टेक्नोलोजीमा स्नातक वा स्नातकोत्तर, होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट (Hotel and Hospitality Management) मा स्नातक वा स्नातकोत्तर, सुचना प्रविधिमा स्नातक वा स्नातकोत्तर, कृषि र वन विषयमा स्नातक वा स्नातकोत्तर र पशु चिकित्सा विषयमा स्नातक वा कोषलाई मान्य हुने अन्य बिषयमा अध्ययन गर्नको लागि कर्जा माग गरेको हुनु पर्नेछ ।

**७.६.२. कर्जा सीमा :**

(क) सहभागीको हाल कार्यरत तहको शुरु तलबमानको १२ बर्ष बराबरको तलब वा रु. ४० लाखमा जुन कम हुन्छ त्यति रकमसम्म कर्जा प्रदान गर्न सकिनेछ । कर्जाको न्यूनतम सीमा रु. पाँच लाख हुनेछ ।

(ख) सहभागीका पति पत्नी दुवै जना अध्ययन गर्न जाने भए दुवै जनालाई मूल्यांकन रकमले खामेमा एउटै धितोबाट र नखामेमा थप धितो सुरक्षण लिई अध्ययनका लागि अलग-अलग कर्जा प्रदान गर्न सकिनेछ ।

(ग) अध्ययन गर्न जाने बिश्वबिद्यालय/महाबिद्यालयको अनुमानित लागतको ७०% मा नबढ्ने गरी कर्जा प्रबाह गरिनेछ । देहायका खर्चहरुलाई आधार मानी लागतको गणना गरिनेछ ।

(१) भर्ना शुल्क

(२) विश्वविद्यालय वा कलेजको होस्टेल शुल्क

(३) परीक्षा शुल्क

(४) विश्वविद्यालय वा कलेजले तोकेको शैक्षिक सामग्री शुल्क

(५) मासिक/सेमेस्टर/वार्षिक शुल्क

(६) विश्वविद्यालय वा कलेजले तोकेको अन्य शुल्क

(७) विश्वविद्यालय वा कलेजले तोकेको निर्बाह खर्च

### ७.६.३. कर्जाको भुक्तानी अवधि :

(क) कर्जाको भूक्तानी अवधि सहुलियत अवधि सहित अधिकतम २० वर्ष हुनेछ । तर, कुनै सहभागीको नोकरी अवधि २० वर्षभन्दा कम भएमा बाँकी नोकरी अवधिसम्मको लागि मात्र कर्जा भुक्तानी अवधि कायम गरिनेछ । सहुलियत अवधि सम्बन्धित बिषय पढ्न लाग्ने समयमा थप ६ महिना हुनेछ ।

### ७.६.४.कर्जाको भूक्तानी प्रक्रियाः

(क) सहभागी ऋणीको आयश्रोत र भुक्तानी अवधि बिश्लेषण गरी निजसँगको सहमतीमा कर्जाको किस्ता निर्धारण गरिनेछ । उक्त कर्जाको किस्ता त्रैमासिक/अर्ध बार्षिक हुनु पर्नेछ।

(ख) कर्जाको सावाँ ब्याज भुक्तानी तालिका कोषले तोके बमोजिम र ऋणीले स्वीकार गरे वमोजिम हुनेछ ।

(ग) कर्जाको ब्याज प्रत्येक आषाढ मसान्त भित्रमा चुक्ता नगरेमा साँवामा पुंजीकरण गरिनेछ ।

(घ) सहभागीले तोकिए बमोजिमको साँवा ब्याज समयमा चुक्ता गर्न नसकेमा कारण सहितको निबेदन लिई कर्जा उप समितिलाई उपयुक्त लागेमा कर्जा भुक्तानीको पुनरतालिकीकरण गर्न सक्नेछ ।

(ङ) कर्जाको पाकेको ब्याज सहितको किस्ता प्रत्येक आर्थिक बर्षको आषाढ मसान्तभित्र बुझाई कर्जा नियमित गरेमा सो कर्जालाई असल कर्जामा गणना गरिनेछ ।

(च) अर्धवार्षिक वा वार्षिक खर्चको किस्ता उपलब्ध गराइने भए सम्बन्धित शिक्षण संस्था/विश्वविद्यालय/कलेजबाट विद्यार्थीले अध्ययनलाई निरन्तरता दिएको आधिकारिक पत्रसमेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**७.७. सवारी कर्जाको प्रयोजनः** स्वीकृत अवकास कोष वा अन्य नागरिक लगानी कोषका कार्यक्रमहरुमा नियमित रुपमा रकम जम्मा गर्ने सहभागी वा सहभागीका एकाघर परिवारका सदस्यलाई निजी सवारी साधन खरीदका लागि यो कर्जा दिन सकिनेछ । पुरानो सवारी साधन खरीद गर्न सवारी कर्जा प्रदान गरिने छैन ।

### ७.७.१. सवारी कर्जा लिन थप योग्यता :

(क) सवारी प्रयोग गर्ने व्यक्ति वा निजले चालक नियुक्त गरेको भए चलाउनेको सवारी चालक अनुमति पत्र रहेको हुनुपर्नेछ ।

### ७.७.२.कर्जा रकमको अधिकतम सीमा :

∆(क) सहभागी ऋणीको हाल कायम शुरु तलबमानको बढीमा १० वर्ष बराबरको रकम वा बढीमा रु. ५० लाखसम्मको रकम सवारी साधन कर्जा प्रदान गर्न सकिनेछ ।

∆(ख) खरीद गर्ने सवारी साधनको मूल्यको ६० प्रतिशतसम्म कर्जा रकम प्रदान गरिनेछ । तर, थप धितो प्राप्त हुने अवस्थामा सवारी साधनको मूल्यको ७० प्रतिशतसम्म कर्जा रकम प्रदान गर्न सकिनेछ ।

(ग) कर्जा रकम गणना गर्दा सवारी साधनको कोटेशनको मुल्यलाई आधार मानिनेछ ।

## ७.७.३. धितो सुरक्षण :

(क) कोषको कर्जा लगानीबाट खरीद गरिने सवारी साधनको व्लुबुक कोषको नाममा कायम गरी कर्जा आबेदकको नाम ऋणीको रुपमा उल्लेख गर्नु पर्नेछ । खरीद गरिएको सवारी साधन सवारी कर्जाको प्राथमिक धितो सुरक्षणको रुपमा रहनेछ ।

(ख) थप धितोको रुपमा कोषलाई स्वीकार्य अचल सम्पति समेत लिन सकिने छ ।

## ७.७.४.कर्जाको भुक्तानी अवधि :

∆(क) कर्जा भुक्तानी अवधि अधिकतम ७ वर्षको हुनेछ । तर कुनै सहभागी ऋणीको नोकरी अवधि ७ वर्षभन्दा कम भएमा बाँकी नोकरी अवधिसम्मको लागि मात्र कर्जा भुक्तानी अवधि कायम गरिनेछ ।

## ७.७.५. कर्जा लगानी प्रकृया :

(क) सम्बन्धित शाखाले कोष रकम रोक्का गरेको विवरण खुलाई तोकिए बमोजिमको पत्र अभिलेखको लागि कर्जा शाखामा पठाउनु पर्नेछ ।

(ख) कोषको कर्जा लगानीमा खरीद गरी धितोमा रहने सवारी साधन सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट कोषको नाममा नामसारी भई ब्लु बुकमा सवारी धनीमा कोषको नाम उल्लेख गरी प्रमाणित भएको हुनुपर्नेछ ।

(ग) सवारी कर्जा लगायतका थप धितो नहुने कर्जामा ऋणी वा निजको एकाघर परिवारको जमानी लिने र घरजग्गा भएमा लालपूर्जाको प्रतिलिपि राख्नुपर्नेछ ।

(घ) सवारी साधनको कोष लाभान्वित हुने गरी बीमा अनिवार्य रुपमा गराउनु पर्नेछ । बीमा गर्दा लाग्ने प्रिमियम तथा नवीकरण शुल्क सम्बन्धित सहभागी ऋणीले नै बुझाउनु पर्नेछ । बीमा पोलिसीको सक्कल प्रति कोषबाट कर्जा प्रबाह हुनु अघि र बीमा पोलिसीको म्याद समाप्त (Policy mature) हुनु ७ दिन अघि नवीकरण गरी कोषमा बुझाउनु पर्नेछ । ऋणीले समयमा प्रिमियम नबुझाएको कारणले कोषले बीमा शुल्क भुक्तानी गरेमा सो को साँवा व्याज ऋणीको कर्जा खातामा खर्च लेखी कोषले असुल उपर गरिलिनेछ । बीमा पोलिसी र रकम भुक्तानी गरेको विल सम्बन्धित ऋणीको फाइलमा राख्नुपर्छ ।

(ङ) ब्लुबुकको सक्कल प्रतिसंग फोटोकपी भिडाएर संस्थाको तर्फबाट अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी राख्नु पर्नेछ ।

(च) कर्जा प्रदान गर्दा सवारी साधनको स्वीकृत कर्जा रकम बराबरको चेक सम्बन्धित सवारी साधन बिक्री गर्ने कम्पनीलाई कोषले प्रदान गर्नेछ । कर्जा स्वीकृत भएपछि ऋणीले पाउन सक्ने कूल कर्जा रकम लिखतमा उल्लेख गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट कोषको नाममा सवारी दर्ता गराउनु पर्नेछ ।

(छ) कर्जा प्रवाह गरेको सवारी साधनको बेला बेलामा ब्लु बुक, बीमा, कर्जा गएको मिति, किस्ता मिति, अन्तिम किस्ताको मिति, ऋणीले कहाँ गाडी चलाई रहेको छ के कसरी चलाई रहेको छ आदि बुझ्ने र आवश्यक रेकर्ड राख्नुपर्नेछ ।

(ज) सवारी कर्जा प्रवाह भएपछि सवारी साधन कोषको नाममा नामसारी भएको ब्लू बुकको फोटोकपि राखी सक्कल ब्लू बुक ग्राहकलाई बुझेको सही गराएर दिन सकिनेछ ।

(झ) सवारी साधन सम्पूर्ण कर्जा चुक्ता भएपछि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पत्राचार गरी  सवारी साधन ऋणीको नाममा नामसारी गरिनेछ ।

(ञ) सहभागी ऋणीले स्वीकृत कर्जा भाखा म्याद अगावै पनि चुक्ता गर्न सक्नेछ । ऋणीले मासिक तिर्नुपर्ने किस्ता तिरी वा नतिरी एकमुष्ट रुपमा सम्पूर्ण कर्जा वा आँशिक कर्जा चुक्ता गर्दा तोके बमोजिमको अग्रिम शुल्क लिनु पर्ने छ । तर, ऋणी सेवाबाट अवकास भएको कारणले कर्जा चुक्ता गर्न आएमा सवारी साधन कर्जाको कर्जा रकम असुल उपर गर्दा अतिरिक्त शुल्क लाग्ने छैन ।

## ७.७.६ कर्जाको भुक्तानी प्रक्रिया :

(क) कर्जाको सावाँ ब्याज मासिक किस्ताबन्दीमा भुक्तानी गर्नुपर्नेछ ।

(ख) कर्जा लिएको रकमको किस्ता प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र कोषले तोकेको ठाँउमा जम्मा गर्नु पर्नेछ । १५ दिन भित्र किस्ता रकम नबुझाएमा बाँकी साँवामा बार्षिक थप २ प्रतिशत हर्जाना ब्याज लाग्ने छ ।

(ग) सहभागी ऋणीले तोकिएको समयमा किस्ता चुक्ता गर्न नसकेमा चित्त बुझ्दो कारण सहितको निवेदन दिएमा कर्जा उपसमितिले किस्ता भुक्तानीको पुनरतालिकीकरण गर्न सक्नेछ ।

## ७.७.७.कर्जा ताकेता सम्बन्धी व्यवस्था :

(क) ऋणीले दोश्रो किस्तासम्म पनि तोकिएको भाखाभित्र नबुझाएमा किस्ता तिर्न आउने १५ दिनको पहिलो स्मरणपत्र पठाउनु पर्नेछ ।

(ख) चौथो किस्तासम्म नबुझाएमा किस्ता तिर्न आउने ७ दिनको दोश्रो स्मरणपत्र पठाउनु पर्नेछ ।

(ग) दोश्रो स्मरणपत्र पछि पनि ऋणीले बाँकी किस्ता रकम बुझाई कर्जा नियमित नगरेमा कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी असुली प्रक्रिया अघि बढाईनेछ ।

(घ) सो पश्चात पनि सहभागी ऋणीले लिएको कर्जा चुक्ता नगरेमा नागरिक लगानी कोष ऐन, २०४७, कोषको व्यवस्थापन विनियमावली, २०४८, कोषको प्रचलित कर्जा असुली सम्बन्धी कार्य बिधि, यस कार्यविधि र सहभागी ऋणीले कोषलाई लेखिदिएका लिखत शर्त बमोजिम प्रचलित ऐन कानूनले दिएको अधिकार प्रयोग गरी असुल उपर गर्नु पर्नेछ ।

(ङ) ऋणीले तोकिएको समयमा कर्जा रकम चुक्ता नगरेमा कोषले कर्जा असुलीको लागि कानूनी प्रकृया अगाडी बढाउँदा लाग्ने सम्पूर्ण खर्च ऋणीको कर्जा रकममा गाभी हिसाव गरिनेछ ।

## परिच्छेद- ८

## परियोजना कर्जा

**८.१. परियोजना कर्जाको प्रयोजन :** नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन समेत), व्यवस्थापन विनियमावली, २०४८ र यस कार्यविधिको अधिनमा रही कोषले कुनै पव्लिक कम्पनी वा अन्य कम्पनी वा संस्थालाई नयाँ परियोजना स्थापना तथा भइरहेको परियोजना संचालन गर्ने सिलसिलामा आवश्यक स्थिर र चालु पुँजी कर्जा  वा साँवा भुक्तानी अवधि एक वर्षभन्दा बढी हुने अवस्थाका आवेदकको लागि पूंजीगत खर्चको व्यवस्था गर्न पूर्वाधार विकास, पर्यटन, कृषि, उर्जा, वैकल्पिक उर्जा विकास, सूचना तथा प्रविधि, वन्यजन्तु, खनिज, सेवा, निर्माण आदि क्षेत्रमा परियोजना कर्जा प्रवाह गरिनेछ ।

◇८.२. **कर्जाको  भुक्तानी अवधि** : जलविद्युत परियोजनाको भुक्तानी अवधि सहुलियत अवधि सहित अधिकतम १५ वर्षको हुनेछ । अन्य परियोजनाहरुमा भुक्तानी अवधि सहुलियत अवधि सहित अधिकतम १० वर्षको हुनेछ । परियोजनाको प्रकृति अनुसार कर्जा अवधि संचालक समितिले थपघट गर्न सक्नेछ ।

**८.३. जानकारी दिनुपर्ने :** पेश भएको आवेदन र कागजातका आधारमा कर्जा स्वीकृत गर्न नसकिने भएमा सो विषयको जानकारी आवेदन दर्ता भएको मितिले १५ कार्य दिनभित्रमा कर्जा आवेदकलाई गराउनु पर्नेछ ।

**८.४. परियोजना विश्लेषण तथा मुल्याँकन :**

◇(क) परियोजना मूल्याङ्कन तथा बिश्लेषण शाखाले दर्ता भएको आवेदन र कागजातहरुका आधारमा परियोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गरी आवश्यक कागजात समेत हेरी परियोजना कर्जाका प्रस्ताब कर्जा उपसमितिमा पेश गर्नुपर्नेछ ।

◇(ख) परियोजनाको देहाय बमोजिमका पक्षहरुको जोखिम बिश्लेषण गरी परियोजनाको सबल तथा दुर्बल पक्षहरुका साथै अवसर र चुनौतिहरुको समग्र बिश्लेषण (SWOT Analysis) तयार गर्नुपर्नेछ ।

| | |
|---|---|
| १. | व्यवस्थापन पक्ष |
| २. | बजार पक्ष |
| ३. | प्राविधिक पक्ष |
| ४. | वित्तीय पक्ष |
| ५. | सुरक्षण पक्ष |
| ६. | वातावरणीय पक्ष |
| ७. | अन्य आवश्यक पक्ष |

◇(ग) हटाईएको

(घ) परियोजना बिश्लेषण सम्बन्धी कार्य कोष आफैले वा बाह्य बिशेषज्ञहरु समेतको संलग्नतामा वा बिशेषज्ञहरुबाट स्वतन्त्र रुपमा गराउन सक्नेछ ।

(ङ) परियोजना विश्लेषण, जोखिम बिश्लेषण र समग्र पक्षहरुको बिश्लेषण (SWOT Analysis) बाट सकारात्मक देखिएको परियोजनामा कर्जा लगानी गर्न कर्जा उप समितिले आफ्नो राय तथा सिफारिस सहित संचालक समिति समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

## ८.५. कर्जा सीमा

(क) परियोजना कर्जाको सीमा प्रति परियोजना न्युनतम २५ करोड कायम गरिएको छ ।

(ख) कुनै संगठित संस्थालाई कोषले वा अरु बैंक तथा बित्तीय संस्थाहरुसंग मिलि समयकालिन कर्जा उपलब्ध गराउने भएमा ऋणी संगठित संस्था वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको कुल स्थिर जेथाको ५० प्रतिशत वा कोषद्वारा संचालित प्रत्येक योजनामा जम्मा भएको रकमको २० प्रतिशत मध्ये जुन घटि हुन्छ सो मा नबढ्ने गरी मात्र कर्जा उपलब्ध गराउनु पर्नेछ ।

## ८.६. धितो मुल्याङ्कन :

◊(क) कर्जा स्वीकृत गर्नु पूर्व सुचिकृत मुल्याँकनकर्ताबाट धितो मुल्याँकन गराई प्राप्त मुल्याँकन प्रतिवेदनका आधारमा धितोमा लिइने घर जग्गा/परियोजना/ मिल मेसिनको मुल्य कायम गर्नु पर्नेछ । तर जलविद्युत परियोजना, नेपाल सरकारका प्राथमिकताका पूर्वाधार निर्माण, सेवा तथा उत्पादन मुलक परियोजनामा ऋण प्रवाहबाट तयार हुने परियोजना नै धितो रहने भएकाले डिपिआर (Detailed Project Report) अनुसार परियोजनाको कुल लागतका आधारमा मुल्य कायम गर्नुपर्नेछ । परियोजनाको डिडिए (Due Diligence Audit) गरे पश्चात आउने परियोजनाको कुल लागतका आधारमा मूल्य अद्यावधिक गर्नुपर्नेछ ।

◊(ख) लगानी गर्ने कर्जा धितो सुरक्षणबाट सुरक्षित रहेको वा भविष्यमा वृद्धि हुने सम्पत्ती समेत गरी सुरक्षित रहेको कोषले एकिन गर्नुपर्नेछ ।

(ग) धितोमा लिइने घरजग्गा वा जग्गामा पुग्ने न्युनतम १६ फिटको बाटो कायम भएको हुनुपर्ने,

(घ) धितो सुरक्षणमा लिइने अचल सम्पत्ति सम्बन्धी न्युनतम कानुनी आधारहरु परिच्छेद १२ मा भए बमोजिम हुनेछ ।

## ८.७. कर्जाको सुरक्षण :

(क) कर्जा सुरक्षित गर्न कोषको हितमा हुने गरी ऋणी कम्पनी/संस्थाको नामको अचल सम्पत्ति र ऋणी कम्पनी/संस्थाको संचालक वा संचालकको एकाघर परिवारको नामको अचल सम्पत्ति तोकिए बमोजिमको ढाँचामा लिखत तयार गरी सम्बन्धित मालपोत कार्यालयबाट धितोबन्धक लिखत पारित गराई कोषको नाममा रोक्का समेत राख्नु पर्नेछ ।

◊(ख) ऋणी कम्पनी/संस्थाको परियोजनामा जडान भएका वा चलायमान माल, मेसिनरी, यन्त्र उपकरण वा अन्य भौतिक सम्पत्ति समेतको स्थिर सम्पत्तिको मुल्याँकनकर्ताद्वारा मुल्याँकन गराई त्यस्तो सम्पत्तिमा कोषको अग्राधिकार कायम रहने गरी धितो पारित गराई लिनुपर्नेछ । तर जलविद्युत परियोजना तथा नेपाल सरकारका प्राथमिकताका पूर्वाधार निर्माण सेवा तथा उत्पादनमुलक परियोजनाका हकमा सुरक्षणको रुपमा परियोजना, परियोजना स्थल, परियोजनाले लिएका जग्गा, त्यसमा बन्ने भौतिक निर्माण संरचना, जडित यान्त्रिक उपकरण, स्थिर सम्पत्ति, चलायमान माल मेसिनरी, विद्युत् गृह तथा सम्पूर्ण लिगलगापात कोषको नाममा धितोबन्धक पारित गरी रोक्का राख्नु पर्नेछ । साथै, जलविद्युत परियोजनाको हकमा पिपिए, जेनेरेसन लाइसेन्स, ग्रिड कनेक्सन सम्झौता समेत सुरक्षणको रुपमा लिनुपर्नेछ ।

(ग) अग्नी, बाढी पहिरो, भूकम्प लगायतका प्राकृतिक प्रकोप र आतंक लगायतका आवश्यक सम्पूर्ण जोखिमहरु बहन हुने गरी पुनर्बीमा (Reinsurance) गर्नसक्ने भरपर्दो बीमा कम्पनीबाट परियोजनाको बीमा गराउनुपर्ने छ । बीमा शुल्क ऋणी कम्पनी/संस्थाले व्यहोर्नु पर्नेछ ।

◊(घ) परियोजनाको लागि ऋणी कम्पनी/संस्थाले उक्त परियोजना निर्माण अवधिभरको ब्याज पूँजीकरण,जग्गा जस्तै बीमा नहुने सम्पत्ति बाहेक अन्य चलायमान माल, मेसिनरी, यन्त्र उपकरण, भौतिक स्थीर सम्पत्ति तथा परियोजना सँग सम्बन्धित सम्पूर्ण वीमायोग्य वस्तुको खरिद/निर्माण पश्चात कायम मूल्यलाई खाम्ने गरी र सम्पूर्ण जोखिम/दायित्व व्यहोर्ने गरी आफ्नो खर्चमा परियोजनाको बीमा गर्नुपर्ने छ ।

◊(ङ) ऋणी कम्पनी/संस्थाको शेयर पुँजीको १० प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीहरु र बहालवाला संचालकहरुबाट तोकिए बमोजिमको ढाँचामा आबश्यकता अनुसार व्यक्तिगत जमानत लिनुपर्नेछ । ऋणी कम्पनी/संस्थाको संचालक समितिमा संस्थागत प्रतिनिधि भएमा आवश्यकता अनुसार उक्त संस्थाको संस्थागत जमानत लिनुपर्नेछ ।

(च) आवश्यकता अनुसार तोकिए बमोजिमको ढाँचामा संस्थागत जमानत लिइनेछ ।

(छ) ऋणी कम्पनी/संस्थाले दिएको धितो सुरक्षण कच्चा हुन गई सो धितोबाट कर्जा असुरक्षित हुने अवस्थामा ऋणी कम्पनी/संस्थाको अन्य सम्पत्ति प्रचलित कानुन बमोजिम धितोमा लिने वा रोक्का राख्नुपर्नेछ ।

## ८.८. कर्जाको प्रकृति :

(क) परियोजना कर्जाको सहुलियत अवधि परियोजनाको प्रकृति हेरी ६ महिनादेखि ५ वर्षसम्मको हुन सक्नेछ ।

(ख) परियोजना कर्जा मध्यमकालिन वा दीर्घकालिन प्रकृतिको हुनेछ ।

(ग) जग्गा बिकासको निमित्त सोही जग्गा सुरक्षणमा लिई जग्गाको मुल्याँकनको बढीमा ५० प्रतिशतसम्म मात्र परियोजना कर्जा प्रवाह हुनेछ । अन्य प्रयोजनका परियोजनाका लागि

धितो सुरक्षणमा लिइने अचल सम्पत्तिको मुल्याँकनको बढीमा ६० प्रतिशतसम्म परियोजना कर्जा प्रबाह हुनसक्नेछ ।

(घ) कर्जा स्वःपूँजी अनुपात बढीमा ७०:३० सम्म हुनेछ । अर्थात परियोजनाको कूल लागतमा कर्जाको अंश ७० प्रतिशत भन्दा बढी हुनेछैन । तर, कर्जा सुरक्षित रहने आधार र कारण प्रयाप्त भएमा संचालक समितिले यो अनुपातमा परिवर्तन गर्न वाधा पुगेको मानिने छैन ।

(ङ) परियोजनाको मूल्य निर्धारण गर्दा परियोजना स्थलमा रहेको घर जग्गाको मूल्य समेत समावेश गरिनेछ ।

**८.९. कर्जा स्वीकृति :** कर्जा उपसमितिले सिफारिस सहित पेश गरेको कर्जा प्रस्ताव उपर संचालक समितिले आवश्यक अध्ययन विश्लेषण गरी कर्जा स्वीकृत गर्न सक्नेछ ।

**८.१० कर्जा सम्झौता :** कोषबाट कर्जा स्वीकृत भएपछि तोकिए बमोजिमको ढाँचामा कोष र ऋणी कम्पनी/संस्था बीच कर्जा सम्झौता गर्नु पर्नेछ ।

## ८.११.कर्जा प्रवाह र अनुगमन :

◊(क) कर्जा सम्झौता एवं धितोबन्धक लिखत पारित भइसके पछि परियोजना मूल्यांकनको आधार लिई स्वीकृत कर्जा र स्वपूँजी अनुपात कायम हुने गरी परियोजनाको प्रकृति अनुसार किस्तावन्दीमा कर्जा प्रवाह हुनेछ । कोषले ऋणी कम्पनी/संस्थासँग आन्तरिक तमसुक र ऋणी कम्पनी/संस्था वाहेक तेस्रो व्यक्तिको सम्पत्ति धितो सुरक्षणमा लिएको अवस्थामा धितोदातासँग सुरक्षण जमानी समेत गराई राख्नुपर्नेछ । कर्जा किस्ता भुक्तानी गर्नुपूर्व परियोजनाले पेश गरेको भौतिक तथा वित्तीय प्रगतिको प्रतिवेदन अध्ययन गरी सम्बन्धित शाखा/महाशाखाको अधिकृत तथा सम्बन्धित प्राविधिक विज्ञबाट लगानी सदुपयोगिताको समेत स्थलगत निरीक्षण गराई निरीक्षण प्रतिवेदन अनुसार कर्जा सम्झौताका शर्त बमोजिम कर्जा प्रवाह गर्नु पर्नेछ ।

◊(ख) हटाइएको

(ग) कम्पनीको परियोजना सहितको कार्यप्रगति मूल्यांकनको निमित्त कोषले अनुगमन एवं निरीक्षण गर्न सक्नेछ । यसको निमित्त कोषले बाह्य बिज्ञहरु समेत समावेश गर्न सक्नेछ ।

(घ) कर्जा प्रवाह गर्नुअघि स्वःपूँजी लगानी, कर्जाको सदुपयोग, बिल भौचर एवं लेखा दुरुस्त भए नभएको यकीन गर्न आन्तरिक लेखापरीक्षण एवं बिशेष लेखापरीक्षणका लागि ऋणीको खर्चमा कोषले लेखापरीक्षक नियुक्त गर्न सक्नेछ ।

(ङ) परियोजनाको प्राविधिक अनगमन (Technical Monitoring) गर्न कुनै प्राविधिक विज्ञ वा प्राविधिक समूह नियुक्त गर्न सक्नेछ ।

(च) ऋणी कम्पनी/संस्थाले प्रस्तुत गरेको प्रमाणित विल अनुसार कार्य भए नभएको र कर्जा तथा स्वःपूँजी लगानी भए नभएको यकीन गरेर मात्र कोषले कम्पनीलाई कर्जा प्रबाह गर्नुपर्नेछ ।

(छ) कोषबाट कर्जा प्रबाह गर्नु अघि ऋणी कम्पनी/संस्थाले न्युनतम लगानी गर्नुपर्ने कूल स्वःपूँजीको कम्तीमा ३० प्रतिशत रकम परियोजनामा लगानी गरिसकेको हुनुपर्नेछ ।

## परिच्छेद- ९

## ब्रिज ग्याप, चालु पूँजी तथा थोक कर्जा

### ९.१. ब्रिज ग्याप कर्जाः

(क) नागरिक लगानी कोष ऐन, २०४७ र कोषको व्यवस्थापन विनियमावली २०४८, को अधिनमा रही यस कार्यबिधि बमोजिम पब्लिक लिमिटेड कम्पनी, संगठित संस्थालाई नेपाल सरकारको जमानत, बैंक तथा वित्तीय संस्थाको जमानत वा कोषलाई मान्य हुने अन्य धितो सुरक्षण वा जमानत लिई ब्रिज ग्याप कर्जा प्रवाह गर्न सक्नेछ ।

(ख) कर्जा वा शेयर निष्काशन वा अन्य स्रोतहरुबाट प्राप्त हुने रकमको प्रत्याभूति भएका र कोषबाट सैद्धान्तिक रुपमा कुनै प्रकारको स्थिर पूँजी कर्जा वा चालु पूँजी कर्जा वा अन्य कुनै प्रकारको कर्जा निकासा दिने निर्णय भईसकेकोमा कारणवश सम्बन्धित ग्राहकले पुऱ्याउनु पर्नेमध्ये कुनै प्रक्रिया पुऱ्याउन नसकी उपरोक्तानुसारको स्वीकृत कर्जा उपभोग गर्न केही समय ढिला हुने भएको र त्यस अवस्थामा ग्राहकलाई सम्बन्धित कार्यका लागि तुरुन्तै रकमको जरुरत पर्न गएमा रकम निकासा हुन ढिलाई भएको कारणबाट परियोजना स्थापना र सञ्चालनमा ढिलाई भई प्रतिकूल असर पर्ने अवस्थामा स्वीकृत कर्जा वा शेयर निष्कासनबाट वा अन्य प्रत्याभुतिबाट प्राप्त हुने रकमबाट सोधभर्ना हुनेगरी तत्काल ऋणी कम्पनी, संस्थालाई ब्रिज ग्याप कर्जा प्रवाह गर्न सकिनेछ ।

(ग) ब्रिज ग्याप कर्जा कोष र ऋणी कम्पनी वा संस्था बीच भएको सम्झौता बमोजिम प्रवाह गरिने छ ।

**९.१.१ कर्जा सीमाः** कोषले कुनै पनि संगठित संस्थालाई ब्रिज फाइनान्सिङ (सापटी) दिने भएमा सो संगठित संस्थाको चुक्ता पूँजीको पन्ध्र प्रतिशत वा कोषद्वारा संचालित योजनामा जम्मा भएको रकमको दश प्रतिशत मध्ये जुन घटी हुन्छ सो मा नबढ्ने गरी मात्र लगानी गर्न सक्नेछ ।

**९.२. चालु पुँजी कर्जा :** धितो सुरक्षण लिई चालु सम्पत्ति र कच्चा पदार्थ, अर्ध तयारी बस्तु, तयारी बस्तु र असुल गर्नु पर्ने रकम सिर्जनाका लागि आवश्यक पर्ने रकम जुटाउन नेपाल सरकारको स्वामित्व रहेको वा पब्लिक लिमिटेड ऋणी कम्पनी/संस्थालाई चालु पुजी कर्जा प्रबाह गर्न सकिनेछ । यो कर्जा रिभल्बीङ प्रकृतिको हुनेछ ।

चालु पूँजी कर्जाको अवधि बढीमा १ बर्षको हुनेछ । आवश्यकता अनुसार अवधि समाप्त भए पश्चात कर्जा नवीकरण गर्न सकिनेछ । चालु पुँजी कर्जाको ब्याज त्रैमासिक वा अर्धबार्षिक रुपमा तिर्नु पर्नेछ ।

**९.३. थोक कर्जा** : लघुवित्त क्षेत्रमा थोक कर्जा दिने लघुवित्तीय संस्थालाई लघुवित्त वा ग्रामिण क्षेत्रमा कर्जा प्रबाह गर्ने गरी कुल बचत परिचालनको बढीमा ५ प्रतिशत सम्म संस्थागत जमानीमा कर्जा प्रबाह गर्न सकिने छ । यो कर्जा रिभल्बीङ प्रकृतिको हुनेछ ।

थोक कर्जाको अवधि बढीमा १ बर्षको हुनेछ । आवश्यकता अनुसार अवधि समाप्त भए पश्चात कर्जा नवीकरण गर्न सकिनेछ । थोक कर्जाको ब्याज त्रैमासिक रुपमा तिर्नु पर्नेछ । यस कर्जाका शर्त तथा बन्देज संचालक समितिले तोके बमोजीम हुनेछ ।

**९.४ जानकारी दिनुपर्ने :** पेश भएको आवेदन र कागजातका आधारमा कर्जा स्वीकृत गर्न नसकिने भएमा आवेदन दर्ता भएको मितिले १५ कार्य दिनभित्रमा सो विषयको जानकारी सहित सम्बन्धित आवेदकलाई कागजात फिर्ता गरिदिनु पर्नेछ ।

**९.५. धितो मुल्याङ्कन :**

(क) कर्जा स्वीकृत गर्नुपूर्व यस कार्यविधिमा व्यवस्था भएबमोजिम सुचिकृत मुल्याँकनकर्ताबाट धितो मुल्याँकन गराई प्राप्त मुल्याँकन प्रतिवेदनका आधारमा धितोको मुल्य कायम गर्नु पर्ने,

(ख) लगानी गर्ने कर्जा धितो सुरक्षणबाट सुरक्षित रहेको कोषले एकीन गर्नुपर्ने ।

(ग) धितोमा लिइने घरजग्गा वा जग्गामा पुग्ने न्युनतम १६ फिटको बाटो कायम भएको हुनुपर्ने,

**९.६ कर्जा सम्झौता :** कोषबाट कर्जा स्वीकृत भएपछि तोकिए बमोजिमको ढाँचामा कोष र ऋणी कम्पनी/संस्था बीच कर्जा सम्झौता गर्नु पर्नेछ ।

**९.७. कर्जाको सुरक्षण :** कर्जा सुरक्षित गर्न कोषको हितमा हुनेगरी ऋणी कम्पनी/संस्थाको नामको अचल सम्पत्ति र संचालकको नामको अचल सम्पत्तिको हकमा लिखत तयार गरी सम्बन्धित मालपोत कार्यालयबाट धितोबन्धक लिखत पारित गराई कोषको नाममा रोक्का समेत राख्नु पर्नेछ । थोक कर्जाको हकमा संस्थागत जमानी अनिवार्य रुपमा लिनु पर्नेछ ।

# परिच्छेद - १०

# सहवित्तीयकरण कर्जा

## १०.१. कोषले सहवित्तीयकरण कर्जा लगानी गर्ने अवस्थाः

(क) नागरिक लगानी कोष ऐन, २०४७, व्यवस्थापन विनियमावली, २०४८ र यस कार्यविधिको अधिनमा रही सहवित्तीयकरणमा संलग्न भई कर्जा प्रवाह गर्न सक्नेछ। कन्सोर्टियम/संयुक्त कर्जा लगानीको आवश्यक कागजात र शर्तहरू तोकेर त्रिपक्षीय/बहुपक्षीय सम्झौता, पारिपासु आदि गरी कन्सोर्टियम कर्जामा सहभागी हुन सकिनेछ।

(ख) सहवित्तीयकरण कर्जा प्रबाह गर्दा कोष अगुवा संस्थाको रुपमा रहने छैन। तर, सहभागी सदस्यको रुपमा सहवित्तीयकरण कर्जाको परियोजना विश्लेषण, सम्पत्ति दायित्वको मूल्यांकन, जोखिम विश्लेषण तथा आवश्यकतानुसार परियोजनाको अनुगमन गरी कर्जा लगानीमा संलग्न हुन सक्नेछ।

(ग) कर्जाको धितोमा कर्जाको अनुपात अनुसार हुने पारिपासुका आधारमा गरिने सहवित्तीयकरण सम्झौतामा कोष सरिक हुनेछ। ऋणीलाई अन्य प्रकारको कर्जा प्रबाह गर्दा छुट्टै धितो स्वीकार गर्न सकिनेछ।

(घ) रु. १ अर्ब भन्दा बढी सहवित्तीयकरण कर्जा आवश्यक हुने परियोजनामा मात्र सहवित्तीयकरण कर्जा अन्तर्गत कोषको सहभागिता हुनेछ।

(ङ) कोष सहभागी हुने सहवित्तीयकरणमा कर्जा स्वःपूँजी अनुपात ७०:३० सम्म हुनेछ। अर्थात कूल लागतमा कर्जाको अंश ७० प्रतिशत भन्दा बढी भएको परियोजनामा कोष सहभागी हुने छैन। तर, सहबित्तीयकरणमा सहभागी संस्थाहरुको संयुक्त निर्णयबाट प्रबाह भइसकेको सहबित्तीयकरण कर्जाको ब्याज पूँजीकरण गर्ने क्रममा र परियोजना सम्पन्न गर्न आवश्यक पर्ने थप कर्जा प्रबाह गरी सबै सहभागी संस्थाले आधार र कारण सहित कर्जा माग भएकोमा यस्तो अनुपात संचालक समितिले परिबर्तन गर्न बाधा पर्ने छैन।

(च) कोष सहभागी हुने सहवित्तीयकरण कर्जामा पूर्वाधार विकास वा उत्पादनमूलक वा सरकारले प्राथमिकता प्रदान गरेका अन्य क्षेत्रहरुलाई प्राथमिकता दिइनेछ।

(छ) पब्लिक लिमिटेड कम्पनीले संचालन गर्ने परियोजनामा मात्र कोषले कर्जा लगानी गर्नेछ।

(ज) स्वःपूजी मध्ये ३० प्रतिशत अंश लगानी भई सकेको परियोजना वा कर्जा स्वीकृत भएको भए पनि कर्जा प्रबाह पूर्व स्वःपूजीको ३० प्रतिशत अंश लगानी गरेको हुनु पर्नेछ।

## १०.२. कोष सहवित्तीयकरणमा सहभागी नहुने अवस्थाः

(क) उत्पादनमूलक र पूर्वाधार विकासका आयोजना बाहेकका व्यापारिक फर्महरुमा यस्तो कर्जा प्रवाह गरिने छैन।

(ख) जलविद्युत परियोजनाको हकमा डिस्प्याचेबल क्लजमा (**Dispachable Clause**) कुनै समयमा विद्युत प्राधिकरणले विद्युत खरीद नगर्ने शर्त भएमा,

(ग) १० मेगावाटभन्दा कम क्षमताको विद्युत परियोजनामा,

(घ) सव-स्टेशन तयार हुने निश्चित नभएको विद्युत परियोजनामा,

## १०.३. कर्जा लगानी प्रक्रियाः

◊१०.३.१. अवधारणा तयार गर्ने : सहवित्तीयकरणमा सहभागी हुन तोकिए वमोजिमका विवरण तथा कागजातहरु सहित लिड बैंक/संस्थाले कोषलाई लिखित अनुरोध गरेमा परियोजना मूल्याङ्कन तथा बिश्लेषण शाखाले दर्ता भएको पत्र र कागजातहरुका आधारमा परियोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, परियोजनाको डिपिआर प्रतिवेदन अध्ययन गरी आवश्यक कागजात समेत हेरी कर्जाको प्रस्ताब कर्जा उपसमितिमा पेश गर्नुपर्नेछ ।

१०.३.२ सहवित्तीयकरण बैठकमा सहभागी हुने प्रक्रिया

(क) लिड बैंक/संस्थाले परियोजना विश्लेषण प्रतिवेदन समेत संलग्न गरी सहवित्तीयकरण बैठकमा सहभागी हुन कोषलाई आमन्त्रण गरेमा कोषको सहभागिता हुन सक्नेछ ।

(ख) लिड बैंक/संस्थाबाट प्राप्त परियोजना विश्लेषण प्रतिवेदनमा देहायका पक्षहरु समावेश भएको हुनुपर्नेछः

(१) व्यवस्थापन पक्ष,

(२) बजार पक्ष,

(३) प्राविधिक पक्ष,

(४) वित्तीय पक्ष,

(५) वातावरणीय पक्ष,

(६) सुरक्षण पक्ष ।

१०.३.३. **कर्जा स्वीकृति :**

(क) सहवित्तीयकरण बैठकमा वित्तीय समापन लगायतका विषयहरुमा सहमती भइसकेपछि कर्जाको स्वीकृतिको निमित्त सहवित्तीयकरण बैठकको सहमती र परियोजना विश्लेषणको आधारमा प्रतिवेदन तयार गरी कर्जा उपसमितिले सिफारिस सहित संचालक समिति समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ख) सहवित्तीयकरण बैठकको निर्णयका आधारमा तय भएका शर्त तथा अवस्थाहरु कर्जा उपसमितिले आवश्यक थपघट गर्नसक्नेछ ।

(ग) परियोजना विश्लेषण र सिफारिसको आधारमा सहवित्तीयकरणमा सहभागी हुन उपयुक्त देखेमा कर्जा उपसमितिले आफ्नो राय सहित स्वीकृतिका लागि समिति समक्ष प्रस्तुत गर्नेछ ।

(घ) परियोजनालाई आवश्यक हुने कुल कर्जामा कोषको अंश बढीमा ३५ प्रतिशतसम्म हुनेछ । तर यस्तो कर्जा लिड बैंक/संस्थाले प्रवाह गर्ने कर्जाको अंश भन्दा बढी हुनेछैन ।

(ङ) सहवित्तीयकरण कर्जाको सम्बन्धमा समितिबाट भएको निर्णयको जानकारी लिड बैंक/संस्थालाई दिइनेछ ।

(च) सहवित्तीयकरण बैठकमा जे जस्तो सहमती भएता पनि समितिबाट स्वीकृत नभई कोषबाट सहवित्तीयकरण कर्जा प्रवाह हुनेछैन ।

१०.३.४. **कर्जाको सुरक्षण**

(क) पारीपासु सम्झौता र सुरक्षण वापत अचल सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट लिड/सहभागी बैंक/संस्थाको नाममा धितोबन्धक लिखत पारित गरी रोक्का राखेपछि मात्र स्वीकृत कर्जा प्रवाह हुनेछ ।

(ख) लिड बैंक/संस्थाबाट पारीपासु सम्झौता तथा धितोबन्धक लिखतको मस्यौदा कोषमा प्राप्त हुनुपर्नेछ ।

(ग) पारीपासु सम्झौता तथा धितोबन्धक लिखतको मस्यौदाको सम्बन्धमा कोषको प्रतिक्रिया लिड बैंक/संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) पारीपासु सम्झौता तथा धितोबन्धक लिखत पारित गर्न कोषले लिड बैंक/संस्था बाट अनुरोध भए अनुसार आधिकारिक प्रतिनिधि खटाउनेछ ।

◇(ङ) ऋणी कम्पनी/संथाको परियोजनामा जडान भएका वा चलायमान माल, मेसिनरी, यन्त्र, उपकरण वा अन्य भौतिक सम्पत्ति समेतको स्थिर सम्पत्तिको मुल्यांकनकर्ताद्वारा मुल्यांकन गराई त्यस्तो सम्पत्तिमा लिड/सहभागी बैंक/संस्थाको अग्राधिकार कायम रहने गरी समानुपातिक रुपमा (पारीपासु सम्झौता) गरी धितो पारित गराई लिनुपर्नेछ । तर, जलविद्युत परियोजना, नेपाल सरकारका प्राथमिकताका पूर्वाधार निर्माण, सेवा तथा उत्पादनमुलक परियोजनाका हकमा, सुरक्षणको रुपमा परियोजना, परियोजना स्थल, परियोजनाले लिएका जग्गा, त्यसमा बन्ने भौतिक निर्माण संरचना, जडित यान्त्रिक उपकरण, स्थिर सम्पत्ति, चलायमान माल, मेसिनरी, विद्युत्त गृह, तथा सम्पूर्ण लिगलगापात कोषको नाममा धितोबन्धक पारित गरी कोष, लिड/सहभागी बैंक/संस्थाको नाममा समानुपातिक रुपमा रोक्का राख्नु पर्नेछ । साथै, जलविद्युत परियोजनाको हकमा पिपिए, जेनेरेसन लाइसेन्स, ग्रिड कनेक्सन सम्झौता थप सुरक्षणको रुपमा लिनुपर्नेछ ।

(च) अग्नी, बाढी, पहिरो र भूकम्प लगायतका प्राकृतिक प्रकोप र आतंक लगायतका आवश्यक सम्पूर्ण जोखिमहरु बहन हुने गरी पुनर्बीमा (Reinsurance) गर्नसक्ने भरपर्दो बीमा कम्पनीबाट परियोजनाको बीमा गराउनुपर्ने ।

◇(छ) परियोजनाको लागि ऋणी कम्पनी/संस्थाले उक्त परियोजना निर्माण अवधिभरको ब्याज पुंजीकरण, जग्गा जस्तै बीमा नहुने सम्पत्ति बाहेक अन्य चलायमान माल, मेसिनरी, यन्त्र उपकरण, भौतिक स्थीर सम्पत्ति तथा परियोजनासंग सम्बन्धित

सम्पुर्ण बीमा योग्य वस्तुको खरिद/निर्माण पश्चात कायम मुल्यलाई खाम्ने गरी र सम्पूर्ण जोखिम/दायित्व व्यहोर्ने गरी आफ्नो खर्चमा परियोजनाको बीमा गर्नुपर्नेछ ।

◇(ज) ऋणी कम्पनी/संस्थाको शेयर पूँजीको १० प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने शेयरधनीहरु र बहालवाला संचालकहरुबाट तोकिए बमोजिमको ढाँचामा आवश्यकता अनुसार व्यक्तिगत जमानत लिनुपर्नेछ । ऋणी कम्पनी/संस्थाको संचालक समितिमा संस्थागत प्रतिनिधी भएमा आवश्यकता अनुसार उक्त संस्थाको संस्थागत जमानत लिनुपर्नेछ ।

◇(झ) हटाईएको

(ञ) ऋणी कम्पनी/संस्थाले दिएको धितो सुरक्षण कच्चा हुन गई सो धितोबाट कर्जा असुरक्षित हुने अवस्थामा सहवित्तीयकरण बैठकबाट आवश्यक निर्णय गरी ऋणी कम्पनी/संस्थाको अन्य सम्पत्ति प्रचलित कानुन बमोजिम धितोमा लिने वा रोक्का राख्नुपर्नेछ ।

**१०.३.५. कर्जा प्रबाह :**

(क) बैंक, वित्तीय संस्था तथा कोष जस्तै अन्य संस्थाको नेतृत्वमा कोषबाट कर्जा प्रवाह गर्दा स्वपूँजीमध्ये ३० प्रतिशत अंश परियोजनामा लगानी भैसकेको वा लिड बैंक/संस्थाले तोकेको बैंकको खातामा जम्मा भएको हुनुपर्नेछ र सो तथ्य लिड बैंक/संस्थाबाट प्रमाणित भए पछि मात्र कोषको कर्जा अंश प्रवाह गर्नुपर्नेछ । तर, जलविद्युत परियोजनामा स्वपूँजी मध्ये ३० प्रतिशत अंश परियोजनामा लगानी भैसकेको अवस्थामा मात्र कोषबाट कर्जा प्रवाह गरिनेछ ।

(ख) ऋणी कम्पनी/संस्थाबाट प्राप्त भएको प्रमाणित बिल, प्रतितपत्र तथा कार्यप्रगति मूल्यांकन गरी कर्जा प्रवाह गर्न लिड बैंक/संस्थाबाट माग भई आएमा कोषले आफ्नो हिस्सा लिड बैंक/संस्था मार्फत प्रवाह गर्नेछ ।

(ग) कोषबाट कर्जा प्रवाह हुन देहाय अनुसारका कागजातहरु कोषमा प्राप्त भएको हुनु पर्नेछ :

◇(१) सहवित्तीयकरण बैठक वा लिड बैंक/संस्थाले तोकेको मुल्यांकनकर्ताले पेश गरेको परियोजनाको मुल्यांकन प्रतिवेदनको प्रतिलिपि, परियोजनाको बीमालेख । जलविद्युत परियोजनाका हकमा डिपिआर रिपोर्टको प्रतिलिपि, डिडिए रिपोर्ट, स्वीकृत इआइए, यसआइए, पिपिए, जेनेरेसन लाइसेन्स, ग्रिड कनेक्सन सम्झौता समेत ,

(२) मूल्यांकनकर्ताबाट प्राप्त भएको प्रतिवेदनमा लिड बैंक/संस्थाको प्रतिक्रिया तथा निरीक्षण प्रतिवेदन,

(३) परियोजनाको अनुगमन एवं निरीक्षण गर्ने, हर हिसाब जाँच गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी लिड बैंक/संस्थाले वहन गर्न स्वीकार गरेको जानकारीपत्र,

(४) परियोजनाको वित्तीय अवस्था यकीन गर्न सहवित्तीयकरण बैंठकको निर्णय अनुसार आन्तरिक एवं विशेष लेखापरीक्षण गराउन लेखापरीक्षकको नियुक्ति सम्बन्धी लिड बैंक/संस्थाको पत्र ।

**१०.३.६. पारीपासु सम्झौतामा समावेश गर्नुपर्ने विषयहरु**

(क) स्वीकृत कर्जा र स्वपूँजीको अनुपात ।

(ख) लिड/सहभागी/बैंक तथा वित्तीय संस्थाको कर्जाको अंश ।

(ग) निर्माण अवधि तथा ग्रेस अवधि सहित परियोजनाको कूल कर्जा अवधि ।

(घ) कर्जा प्रवाह हुने शर्तहरु ।

(ङ) ब्याजदर र सो सम्बन्धी शर्तहरु ।

(च) साँवा ब्याज भुक्तानी सम्बन्धी देहायका विषयहरुः-

(१) साँवा ब्याज भुक्तानी तालिका ।

(२) तोकिएको समयभित्र निर्धारित किस्ता रकम चुक्ता गर्दा ब्याज छुट दिने व्यवस्था भए सो सम्बन्धी व्यवस्था ।

(३) अग्रिम भुक्तानी शुल्क (Pre-payment charge) सम्बन्धी व्यवस्था ।

(४) ऋणी कम्पनीबाट प्राप्त हुने रकम लिड/सहभागी बैंक तथा वित्तीय संस्थाबीच पारीपासुको आधारमा विभाजन हुने व्यवस्था ।

(५) ऋणी कम्पनीबाट प्राप्त हुने रकम मध्ये साधारण ब्याज र हर्जाना ब्याज (Penal Interest) चुक्ता भएपछि मात्र साँवा किस्ता घटाइने व्यवस्था ।

(६) ऋणी कम्पनीले तोकिएको समयमा ब्याज भुक्तानी नगरेमा ब्याज रकमलाई पूँजीकरण गर्ने व्यवस्था ।

(७) ऋणी कम्पनीबाट प्राप्त हुने रकम लिड/सहभागी बैंक तथा वित्तीय संस्थाको बैंक खातामा जम्मा भैसक्नुपर्ने अवधि ।

(८) ऋणी कम्पनीले लिड/सहभागी बैंक तथा वित्तीय संस्थाको खातामा सिधै भुक्तानी गर्न सक्ने/नसक्ने व्यवस्था ।

(छ) ऋणी कम्पनी/संस्थालाई वित्तीय सेवा पुर्‍याए वापत लिड/सहभागी बैंक तथा वित्तीय संस्थाले लिने सेवा शुल्क र सोको बाँडफाँड सम्बन्धी व्यवस्था ।

(ज) धितो राखिने सम्पत्ति सम्बन्धी देहायका विवरणहरुः

(१) धितो रहने घर/जग्गाको कित्ता नं., क्षेत्रफल, ठेगाना र स्वामित्व सहितको विवरण ।

(२) भवन तथा निर्माण कार्यको नक्सा तथा नक्सापास प्रमाण सहितको विवरण ।

(३) धितो रहने अन्य चल अचल सम्पत्तिको विवरण ।

◊(४) लिजमा लिएको सम्पत्ति भएमा लिज सम्झौता ।

(झ) परियोजनाको लागत वृद्धि भएमा कर्जा थप हुने वा नहुने भन्ने विषय ।

(ञ) ऋणी कम्पनी/संस्थाको नाम, ठेगाना र संचालकहरु परिवर्तन गर्नुपूर्व लिड/सहभागी/ बैंक तथा वित्तीय संस्थालाई जानकारी दिनुपर्ने व्यवस्था ।

(ट) नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट जारी भएका वा हुने आदेश, निर्देशन पालना गर्ने विषय ।

(ठ) सहवित्तीकरण बैठकको निर्णय अनुसार लिड बैंक/संस्थाले परियोजनाको विशेष लेखापरीक्षण वा अनुगमन वा सुपरीवेक्षण गर्दा लाग्ने खर्च सम्बन्धित ऋणी कम्पनी/संस्थाले व्यहोर्नु पर्नेछ । सो विषय ऋणी कम्पनी/संस्थासँगको पारिपासु सम्झौतामा नै उल्लेख गर्नुपर्नेछ ।

(ड) अन्य शर्त तथा अवस्थाहरु सहवित्तीयकरण बैठकले निर्णय गरी पारीपासु सम्झौतामा थप गर्न सक्ने व्यवस्था ।

**१०.३.७. सहवित्तीयकरण कर्जा सम्बन्धी अन्य विषयहरु**

(क) लिड बैंक/संस्थाले परियोजना सम्पन्न भएपछि परियोजना सम्पन्न प्रतिवेदन (Project Completion Report) तयार गरी सहभागी बैंक/संस्थाहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) सहवित्तीयकरणको निर्णय, पारीपासु सम्झौता, धितो रजिष्ट्रेशनको लिखत, मूल्यांकन प्रतिवेदन, बीमालेख लगायत ऋणी कम्पनी/संस्थासँग सम्बन्धित सम्पूर्ण कागजातहरुको सक्कल प्रति लिड बैंक/संस्थामा सुरक्षित राखी कागजातहरुको प्रमाणित प्रतिलिपि कोषले लिई राख्नु पर्नेछ ।

(ग) परियोजनाको सम्पत्तिको मूल्यांकन शुल्क सम्बन्धित ऋणी कम्पनी/संस्थाले व्यहोर्नु पर्नेछ ।

(घ) परियोजनाको प्राविधिक मूल्यांकनको निमित्त सहवित्तीयकरण बैठकले नियुक्त गरेको विज्ञको शुल्क तथा पारिश्रमिक ऋणी कम्पनी/संस्थाले व्यहोर्नु पर्नेछ ।

## ◇ शेयर धितो कर्जा

**१०(क) १. शेयर धितो कर्जाका आबेदकले पेश गर्नु पर्ने कागजातहरु :**

१. रितपूर्वक भरिएको कर्जा माग गर्ने आवेदन फाराम ।

२. आवेदक तथा जमानत दिनेको हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।

३. आवेदक तथा जमानत दिनेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४. कोषले उपलब्ध गराएको परिचयपत्रको प्रतिलिपी ।

५. सहभागी कार्यरत कार्यालयबाट प्रमाणित गरिएको हालको शुरु तलब स्केल ।

६. रोक्कामा रहने शेयरहरुको विवरण खुलेको डिम्याट स्टेटमेन्ट र डिआई स्लिप ( Delivery Instruction Slip ) ।

७. पान (PAN) कार्डको प्रतिलिपी ।

८. संस्थागत/धितोपत्र ब्यापारी (स्टक डिलर) शेयर धितो कर्जाका हकमा संस्थागत आवेदन, संस्थाको प्रवन्धपत्र, नियमावली, इजाजतपत्र, संस्थाको आधिकारिक ब्यक्तिको नागरिकताको प्रतिलिपी, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा संचालक समितिको निर्णय ।

९.अन्य आवश्यक कागजातहरु ।

**१० (क) २. शेयर धितो कर्जाका आवेदकले पेश गर्नुपर्ने सुरक्षण सम्बन्धी कागजातहरु :**

शेयर धितो कर्जा अन्तर्गत कोषलाई मान्य धितो बापत रहने शेयरको अलावा निम्नानुसारको थप सुरक्षण लिखत कर्जा प्रवाह गर्नु अघि लिनु पर्नेछ ।

१. ऋणीले कोषलाई गरिदिने ऋण तमसुक (Loan Deed) ।

२. धितो सुरक्षण दिनेले कोषलाई गरिदिने धितो तमसुक (Pledge Deed) ।

३. ऋणीद्वारा स्वीकार गरिएको ऋण सुविधा-पत्र ।

४.शेयर धितो सुरक्षण राख्ने शेयरहोल्डरले सम्बन्धित कम्पनीको Depository Participants (DP) तथा Registrar to Share (RTS) लाई यस कोषको कर्जा चुक्ता नहुञ्जेल शेयर दाखिला खारेज रोक्का राख्न तथा उपरोक्त शेयरबाट भविष्यमा आर्जन हुने बोनस शेयर, हकप्रद शेयर लगायत नगद लाभांश यस कोषलाई उपलब्ध गराइदिन मन्जूरी दिएको मन्जूरीनामा ।

५. कोषको नाममा शेयर Pledge Confirmation लिई सम्बन्धित कम्पनीको DP बाट शेयरधनीको दस्तखत प्रमाणित गराई लिएको खाली चेक (Delivery Instruction Slip)।

६. ऋणी तथा ऋणीका एकाघर परिवार भित्रका कम्तिमा एक जना बालिग सदस्यको व्यक्तिगत जमानत ।

७. ऋणी तथा जमानत दिने ब्यक्ति कुनै पनि बैंक तथा वित्तीय संस्थाको कालो सूचिमा नपरेको भन्ने स्वघोषणाको कागज ।

८. आवश्यकता अनुसार अन्य थप कागजातहरु ।

**१०(क) ३. शेयर धितो कर्जाको सीमा :**

१. व्यक्तिगत सहभागी तर्फ यो कर्जाको न्यूनतम सीमा रु.५ लाख र अधिकतम सीमा रु. ३० लाखसम्म हुनेछ ।

२. संस्थागत तर्फ : इजाजत प्राप्त धितोपत्र ब्यापारी (स्टक डिलर) कम्पनीहरुलाई प्रदान गरिने कर्जाको सीमा न्युनतम रु. १० करोड हुनेछ ।

**१० (क) ४. शेयर धितो कर्जाको भुक्तानी अवधिः**

१. कर्जाको भुक्तानी म्याद अधिकतम १ बर्षको हुनेछ । कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्नेछ ।

२. कोषले आवश्यक ठानेमा ऋणीलाई कर्जा चुक्ता गर्नेबारे कुनै पनि समयमा सूचना दिई कर्जा चुक्ता गराउन सक्नेछ ।

३. नियमित रुपमा ब्याज भुक्तानी गर्ने ऋणीलाई आवश्यक प्रकृया पुरा गरी कर्जा नवीकरण गर्न सकिनेछ ।

**१० (क) ५. ब्याजदर तथा हर्जना ब्याज :**

१. शेयर धितो कर्जाको ब्याजदर कोषले समय समयमा तोके बमोजिम हुनेछ ।

२. समयमै कर्जाको ब्याज नतिरेमा तोकिएको ब्याजदरमा थप २ प्रतिशत हर्जना ब्याज लाग्ने छ ।

**१०(क) ६. शेयर धितो कर्जा लगानी प्रक्रिया :**

१. आबेदकले पेश गरेको कर्जा निवेदन फारामको अध्ययन गर्ने ।

२. कर्जा माग गर्दा पेश गर्नु पर्ने भनी तोकिएका कागजातहरुको उपयुक्तता एकिन गर्ने ।

३. कर्जा स्वीकृत भए पश्चात कोषबाट प्रवाह हुने कर्जाको शर्तहरु उल्लेख भएको ऋण स्वीकृत पत्रमा ऋणीको मञ्जुरी स्वरुप दस्तखत गराउने ।

४. ऋणीका नाममा रहेको शेयर रोक्का गर्ने ।

५. निर्धारित ढाँचाका सूरक्षण लिखतहरुमा ऋणीको दस्तखत तथा रेखात्मक दस्तखत गराई कर्जा प्रवाह गर्ने ।

६. ऋणीको दस्तखत सहितका सम्पूर्ण सुरक्षण लिखतहरु तथा कोषको नाममा रोक्का रहने शेयरहरु (Pledged shares) सम्बन्धी कागजातहरु, चेक/DI Slips तथा अन्य Pledge Confirmation Documents सहभागी ब्यक्ति ऋणीका हकमा कर्जा शाखामा र धितोपत्र ब्यापारी (स्टक डिलर) कम्पनी ऋणीका हकमा परियोजना मुल्याङ्कन तथा बिश्लेषण शाखामा सुरक्षित साथ अभिलेख राख्ने ।

७. निर्धारित समयमा कर्जाको साँवा /ब्याज भुक्तानी नभएका ग्राहकलाई साँवा/ब्याज जम्मा गर्न १ महिनाको सूचना जारी गर्ने, आवश्यक अनुसार ताकेता पश्चात पनि चुक्ता भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम धितोमा राखिएका शेयरहरु बिक्री गरी ऋण चुक्ता गर्ने व्यवस्था गर्नुपर्नेछ ।

८. धितोपत्र ब्यापारी (स्टक डिलर) कम्पनीलाई प्रवाह गरिएको कर्जाका हकमा १० प्रतिशत भन्दा बढी शेयर धारण गर्ने शेयरहोल्डर तथा सञ्चालकहरुको तोकिए बमोजिम आवश्यकता अनुसार व्यक्तिगत जमानत लिन सकिनेछ ।

९. यस कार्यविधिमा लेखिएका शर्त तथा बन्देजहरुका अतिरिक्त अन्य शर्त तथा प्रकृयाहरु कोषको नियम, नियामकीय ब्यवस्था तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**१०(क) ७.शेयरको धितोमा कर्जा प्रवाह गर्न योग्य कम्पनीका शेयरहरुः**

१. नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले प्रत्येक आ.व.का लागि प्रकाशित गरेको मार्जिन कारोबार योग्य कम्पनीहरुको शेयर धितोमा मात्र यो कर्जा प्रवाह गर्नुपर्नेछ । तर कोष तथा कोषको सहायक कम्पनीको शेयरको धितोमा कर्जा प्रवाह गरिने छैन ।

२. कर्जा प्रवाह गर्न  धितो राख्ने शेयरको बजार मूल्य गणना गर्दा नेपाल स्टक एक्सचेञ्जमा कारोवार भएको १८० कार्य दिनको औसत बजार मूल्य (Closing Price Average) वा शेयरको प्रचलित बजार मूल्य (Closing Price) मध्ये जुन कम हुन्छ सो को आधारमा शेयर मूल्य गणना गरि आउने रकमको ६० प्रतिशत सम्म कर्जा प्रवाह गर्न सकिनेछ ।

३. धितोमा रहेको शेयरको पुर्नमूल्यांकन गरी कर्जा अबधि भित्र थप कर्जा उपलब्ध गराईने छैन ।

४. ग्राहकले कोषले समय समयमा तोकेका कम्पनीहरुको खरिद गरिसकेका साधारण शेयर वा थप खरिद गर्ने साधारण शेयर धितो राख्ने गरी  सीमा (Limit) माग गरेमा सीमा स्वीकृत गर्न सकिनेछ।  कोषले सूचीकृत गरेका कम्पनीहरु मध्येको कम्पनीको शेयर खरिद गरे पश्चात Demat Statement मा देखिएपछि उक्त शेयरहरु Pledge गरी कोषको  नियमानुसार मूल्य कायम गरी तोकिएको मार्जिन रकम कट्टा गरेर मात्र स्वीकृत सीमा भित्र रही पूर्ण वा आंशिक रुपमा कर्जा प्रवाह गर्न सकिने छ ।

**१०(क) ८. पोर्टफोलियो समीक्षा (Portfolio Review) तथा कर्जा अनुगमन प्रक्रियाः :**

१. सम्बन्धित शाखाद्वारा हरेक महिना शेयर धितो कर्जाको Portfolio Review गर्नुपर्नेछ । साथै आवश्यकता अनुसार अन्य समयमा समेत Portfolio Review गर्न सकिने छ ।

२. यस प्रकारको कर्जामा अतिरिक्त सुरक्षण नहुने, शेयरको बजार मूल्यमा ह्रास आउन सक्ने, कम्पनी लिक्वीडेशनमा जान सक्ने जस्ता कारणले शेयर धितो कर्जा उच्च जोखिमको हुने हुँदा संवेदनशील भई निरन्तर अनुगमन गर्नुपर्दछ । सम्बन्धित बिभाग/शाखाबाट शेयर धितो कर्जा अन्तर्गत प्रवाह भइरहेका कर्जाहरुको धितो बापत रहेका शेयरहरुको बजार मूल्य बमोजिम तोकिएको मार्जिन खामेको, नखामेको निरन्तर अनुगमन गर्नुपर्दछ । उपरोक्त अनुसार अनुगमन गरिएको व्यहोरा नियमित रुपमा कार्यकारी निर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

३. शेयर बजारमा मूल्यमा ह्रास आई कर्जा रकम तोकिएको मार्जिन भन्दा बढी भएमा सो तोकिएको रकम भन्दा जे जति रकमले कर्जा बढी हुन्छ सो बढी भएको कर्जा रकम कोषले ७ दिनको सूचना दिई ऋणीबाट रकम जम्मा गराउने वा सो रकम बराबरको कोषलाई स्वीकार्य थप शेयर सुरक्षण धितो लिनु पर्दछ । यसरी सूचना जारी गरेको ७ दिन भित्र माग गरिएको रकम जम्मा नगरेमा वा थप शेयर धितो नराखेमा कोषमा धितो वापत रहेको शेयर बिक्री गरी कर्जा

रकम तोकिएको मार्जिन भित्र राख्नु पर्दछ । मार्जिन कल गर्ने सम्वन्धी व्यवस्था कोषले तोके बमोजिम हुनेछ ।

४. कारणवश धितोमा रहेको शेयर बिक्रीबाट कर्जा असुल उपर नभएमा वा शेयर बिक्री नै हुन नसकेमा कर्जा प्रदान गर्दाका बखत ऋणीले गरिदिएको तमसुकका शर्त बमोजिम निजको घर-घराना, चल अचल सम्पत्तिबाट कर्जा रकम असुल उपर गर्न अविलम्ब कारबाही अगाडि बढाउनु पर्दछ ।

५. मार्जिन कल तथा शेयर धितो कर्जाको Deficit Recovery गर्ने कार्य कोषले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

**१० (क) ९.कर्जा प्रवाह/नवीकरणको सिलसिलामा लिनु पर्ने शूल्कहरु :**

१. शेयर धितो कर्जा उपयोग गर्दा अपनाउनु पर्ने प्रकृयाका लागि तथा शेयर नामसारी/रोक्का एवम्  अन्य लाग्ने सेवा शुल्क तथा अन्य दै-दस्तुर ऋणीले व्यहोर्नु पर्नेछ ।

२. शेयर धितो कर्जामा स्वीकृत कर्जा सीमा रकमको ०.२५ प्रतिशत सेवा शूल्क लाग्ने छ ।

# परिच्छेद-११

## कर्जा स्वीकृति विधि र प्रकृया

### ११.१ कर्जा स्वीकृति विधिः

कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कोष समक्ष कर्जा माग गरी नियमानुसार फाइल तयार गरी आवश्यक कागजात सहित आवेदन पेश हुन आएमा कर्जा विभागले सो फाइल अध्ययन गरी कर्जाको सम्बन्धित कर्मचारीलाई फाइल बुझाई सो कर्जा दिने वा नदिने तर्फ प्रकृया अगाडि बढाइने छ ।

(क) आवेदन गर्ने व्यक्तिसंग पेश भएको सबै कुरा यथार्थ बुझ्न आवश्यक सोधपुछ गरी किन ? कति ? केको लागि ? कसलाई ? भनी यथार्थ व्यहोरा जानकारी लिनु पर्नेछ । साथै, निजले कर्जा बुझाउन सक्छ सक्दैन भन्ने कुराको विश्लेषण गर्नु पर्नेछ ।

(ख) कर्जाको पहिलो किस्ता दिंदा कोषको नियमानुसार सेवा दस्तुर बुझाउन लगाउनु पर्नेछ । सेवा दस्तुर लगायतका दस्तुर, शुल्कहरु बुझाएको रसिद फाइलमा राख्नु पर्नेछ ।

(ग) कर्जा स्वीकृति हुने अवस्था भएमा आवश्यक प्रक्रियाहरु पुरा गरी कर्जा उपसमितिमा पेश गरी कर्जा स्वीकृतिपत्र, लिखतहरु, रोक्का नामसारी गरी कर्जा प्रवाहको लागि लेखालाई अनुरोध गर्ने र नियमानुसार कर्जा रकम निकासा गर्नु पर्नेछ ।

(घ) कर्जा निकासा गरिसकेपछि किस्ता भुक्तानी तालिका २ प्रति दस्तखत गरी, एक प्रति तालिका कर्जा फाइलमा र एक प्रति ऋणीलाई दिनुपर्ने छ ।

(ङ) कोषबाट कर्जा प्रबाह भई नयाँ बन्ने घर तयार भएपछि र खरीद गर्ने घर कोषको नियमानुसार बीमा गर्नु पर्नेछ ।

### ११.२. कर्जा लगानी प्रकृया :

(क) कर्जाको सुरक्षण वापत कोषले अचल सम्पत्तिको धितोबन्धक पारित लिखत र रोक्का पत्र प्राप्त गरेपछि स्वीकृत कर्जा रकम वा किस्ता उपलब्ध गराउनु पूर्व कर्जा शाखाले सहभागी ऋणीको अन्य कोषमा जम्मा भएको रकम रोक्काका लागि तोकिए वमोजिमको ढाँचाको पत्र सम्बन्धित शाखामा पठाउनु पर्नेछ । सम्बन्धित शाखाले तोकिए वमोजिमको ढाँचामा कोष रकम रोक्का गरेको विवरण खुलाएको पत्र अभिलेखको लागि कर्जा शाखामा पठाउनु पर्नेछ ।

(ख) सहभागी ऋणीले कोषबाट कर्जा लिए वापत कोषले सहभागी ऋणीसँग तोकिए वमोजिमको ढाँचाको आन्तरिक लिखत र एकाघर परिवारको सम्पत्ति धितो सुरक्षणमा लिएको अवस्थामा धितोदातासँग व्यक्तिगत जमानी पत्र समेत गराई राख्नुपर्नेछ ।

(ग) कर्जा प्रदान गर्नुपूर्व धितोबन्धक पारित लिखत, रोक्का पत्र, शेयर रोक्काको कागज, सहभागीको अन्य कोषमा भएको रकम रोक्का गरेको पत्र कर्जाको आन्तरिक तमसुक, जमानी पत्र, सहभागी ऋणी र कोषबीच भए बमोजिमको सम्झौता-पत्र, धितो मुल्याङ्कन प्रतिवेदन, जग्गाधनीको मंजुरीनामा, जग्गाधनी प्रमाणपुर्जाको सक्कल प्रति, तिरो तिरेको रसिद, नापी नक्सा र ट्रेस नक्सा, चार किल्ला प्रमाणित पत्र, खरीद /निर्माण/मर्मत/सजावट गरिने घरको स्वीकृत नक्सा र खरीद गरिने घरको निर्माण सम्पन्न प्रमाण पत्र रुजु गरी सम्बन्धित कर्जा फाइलमा समावेश गर्नु पर्नेछ।

(घ) कर्जा प्रमुखसँगको प्रारम्भिक कुराकानी पश्चात कर्जा प्रवाह हुन सक्ने सम्भाव्य व्यक्ति, फर्म, संस्था, कम्पनी आदिबाट कर्जा आवेदन फारम भराई लिनुपर्ने छ ।

(ङ) प्रत्येक कर्जामा आवश्यकतानुसार कर्मचारीहरु वीचमा वा उपल्लो निकायसंग छलफल र सल्लाह गरेर मात्र कर्जा सम्बन्धी कार्यवाहि अघि बढाउनु पर्दछ ।

(च) कर्जा माग गर्दा शुरूमा कोषबाट तयार गरिएको कर्जा आवेदन फारम पूर्ण रूपमा भर्नु पर्नेछ, केरमेट गरेकोमा दस्तखत गराउनु पर्नेछ र टिपेक्सको प्रयोग गर्न पाइने छैन ।

(छ) कर्जा आवेदन पनि ऋणीको स्वःघोषणा भएको हुनाले कर्जा आवेदन फारममा एक भन्दा बढी व्यक्तिको अक्षर र मसी प्रयोग गर्न दिनु हुदैन ।

(ज) कर्जा फारम भर्न नसक्ने कर्जा आवेदकहरूको हकमा मात्र कोषको कर्मचारीले फाराम भर्ने तर अन्य कर्जा आवेदकलाई समेत कर्जा फारम भर्न सहयोग भने गर्नु पर्नेछ ।

(झ) कर्जा आवेदन फारममा भर्न आवश्यक नदेखिएका विवरणलाई घर्सो तानिदिने गर्नुपर्छ, फर्म खाली राख्नु हुदैन ।

(ञ) कर्जाको फायलमा रहेको चेक लिस्ट बमोजिमका कागजातहरू क्रमबद्ध रूपमा राख्नु पर्नेछ र कुनै कागजात नपुग भएको छ भने फायलमा अलग्गै टुक्रामा प्राप्त हुन बाँकी कागजातको लिस्ट लेख्ने र प्राप्त भएकोमा जनाउ (✓) दिदैं जानुपर्छ, सम्पूर्ण कागजात प्राप्त भए पश्चात मात्र उक्त टुका कागज हटाउनु पर्ने छ ।

(ट) ग्राहकसँग लिनु पर्ने कागजात, विवरण र कोषको तर्फबाट गराउनु पर्ने सम्पूर्ण लिखत गराइसके पछि मात्र सो फाइल कर्जा प्रवाहको लागि योग्य हुने भएकोले कर्जा फाइलसँग सम्बन्धित कर्मचारी यस विषयमा चनाखो हुनुपर्दछ ।

(ठ) एउटा कर्जा फाइल सकेसम्म एक जना कर्मचारीले मात्र जिम्मामा लिई कार्यवाही गर्नुपर्नेछ र सो फाइलसँगको असुली लगायत सम्पूर्ण कुराको जवाफदेहीता लिन सक्ने हुनुपर्छ । कर्जा प्रमुखले सो को आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(ड) कर्जा प्रवाह सम्वन्धी कार्य गर्दा कुनै कर्मचारी बिदामा बसेको अवस्थामा मात्र अन्य कर्मचारीलाई सो फाईल सम्बन्धी कार्य गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(ढ) ग्राहकसँगको प्रारम्भिक अन्तवार्ताबाट कर्जा प्रकृया अघि बढन सक्ने सम्भावना भए मात्र धितो मूल्याङ्कन लगायतका प्रकृया अघि बढाइ उपयुक्त भएमा आवश्यकतानुसार कर्जा सूचना लिने र त्यसपछि टिप्पणी तयार गर्ने, टिप्पणी सदर भए पश्चात घरजग्गा रोक्का, गाडी नामसारी, शेयर रोक्का गर्ने तत्पश्चात मात्र कानुनी कागजपत्र बनाउने गरी सिलसिलेवार रूपमा कार्य गर्नुपर्नेछ ।

(ण) कर्जा आवेदकको तर्फबाट बुझाउने कागजातमा सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गराई सही गराउने र नागरिकता, व्लुबुक कोषको अधिकृत कर्मचारीबाट सक्कलप्रतिसँग भिडाई प्रमाणित गर्नुपर्नेछ ।

(त) तमसुकमा ल्याप्चे सही ठाउँमा गर्न लगाउने, कम्तीमा दुई जना साक्षी राख्ने, तमसुक लेखकले आफ्नो नाम लेखी दस्तखत गर्ने । तमसुकमा दस्तखत गर्दा हस्ताक्षर पहिचानको लागि पुरा नाम समेत लेख्न  लगाउने ।

(थ) कर्जा स्वीकृति पत्र (Loan approoval letter) को दुबै प्रतिमा कोष र ऋणीको तर्फबाट दस्तखत गर्ने, गराउने र कोषको छाप लगाने । ऋणी संगठित संस्था भएमा उक्त संस्था/कम्पनीको छाप हान्न लगाउनु पर्नेछ ।

(द) निश्चित रकम भन्दा माथिको कर्जाको हकमा कर्जा स्वीकृति पत्र कम्प्यूटरबाट तयार गर्ने र प्रत्येक कर्जाको लागि  आवश्यक शर्तहरू उल्लेख गर्ने र कर्जा स्वीकृतिको एकप्रति अनिवार्य रुपमा ऋणीलाई दिनुपर्छ ।

(ध) घरजग्गा, फल्याट र जग्गा खरीद  गर्ने प्रयोजनको लागि प्रवाह गरिने कर्जा एकै किस्तामा भुक्तानी गर्न सकिनेछ ।

(न) बीमा, घरजग्गा कर, सवारी कर नियमित रुपमा भुक्तानी गर्न लगाई सो को प्रतिलिपि संस्थालाई उपलब्ध्य गराउने र सम्बन्धित कर्जा फाइलमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(प) कर्जा भुक्तानी तालिका (Loan Repayment Schedule) मा ऋणीलाई बायाँ तर्फ र कोषको तर्फबाट दायाँ तर्फ दस्तखत गर्ने र कोषको छाप लगाई एक एक प्रति लिने दिने । ऋणी संस्था भएमा छाप हान्न लगाउनु पर्नेछ ।

(फ) चेक बनाउने वा खातामा रकम जम्मा गर्न लगाउने आन्तरिक पत्रमा अनिर्वाय रूपमा, तयार गर्ने र रूजु गर्नेले दस्तखत गरेर मात्र आधिकारिक पदाधिकारी समक्ष स्वीकृतिको लागि पेश गर्ने । सामान्यतः रूजु गर्ने व्यक्तिले आन्तरिक पत्र तयार गर्नु हुँदैन ।

(ब) तमसुकमा दस्तखत गर्दा दस्तखत गर्नेको दस्तखत गराई, नाम लेखाई, बुढी औंलाको छाप सहि स्थानमा लगाउन लगाउने । साक्षी राख्दा जमानी दिने व्यक्तिलाई र अन्य कसैलाई राख्ने । कोषको कर्मचारीलाई साक्षी राख्न मिल्दैन । साक्षीलाई अनिवार्य रूपमा दस्तखत गराउने ।

(भ) एकाघर परिवारका सबै कागजात, लिखत, चेक लगायत सबैमा एकै प्रकारको दस्तखत हुनु पर्दछ ।

(म) एकाघर परिवारका सदस्यको शेयर सुरक्षणमा राखिनेमा नीजहरूले कोषलाई उक्त शेयर सुरक्षणमा राखेर ऋणीले कर्जा उपभोग गर्नेमा मञ्जुरी दिने र नतिरेमा लिलाम वा विक्री गरी असुल उपर गर्न सक्ने गरी स्वीकृति प्रदान गरेको मञ्जुरीनामा उपलब्ध गराउनु पर्नेछ ।

(य) कोषबाट कर्मचारी डोर खटाई डोरबाट लिखत गराउनु पर्ने अवस्थामा ऋणी वा जमानी दिनेबाट लिखित निवेदन लिई तोकिए बमोजिमको निवेदन लिएर आवश्यकता अनुसार कोषका कर्मचारीहरुलाई डोर खटाउन सकिनेछ, सोको लागि प्रमुख कार्यकारी अधिकृत र शाखाको हकमा शाखा प्रमुखबाट लिखित पत्र लिएर मात्र डोरमा खटिई जाने व्यवस्था गर्नु पर्दछ ।

(र) पुरानो ऋणीको नाममा थप कर्जा प्रवाह गर्नु परेमा पुरानो कर्जाको विवरण समावेश गरी राय सहित टिप्पणी पेश गर्नुपर्नेछ ।

(ल) अन्य ऋणी जमानी रहेको फाइलमा दुवै जनाको फाइलमा जमानीको विषय जनाउने व्यवस्था गर्ने र कुनै एउटा फाइलको कर्जा चुक्ता भएको अवस्थामा अर्को कर्जालाई असर नपर्ने गरी मात्र फुकुवा गर्ने ।

(व) प्रत्येक कर्जाको लागि आवश्यक शर्तहरु उल्लेख गरी कर्जा स्वीकृति पत्र (Loan Approoval Letter) दिने र ग्राहकले प्रस्ताव स्वीकार गरेमा थप प्रकृया अघि बढाउने ।

(श) पुरानो ऋणीको नाममा थप कर्जा प्रवाह गर्नु परेमा पुरानो सम्पूर्ण स्टेटमेण्ट र कर्जाको विवरण नयाँ फाइलमा समावेश गरी सो को स्थिति उल्लेख गरेर टिप्पणी पेश गर्ने ।

(ष) कर्जा स्वीकृत गरी सूचना दिएको तीन महिना भित्र कर्जा नलिएमा स्वीकृत भएको कर्जा स्वतः रद्द हुनेछ र सो वापत कुनै वचनवद्धता शुल्क, सेवा शुल्क वा अन्य कुनै शुल्क लिइएको भएमा सामान्यतः फिर्ता गरिने छैन ।

(स) कोषले कर्जाको प्रकृति र ऋणीको अवस्था हेरी कर्जामा आवश्यकता अनुसार किस्ता बुझाउन थप (Grace) समय उपलब्ध गराउन सक्नेछ । ऋणीबाट थप (Grace) समय उपलब्ध गराउन माग भई आएको अवस्थामा कोषलाई मनासिव लागेमा थप शुल्क लिई वा नलिई कर्जा भुक्तानी गर्ने समय थप गरिदिन सकिनेछ ।

(ह) कोटेशनको आधारमा कर्जा दिने अवस्थामा कोटेसन ठीक छ छैन सामान आपूर्तीकर्ता ( Supplier) सही व्यक्ति, फर्म वा कम्पनी हो होइन यकीन गर्नु पर्दछ । शंका लागेमा बुझ्नु पनि पर्ने छ ।

## ११.३. कर्जाको ग्रेस अवधी :

| सि.नं. | कर्जा शिर्षक | ग्रेस अवधी |
|---|---|---|
| १. | आवास कर्जा | बढीमा एक बर्ष |
| २ | शैक्षिक कर्जा | सम्बन्धित बिषयमा पढ्न लाग्ने समयमा थप ६ महिना |
| ३ | परियोजना कर्जा | परियोजनाको प्रकृती अनुसार ६ महिना देखि ५ बर्षसम्म |
| ४ | सहबित्तीयकरण कर्जा | परियोजनाको प्रकृति अनुसार सहबित्तीयकरण कमिटिको शिफारिसमा समितिले तोके बमोजिम । |

## ११.४. कर्जा भुक्तानी तालिका:

स्वीकृत कर्जा प्रवाह गरेको दिन कर्जावालालाई साँवा ब्याजको भुक्तानी तालिका जारी गरिने छ । भुक्तानी तालिकाको ढाँचा समय समयमा कोषले तोके बमोजिम हुनेछ ।

# परिच्छेद - १२
# धितो सुरक्षण मूल्यांकन र जमानत सम्बन्धी व्यवस्था

## १२.१ कोषले धितोमा लिन सक्ने चल अचल सम्पत्तीहरु

क. जग्गा ।

ख. घरजग्गा/फ्ल्याट (साविक/खरीद गर्ने) ।

ग. कोषद्वारा कर्जा प्रदान गरिएको परियोजना र परियोजनाको जायजेथा

घ. सवारी साधन ।

ङ. शेयर ।

च. कोषले समयसमयमा सुरक्षणको रुपमा लिने भनी तोकेका अन्य चलअचल सम्पत्तीहरु ।

## १२.२ मूल्याँकन कर्ता

(क) कोषबाट प्रवाह गरिने कर्जाको सुरक्षणका लागि कोषले धितो स्वीकार गर्ने जग्गा, भवन, मेसिनरी, औजार, कारखाना, गोदाम आदि र कर्जा लगानी गरिने परियोजनाको मुल्याँकन कोषको निर्णयानुसार स्वीकृत सूचीमा समावेश भएका इञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा तोकिएको विज्ञ प्राविधिकद्वारा गरिनेछ ।

(ख) मूल्याँकनकर्ताको योग्यता र अनुभव कोषले तोकेबमोजिम हुनेछ ।

(ग) कोषले समय समयमा प्रस्ताव आव्हान गरी सूचीमा समावेश हुन आवेदन गरेका मध्ये कोषले तोकेको मापदण्ड पूरा गरेका योग्य मुल्याँकनकर्ताहरु लाई सूचीकृत गरिनेछ ।

(घ) रु.१ करोडसम्मको कर्जाको धितो सुरक्षणको मूल्याँकन कोषमा सूचीकृत इञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्मबाट गराउनु पर्नेछ । सो भन्दा माथिका कर्जाको मुल्याँकन सूचीकृत इञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा तोकिएको विज्ञ प्राविधिकद्वारा गराउनु पर्नेछ ।

## १२.३. मूल्याँकन कर्ताले जमानत दिनुपर्ने :

(क) रु.१ करोडसम्मको कर्जाको धितो मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत इञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्मले एक लाख रुपैयाँ र रु १ करोड भन्दा माथिको कर्जाको धितो मूल्याङ्कन गर्दा सूचीकृत इञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्मले पाँच लाख रुपैयाँ बराबरको नगद धरौटी वा बैंक जमानत कोषमा दाखिला गर्नु पर्नेछ ।

(ख) कोषले विज्ञ प्राविधिक नियुक्त गर्नुपर्दा सम्झौताको शर्त बमोजिम धरौटी वा बैंक जमानत दाखिला गर्नु पर्नेछ ।

**१२.४. मूल्याँकन कर्तासँगको सम्झौता :** सूचीकृत मूल्याँकनकर्तासँग कोषले धितो सुरक्षण मूल्याँकन वा परियोजना मुल्याँकन गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

## १२.५. धितो सुरक्षणमा लिइने अचल सम्पत्ति सम्बन्धी न्युनतम कानुनी आधारहरु :

(क) हक स्वामित्व हस्तान्तरण भै आएको घरजग्गा तपशील बमोजिम हदम्याद समाप्त भएको हुनुपर्ने,

| सि.नं. | हक हस्तान्तरण प्रक्रिया | हद म्याद |
|---|---|---|
| Δ१. | राजीनामा, दाखिला खारेज, दर्ताफारी, नामसारी | ६ महिना ३५ दिन |
| २. | बकस पत्र | २ बर्ष ३५ दिन |
| ३. | अंशवण्डा | ९० दिन |
| ४. | सट्टापट्टा गरी आएको | ६ महिना ३५ दिन |
| ५. | अपुताली परी हककायम भएको | ३ बर्ष |

◊(ख) हाइटेन्सन लाइन नजिक पर्ने घर/जग्गाको हकमा १३२ के.भी.वा सो भन्दा माथिको प्रसारण लाइन भएको क्षेत्रमा कम्तिमा १० मिटर वा १३२ के.भी.भन्दा कम क्षमताको प्रसारण लाइन भएको क्षेत्रमा कम्तिमा ५ मिटर वा ११ के.भी. क्षमताको प्रसारण लाइन भएको क्षेत्रमा कम्तिमा ३ मिटर वा नेपाल सरकार वा सम्बन्धित निकाय वा स्थानीय तहले तोकेको मापदण्ड भन्दा नघट्ने गरी जग्गाको क्षेत्रफलबाट कट्टा गरी बाँकी रहेको जग्गालाई धितो रहने क्षेत्रफलको रुपमा लिनु पर्नेछ ।

(ग) खोला किनारामा रहेको घरजग्गाको हकमा उपत्यका /नगर बिकास प्राधिकरण तथा महानगरपालिका, उप महानगरपालिका, नगरपालिका /गाँउपालिका सरकारी निकायले समय समयमा निर्धारण गरेको मापदण्ड विपरीत नभएको ।

(घ) नेपाल सरकारले तोकेको सिमसार र ग्रिनबेल्ट क्षेत्र भित्र नभएको ।

(ङ) बिश्व सम्पदा सूचीमा नपरेको ।

(च) अदालत वा अन्य कुनै निकायमा मुद्धा मामिला नपरेको ।

(छ) कोषले निर्धारण गरेको क्षेत्रभन्दा बाहिर नभएको ।

(ज) धितो राखिने घरजग्गा कम्तीमा २.५ आना वा ५ धुर भन्दा कम नभएको ।

Δ(झ) घर खरीद गर्न कर्जा माग भएको हकमा धितोमा लिइने भवन स्थानीय तहबाट नियमानुसार नक्सा स्वीकृत भई निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) धितोमा लिइने अचल सम्पत्तिको सम्पत्ति कर र तिरो तिरेको प्रमाण संलग्न भएको,

(ट) माथिका दफाहरुमा जेसुकै कुरा लेखिएको भएतापनि राजीनामा वा बकसपत्र, गर्दाका बखत लिखतमा उल्लेख गरिएको खरीद बिकी मूल्यलाई आधार मानी उक्त मूल्यको ८० प्रतिशत सम्म वा मुल्याङ्कनकर्ताले गरेको मुल्याङ्कन रकम मध्येको कम मुल्यलाई

मुल्याङ्कन कायम गरी सो मुल्याँकनका आधारमा कर्जा प्रवाह गर्न हदम्यादले कुनै बाधा पर्ने छैन ।

(ठ) सहभागी ऋणी वा निजको एकाघर परिवारका १८ वर्ष उमेर पुरा गरेका वालिग सदस्यको नाममा दर्ता रही पूर्ण हक, भोग, स्वामित्व कायम रहेको महानगरपालिका, उप महानगरपालिका, नगरपालिका, नगरउन्मुख गाँउहरु र नगर विकास परियोजना लागू भएका क्षेत्रभित्रको घर जग्गा, फ्ल्याट धितोमा लिन सकिनेछ ।

(ड) धितोमा लिइने घरजग्गा वा जग्गामा पुग्ने बाटो सहभागी कर्जाको हकमा न्युनतम १० फिटको र अन्य कर्जाको हकमा न्यूनतम १६ फिटको कायम भएको हुनु पर्नेछ । यस्तो अबस्थामा कम्तीमा ५ फिट सेट ब्याक (Set Back) भएको हुनु पर्नेछ ।

अन्य कर्जाको हकमा लिइने बाटो सम्बन्धी व्यवस्था सम्बन्धित कर्जामा व्यवस्था गरिए वमोजिम हुनेछ ।

(ढ) धितो सुरक्षण लिन नसकिने अचल सम्पत्ती

(१) पुरातत्व, गुठी जग्गा र बि.सं. २०६४ साल माघ १० भन्दा पछि रैतानी भएको जग्गा धितोको रुपमा स्वीकार्य हुने छैन ।

(२) मोही लागेको जग्गा धितोको लागि स्वीकार योग्य हुने छैन ।

(३) शेष पछिको बकसपत्र गरिदिएको घर/जग्गा धितोमा लिइने छैन ।

(४) नावालकको नाममा रहेको अचल सम्पत्ती धितोको रुपमा लिइने छैन ।

## १२.६. कर्जाको धितो सुरक्षणमा लिइने अचल सम्पत्ती मुल्याँकनका आधारहरु :

(क) खरीद गर्ने वा निर्माणाधिन घर/भवनको मुल्याङ्कन कोषले समय-समयमा तोकेको मापदण्डको सीमाभित्र रही गर्नु पर्नेछ ।

(ख) धितोमा लिइने जग्गाको मुल्याङ्कन गर्दा सम्बन्धित मालपोत कार्यालयको चालु आ.व. को जग्गाको न्यूनतम मुल्याङ्कन र चलनचल्तिको मुल्यको अनुपात निम्नानुसार कायम गर्नु पर्नेछ ।

## १२.७. जग्गा मूल्यांकन गर्दा लिनुपर्ने आधारहरु :

(क) धितो सुरक्षणमा लिइने जग्गाको बर्गिकरण

| क्र.सं. | स्थान | पूर्वाधार/सुविधाहरु | कायम गर्ने मूल्य |
|---|---|---|---|
| १. | महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, | प्रमुख व्यापारिक केन्द्रको प्रमुख व्यापारिक सडकसँग जोडिएको | चलनचल्तीको मूल्यको ७० प्रतिशत र सरकारी मूल्यको ३० प्रतिशत |
| २. | महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, | व्यापारिक क्षेत्र (मोटरेवल कालोपत्र सडक, विजुली, टेलिफोन, ढल निकास, बजार जस्ता सुविधा) | चलनचल्तीको मूल्यको ६५ प्रतिशत र सरकारी मूल्यको ३५ प्रतिशत |

| क्र.सं. | स्थान | पूर्वाधार/सुविधाहरु | कायम गर्ने मूल्य |
|---|---|---|---|
| Δ३ | महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, (काठमाण्डौं उपत्यका बाहिर) | मोटरेवल कालोपत्र सडक, विजुली, टेलिफोन, ढल निकास, बजार जस्ता सुविधाहरु भएको सडकसँग जोडिएको व्यापारिक/आवासीय क्षेत्र | चलनचल्तीको मूल्यको ६० प्रतिशत र सरकारी मूल्यको ४० प्रतिशत |
| Δ४ | महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका,गाँउपालिका (काठमाण्डौं उपत्यका भित्र) | मोटरेवल सडक, विजुली, टेलिफोन, बजार जस्ता सुविधाहरु भएको सडकसँग जोडिएको आवासीय क्षेत्र | चलनचल्तीको मूल्यको ६० प्रतिशत र सरकारी मूल्यको ४० प्रतिशत |
| Δ५ | महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाँउपालिका | मुल सडकबाट १ कि.मि.सम्मको भित्री सडकमा अवस्थित आवासीय क्षेत्र । | चलन चल्तीको मूल्यको ५० प्रतिशत र सरकारी मूल्यको ५० प्रतिशत |

(ख) धितो मुल्याङ्कन गरी आएको रकमबाट १० प्रतिशत मार्जिन कट्टा (शेयर धितो वाहेक) गरी बाँकी रहन आएको Distress Value को रकम कोषले धितोको रुपमा स्वीकार गर्न सक्ने अधिकतम मुल्य हुनेछ ।

◇(ग) घर धितो राखी कर्जा लिने भए घरको बार्षिक रुपमा दुई प्रतिशत ह्रास कट्टी गरी सिधारेखा विधि Straight Line Method (SLM) मा मुल्यांकन गर्नु पर्नेछ ।

(घ) धितो मुल्याङ्कन गर्दा सहभागीले पेश गरेका कागजातहरु मध्ये नापी नक्सा, चार किल्ला प्रमाणित पत्र, जग्गा धनी प्रमाणपुर्जामा उल्लेखित जग्गाको क्षेत्रफल, घरले चर्चेको क्षेत्रफल, खरीद/निर्माण स्थल र बाटोको चौडाई आदि समेत खुलाई जग्गाको मुल्याङ्कन र घरको अनुमानित लागत हिसाब गर्नु पर्नेछ । धितो मुल्याङ्कन प्रतिवेदन साथ धितोमा राखिने घर जग्गाको फोटो र सोही कित्तामा घर निर्माण भएको व्यहोरा प्रमाणित गरी कोषको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ङ) मुल्याङ्कनकर्ताले गरेको काम कारवाहीको कोषले समय-समयमा स्थलगत निरीक्षण गर्न सक्नेछ । धितो मुल्याङ्कनकर्ताले पेश गरेको मुल्याङ्कन प्रतिवेदन स्वीकार गर्ने, मुल्याङ्कन रकम घटाउन सक्ने वा स्वीकार नगर्ने अधिकार कोषमा निहित रहने छ ।

(च) कोषले तोकेको धितो मुल्याङ्कनकर्तामा मुल्याङ्कनको सम्पुर्ण जवाफदेहिता रहनेछ ।

(छ) भवन तथा निर्माण कार्यको मुल्याङ्कन गर्दा सरकारी मापदण्डको परिपालना गरी तोकिएको दररेट अनुसार गर्नुपर्नेछ । पुरानो भवन तथा निर्माण कार्यको खुद मूल्यांकन गर्दा निर्माण भएको समयावधि गणना गरी आयकर ऐनले तय गरेको दरमा ह्रासकट्टी गर्नुपर्नेछ ।

(ज) नयाँ मेशिनरी, कार्यालय उपकरण तथा अन्य सम्पत्तिहरुको मूल्यांकन आधिकारिक खरीद बिलको आधारमा सम्बन्धित बिज्ञबाट गराउनु पर्नेछ । प्रचलित आयकर ऐनको व्यवस्था बमोजिम ह्रासकट्टी गरी पुरानो मेशिनरी, कार्यालय उपकरण तथा अन्य सम्पत्तिहरुको खुद मुल्याङ्कन कायम गर्नुपर्नेछ ।

(झ) मुल्याङ्कन गर्दा सूचीकृत मुल्याङ्कनकर्ताले प्रचलित कानुन एवं कोषका नियम विनियम र यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरुको पूर्ण परिपालना गर्नु पर्नेछ ।

## १२.८ शेयर धितो सम्बन्धी व्यवस्था

◊१ सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सो रकमको आधारमा मूल्याङ्कन गरिने छ ।

२. सहभागी कर्जाको हकमा संस्थापक शेयर धितोको रुपमा लिइने छैन ।

३. धितोमा रहने शेयर वापत प्राप्त हुने बोनश शेयर र हकप्रद समेत रोक्का रहने व्यवस्था गरिनेछ ।

४. सुरक्षणमा रहेका शेयरको मूल्याङ्कन गर्दा स्विकार गरिएको मूल्य भन्दा कम भएमा सोही बराबर मार्जिन कल गर्नु पर्नेछ ।

## १२.९ एउटै धितोबाट कर्जा प्रदान गर्ने सम्बन्धी व्यवस्था

∆(क) अधिकतम सिमा रु १ करोड ५० लाख भित्र रहने गरी धितोले खामेसम्म सहभागी कर्जा प्रदान गर्न सकिनेछ ।

(ख) एउटै धितोको मूल्याङ्कनले खामेमा सहभागी कर्जा लिन योग्य सहभागीले एकाघर परिवारको पति र पत्निलाई सहगाभी कर्जा प्रदान गर्न सकिनेछ ।

## १२.१०.जमानत सम्बन्धी ब्यवस्था

परियोजना कर्जा, चालू पुंजी कर्ज, ब्रीज ग्याप कर्जा प्रबाह गर्दा कोषलाई देहायका जमानतहरु मान्य हुनेछ ।

(क) नेपाल सरकारको जमानत ।

(ख) बैंक जमानत ।

(ग) कोषलाई मान्य हुने अन्य संस्थाको संस्थागत जमानत ।

## १२.११.धितो मूल्यांकनको आधारमा प्रवाह हुने कर्जा सीमा सम्बन्धी व्यवस्था

निम्न उल्लेखित कर्जाहरुमा धितोको मूल्यांकन रकमको निम्न वमोजिमको प्रतिशतमा कर्जा प्रवाह गरिनेछ ।

◊(क) सहभागी कर्जा

| क्र.सं | कर्जा शिर्षक | कर्जा प्रयोजन |
|---|---|---|
| ∆१ | सहभागी बिशेष सापटी | संचालक समितिले समय समयमा तोके बमोजिम |
| २ (क) | आवास कर्जा (घर निर्माण र घर खरिद) | Distress Valueको ७० प्रतिशत सम्म |
| २ (ख) | आवास कर्जा (जग्गा खरिद) | Distress Value को ६० प्रतिशत सम्म |
| ३ | सरल कर्जा | Distress Value को ५० प्रतिशत सम्म |

| | | |
|---|---|---|
| ४ | शैक्षिक कर्जा | Distress Value को ६० प्रतिशत सम्म |
| ∆५ | सवारी कर्जा | कोटेशन मूल्यको ६० प्रतिशतसम्म<br>तर, थप धितो प्राप्त हुने अवस्थामा सवारी साधनको मूल्यको ७० प्रतिशतसम्म । |
| ६. | शेयर धितो कर्जा | मूल्यांकित रकमको ६० प्रतिशत सम्म |

(ख) अन्य कर्जा

| क.सं | कर्जा शिर्षक | कर्जा प्रयोजन |
|---|---|---|
| १. | परियोजना कर्जा<br>( स्थिर सम्पत्ति खरीद / चालू पूँजी ) | Distress Value को ८० प्रतिशतसम्म । |
| २. | ब्रिज ग्याप कर्जा | दीर्घकालिन कर्जाको अवस्था तथा कर्जा चुक्ता हुने आधार अनुसार । |
| ३. | सहवित्तीयकरण कर्जा | Distress Value को ८० प्रतिशतसम्म । |

# परिच्छेद - १३

## कर्जा प्रवाह/नवीकरणको सिलसिलामा लिनुपर्ने शुल्कहरु

(क) शुल्क सम्बन्धी बिबरण

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १. | प्रशासनिक सेवा शुल्क<br>(कर्जा प्रवाह गर्नु अघि र कर्जा नवीकरण गर्दा लिइने ) | क. सहभागी कर्जाको हकमा कर्जा प्रवाह गर्नु अघि स्वीकृतकर्जा रकमको ०.२५ प्रतिशत वा रु. ५,०००। (अक्षरेपि पाँच हजार रुपैयाँ) मध्येको बढी हुन आउने रकम ।<br>ख. कर्जा नवीकरण गर्दा बाकीँ कर्जा रकमको ०.१ प्रतिशत वा रु. १,०००। (अक्षरेपि एक हजार रुपैयाँ) मध्येको बढी हुन आउने रकम ।<br>ग. अन्य कर्जाको हकमा कर्जा स्वीकृति पत्रमा उल्लेख गरिए वमोजिम । |
| २. | बीमा शुल्क, कर्जा असुलीको सिलसिलामा हुने वास्तविक खर्चहरु र कर्जा सुचना लिनु पर्ने हकमा कर्जा सुचना केन्द्रमा लाग्ने शुल्क । | कोषको तर्फबाट सुरक्षणमा लिइएको सम्पत्ति वापत भुक्तानी भएको बीमा शुल्क र कर्जा असुलीको सिलसिलामा भएका वास्तविक खर्च रकमहरुलाई व्याज आर्जन हुने गरी राख्ने र उक्त कुरा कर्जा स्वीकृती पत्रमा समेत उल्लेख गरिने । |
| ३. | कर्जा अग्रिम भुक्तानी शुल्क | नियमति किस्ता तिर्दा भन्दा बढी बुझाएको रकमको ०.५ प्रतिशत |
| ४. | शेयर, घरजग्गा लगायतको धितो फुकुवा र सवारी साधन नामसारी । | रु ५००/- प्रति पटक । |
| ५. | कागजपत्र हराएको प्रतिलिपि सिफारिस र सोही प्रकृतिका कार्यहरु । | प्रत्येक पटकको रु ५००/- |
| ६. | अन्य कर्जाको हकमा लाग्ने हर्जना व्याज, जरिवाना, पेनाल व्याज, पेनाल्टी, विलम्व शुल्क । | क. ब्याज मात्र बुझाउने कर्जाको हकमा भाखा नाघेको व्याजलाई कर्जा स्वीकृतिपत्रमा उल्लेख गरिए वमोजिम अर्धवार्षिक/वार्षिक रुपमा साँवामा परिणत गर्ने ।<br>ख. सावाँ व्याजको किस्ता बुझाउने कर्जाको हकमा भाखा नाघेको सावाँव्याजको किस्ता रकममा वार्षिक थप २ प्रतिशत ।<br>ग. कर्जा पूर्ण रुपमा सम्पूर्ण भाखा नाघेको बाँकी सावाँ व्याज रकममा वार्षिक थप २ प्रतिशत । |

(ख) धितो मुल्याङ्कन शुल्क

| सि.नं. | कर्जाको सीमा | शुल्क (प्रतिशतमा) |
|---|---|---|
| १ | रु. ६० लाख सम्मको कर्जाको धितो । | पहिलो पटक ५,०००/-<br>दोश्रो पटक २,५००/- |
| ◇२ | रु. ६१ लाख देखि रु. १ करोड ५० लाख सम्मको कर्जाको धितो । | पहिलो पटक ७,५००/-<br><br>दोश्रो पटक २,५००/- |
| ३ | रु. २५ करोड भन्दा माथिको कर्जाको धितो मुल्याङ्कन शुल्क | रु.३ लाख भन्दा बढी नहुने गरी सहमतीमा तय गरिने छ । तर, सहवित्तीयकरण कर्जाको हकमा लिड बैंकले तय गरे अनुसार हुनेछ । |

◇(ग) धितो मुल्यांकन गर्न जाँदा मुल्यांकनकर्ता र कोषको कर्मचारीलाई जाने आउने व्यवस्था ऋणीले गर्नु पर्नेछ ।

◇(घ) शेयर धितो कर्जाको कर्जा प्रवाह/नवीकरणको सिलसिलामा लिनु पर्ने शुल्कहरु परिच्छेद - १० (क) ९ मा तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद - १४

## धितो रोक्का तथा फुकुवा सम्बन्धी व्यवस्था

१ धितो दिने जायजेथा घर जग्गा भएमा सो घर जग्गा धितो बन्धकी लिखत पास गरी जग्गा रोक्का गरी जानकारी दिने भन्ने बारेमा सम्बन्धित मालपोत कार्यालयलाई पत्र लेख्नु पर्दछ ।

२. मालपोत कार्यालयबाट प्राप्त रोक्का वा धितो बन्धकी लिखत पास गरी सकेपछि मात्र कर्जा प्रदान गर्ने तर्फ कारवाही अघि वढाउनु पर्दछ ।

∆३. धितो बन्धकी लिखत पास गरी रोक्का राख्ने क्रममा मालपोत कार्यालयमा कोषका कर्मचारी आफै उपस्थित भई वा भूमि व्यवस्थापन विभागले तोकेको अनलाईन प्रणाली मार्फत विधिपूर्वक लिखत गराउने र सम्बन्धित रोक्का रजिष्टरमा ठीक ढंगले रोक्का समेत जनाएको यकीन गरी त्यस्तो लिखत तथा रोक्का पत्र आफैले बुझी ल्याउनु पर्दछ ।

४. धितो लिएको जेथाको लालपूर्जामा रोक्का रहेको कुरा उल्लेख गराउने काम गर्नु पर्दछ ।

५ धितो दिने सम्पत्ति सवारी साधन भएको अवस्थामा सम्बन्धित सहगागी ऋणीलाई सवारी साधन धितो लेखिदिएको व्यहोराको तमसुक गराई त्यस्तो सवारी साधन कोषको नाममा नामसारी गर्ने बारेमा सवारी साधन दर्ता भएको सम्बन्धित यातायात व्यवस्था कार्यालयलाई पत्र लेखी नामसारी गराई राख्नु पर्दछ ।

६. नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत कम्पनीको शेयर धितो सुरक्षण वापत लिने भएमा शेयर रोक्का गर्ने सम्बन्धित संस्थालाई पत्र लेखी रोक्का राख्नु पर्दछ र सम्बन्धित सहभागीबाट त्यस्तो धितो पत्र बिक्रीनामाको रीतपूर्वकको लिखत गराई र आवश्यकता अनुसारका सम्पूर्ण कागजात लिई राख्नु पर्दछ ।

७. कर्जा चुक्ता भए पछि धितो फुकुवा गर्ने अधिकार शाखा प्रमुख (निमित्त समेत) वा भन्दा माथिल्लो कर्मचारीलाई हुनेछ । यस वाहेकको विशेष परिस्थिति परी धितो फुकुवा गर्नु पर्ने अवस्थामा कार्यकारी प्रमुखबाट मौखिक रुपमा अधिकार लिएर कार्यालयमा रहेका मध्ये वरिष्ठ कर्मचारीले फुकुवा/नामसारी गर्न सक्नेछन् ।

# परिच्छेद - १५

## ब्याजदर, हर्जना/पेनाल ब्याज तथा पूँजीकरण सम्वन्धी व्यवस्था

**१५.१ ब्याजदर सम्वन्धी व्यवस्था**

(क) कर्जाको ब्याजदर कोषले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ । निर्धारित ब्याजदर कोषले पुनरावलोकन गर्न सक्नेछ ।

(ख) कर्जा अवधिमा पाकेको सम्पूर्ण ब्याज अर्धवार्षिक रुपमा पौष मसान्त र आषाढ मसान्तभित्र भुक्तानी गर्ने सहभागीलाई तोकिएको ब्याजदरमा ०.५ प्रतिशत छुट दिइने छ । पौष मसान्तमा ब्याज चुक्ता नगरेका ग्राहकलाई आषाढ मसान्तमा ब्याज तिर्दा यो छुट सुबिधा उपलब्ध गरिने छैन ।

(ग) कर्जाको पाकेको ब्याज नियमित रुपमा नवुझाएमा कर्जा स्वीकृतिपत्रमा उल्लेख भए बमोजिम सावाँमा पुंजीकृत गरिने छ ।

(घ) कर्जाको ब्याजदर समय समयमा परिवर्तन हुन सक्ने भएकोले ब्याजदर परिवर्तन भएको सूचना तथा सर्कुलर भए बमोजिम तिर्ने व्यहोर्ने गरी ऋणीको प्रतिवद्धता, तमसूक र कर्जा स्वीकृति पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(ङ) कर्जा भुक्तानी तालिकामा उल्लेख भए वमोजिम नियमित रुपमा कर्जाको किस्ता भुक्तानी गर्ने ऋणीको हकमा कोषले समय समयमा निर्णय गरे वमोजिम व्याज रकममा छुट दिन सकिने छ ।

(च) ऋणीलाई प्रवाह हुने कर्जाको लागि लिईने विभिन्न शुल्कहरु समय समयमा तोके बमोजिम हुने छ ।

**१५.२ हर्जाना व्याज, पेनाल व्याज वा पेनाल्टी सम्बन्धी व्यवस्था :**

कोषसँगको सम्झौतानुसार अन्य कर्जाको हकमा नियमित रुपमा रकम भुक्तानी नगरेमा समय समयमा तोके वमोजिमको दरले पेनाल्टी वा पेनाल व्याज वा हर्जना वा जरिवाना लिइनेछ । कर्जा उपसमितिले ऋणीको वित्तीय अवस्था विश्लेषण गरी कर्जा चुक्ता हुने अवस्थामा मात्र रु. ३ लाखसम्मको पेनाल ब्याज छुट गर्न सक्नेछ । सो भन्दा बढी  पेनाल वा हर्जना ब्याज छुट गर्दा संचालक समितिको स्वीकृति लिनु पर्नेछ ।

**१५.३ पूँजीकरण सम्वन्धी व्यवस्था :** सहभागी कर्जा बाहेक अन्य कर्जाहरुको पूँजीकरण कर्जा उप समितिको शिफरिसमा संचालक समितिले गर्ने छ ।

# परिच्छेद - १६
## बीमा सम्बन्धी व्यवस्था

कोषले कर्जा प्रवाह गर्दा आवश्यकता अनुसार सुरक्षणमा रहने सम्पत्तिको बीमा गराउनु पर्नेछ ।

१. कर्जा प्रवाह गर्दा व्यवसायको कामको प्रकृति अनुसार सुरक्षणको लागि आवश्यक देखिएमा बीमा गराउनु पर्दछ । उक्त बीमाको प्रिमियम रकम ऋणी स्वयंले ब्यहोर्नु पर्ने छ ।

२. कर्जावालालाई सवारी कर्जामा धितो लिइने सवारी साधनको दुर्घटना, तोडफोड, हुलदंगा, आगजनी र चोरी लगायत सबै किसिमको बीमा गराउन लगाउनु पर्नेछ । सम्पूर्ण कर्जा चुक्ता नभएसम्म बीमा नवीकरण गराउनु पर्नेछ ।

३. आवास कर्जा दिंदा सम्बन्धित घर तथा भवनको कर्जा रकम बराबरको बीमा गराउनु पर्नेछ ।

◊४. परियोजना कर्जा अर्न्तगत ऋणी कम्पनी/संस्थाले उक्त परियोजना निर्माण अवधिभरको ब्याज पुंजीकरण, जग्गा जस्ता बीमा नहुने सम्पत्ति बाहेक अन्य चलायमान माल, मेसिनरी, यन्त्र उपकरण, भौतिक स्थीर सम्पत्ति तथा परियोजनासंग सम्बन्धित सम्पुर्ण बीमायोग्य वस्तुको खरिद/निर्माण पश्चात कायम मुल्यलाई खाम्ने गरी र सम्पुर्ण जोखिम/दायित्व व्यहोर्ने गरी आफ्नो खर्चमा परियोजनाको बीमा गर्नुपर्ने छ । परियोजना कर्जाको हकमा उक्त परियोजनाको बीमाको कोष हितग्राही रहनु पर्नेछ । सहवित्तीयकरण कर्जाको हकमा समानुपातिक रुपमा बीमा लेखको कोष हितग्राही हुनुपर्नेछ ।

५. परियोजना कर्जा अन्तर्गत मौज्दात सामानको धितोमा मात्र कर्जा दिएको छ भने मौज्दात सामानको शतप्रतिशत मूल्यको आगलागी र चोरी बीमा गराउनु पर्नेछ ।

६ रिभल्विङ्ग प्रकृतिको कर्जाको हकमा कम्तीमा स्वीकृत कर्जा सीमा बराबर हुने गरी धितोको बीमा गराउनु पर्नेछ ।

७ कर्जा नवीकरण गर्ने कर्जावालाको हकमा कर्जा निकासासंगै कर्जाको भाखा म्याद सम्मको लागि बीमा नवीकरण गराउन सकिनेछ ।

◊८ बीमाको रेकर्ड राख्ने कर्मचारीले सम्बन्धित ऋणीसंग सम्पर्क गरी बीमा नवीकरण गराई रेकर्ड दुरुस्त राख्नु पर्नेछ । यदि कर्मचारीको लापरवाहीको कारणले बीमा नवीकरण नभई हानी नोक्सानी भएमा सम्बन्धित कर्मचारी जिम्मेवार हुनु पर्नेछ ।

९ घरजग्गाको सुरक्षणमा प्रवाह हुने धितोमा रहने घरको नागरिक लगानी कोष लाभान्वित (Beneficiary) हुने गरी घरको पुरा मूल्यको बीमा गराउनु पर्नेछ । नयाँ घर निर्माण गर्दा दोस्रो किस्ता दिनुपुर्व सहभागीले कोष लाभान्वित हुने गरी धितोमा रहने घरको पुरा मुल्यको बीमा गराउनु पर्नेछ । बीमा गर्दा लाग्ने प्रिमियम तथा नवीकरण शुल्क सम्बन्धित ऋणीले नै बुझाउनु पर्नेछ । बीमा पोलिसीको सक्कल प्रति कोषबाट कर्जा प्रबाह हुनु अघि र बीमा पोलिसीको म्याद समाप्त (Policy mature) हुनु ७ दिन अघि नवीकरण गरी कोषमा बुझाउनु पर्नेछ । ऋणीले समयमा प्रिमियम नबुझाएको कारणले कोषले बीमा रकम भुक्तानी गरेमा सो को साँवा व्याज ऋणीको कर्जा खातामा खर्च लेखी असुल उपर गरिनेछ ।

◊१० कर्जाको सबै किस्ता चुक्ता नभएसम्म परियोजना वा सुरक्षण वापतको चल अचल सम्पत्तिको सबै किसिमको जोखिमको बीमा वहन हुने गरी बीमा गर्ने र उक्त बीमालेखको

हितग्राही (Beneficiary) मा कोषलाई राख्नु पर्नेछ । बीमाको प्रिमियम तिर्ने र नवीकरण गर्ने समेत सम्पूर्ण जिम्मेवारी ऋणीले आफ्नै खर्चमा गर्नु पर्नेछ । कुनै कारणवश ऋणीले प्रिमियम नतिरेको वा नवीकरण नगरेको अवस्थामा कोषले ऋणीको कर्जा खातामा खर्च लेखी बीमाको प्रिमियम तिर्न वा नवीकरण गर्न सक्नेछ । तर, कोषले सो नगरेको कारणबाट हुने हानी नोक्सानीको सम्पूर्ण जवाफदेही ऋणी स्वयं हुनेछ ।

११ बीमा नवीकरणको लागि सिष्टमबाट नै नवीकरण सम्बन्धी विवरण आउने व्यवस्था गर्नुपर्दछ र समयमा नै नवीकरणको व्यवस्था गर्नुपर्दछ ।

# परिच्छेद - १७

## कानूनी कागजात गराउने सम्वन्धी व्यवस्था

**१७.१ तमसुक गराउने :**

(क) कर्जासंग सम्बन्धित तमसुक नेपाली कागजमा नउड्ने पक्का कालो मसीको प्रयोग गरी त्यस्तै मसीले सहीछाप गराई किनारामा दुईजना साक्षीहरुको समेत सहीछाप गराउनु पर्दछ ।

(ख) कर्जा प्रवाह भई सकेपछि कागजात छुट्याई सक्कल कागजात र तमसुकलाई आगलागीबाट समेत क्षति नहुने गरी सुरक्षित तवरले फायर प्रुफ भल्टमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

**१७.२** कर्जा दिंदा गराउनु पर्ने तमसुकहरु समय समयमा तोके बमोजिमको ढाँचामा निम्नानुसार गराउनु पर्दछ ।

(क) कर्जा तमसुक ।

(ख) धितो तमसुक । सुरक्षण जमानी

(ग) मन्जुरीनामा ।

(घ) अख्तियारनामा ।

(ङ) व्यक्तिगत जमानी

(च) प्रतिज्ञा पत्र

(छ) धितो वन्धक लिखत

(ज) कर्जा शिर्षक अनुसार कोषले तोकेका अन्य कागजातहरु ।

**१७.३ मन्जुरीनामा तथा धितो सुरक्षण जमानतको लिखत गराउने :**

(क) धितो दिएको सम्पत्ति कर्जा माग गर्ने व्यक्तिको नभई एकाघर परिवारका अन्य कुनै व्यक्तिको भएमा सो स्वामित्ववाला व्यक्तिले मन्जुरीनामा लिखत गरी दिनु पर्दछ ।

(ख) मन्जुरीनामाको लिखत तमसुक सरह नउड्ने पक्का कालो मसीले लेखी औंठाको छाप एवं दस्तखत दुवै गराउनु पर्दछ र साक्षीहरु दुई जना मध्ये सम्भव भएसम्म एक जना नजिकको हकवालालाई साक्षी राखी सहीछाप गराउनु पर्दछ ।

(ग) धितो दिने ब्यक्ति लेख्न नजान्ने, वृद्ध वा अशक्त भए त्यस्तो व्यक्तिले गर्ने मन्जुरीनामाको कागज मेरो रोहवरमा गरेको ठीक सांचो हो भनी नजिकको हकवालाको सहीछाप गराई राख्नु पर्दछ ।

(घ) धितो वापतको जायजेथा धितोबन्धक लिखत पास गरिने भएमा उल्लेखित मन्जुरीनामाको कागज लिई राख्नु वाध्यात्मक छैन ।

**१७.४ व्यक्तिगत/धन जमानीको लिखत गराउने**

कर्जा स्वीकृत भई आवश्यक लिखत बनाइसकेपछि कर्जा शाखाबाट नियम बमोजिम कर्जा रकम भुक्तानीको लागि लेखालाई कर्जा शाखाबाट पत्र लेख्नुपर्नेछ ।

**१७.५ लिखत नेपाली भाषामा तयार गर्ने**

कोषबाट जुनसुकै प्रकारको कर्जा प्रवाह गर्दा ऋणी तथा जमानतकर्ता (व्यक्ति/ फर्म/ कम्पनी/संस्था) तथा कारणी (ऋणी/जमानत दिने समेत) बाट तयार गर्ने/गराउने कागजातहरु (जुनसुकै लिखत, जमानीपत्र वा मन्जुरीनामा) प्रचलित ऐन कानुन बमोजिम देवनागरी लिपी

नेपाली भाषामा तयार गर्नु पर्नेछ । कर्जासंग सम्बन्धित ऋण स्वीकृति पत्र (Approoval Letter), कर्जा तमसुक (Loan Deed) र धितोबन्धक लिखत (Mortgage Deed) अनिवार्यरुपमा देवनागरी लिपी नेपाली भाषामा तयार गर्नुपर्ने र Consortium Loan Agreement को हकमा अंग्रेजी भाषामा समेत तयार गर्न सकिने छ । साथै, यी कागजातहरुलाई पनि क्रमिक रुपमा नेपाली भाषामा तयार गर्दै जाने नीतिगत व्यवस्था गर्नु पर्नेछ । लिखत/जमानीपत्र तयार गर्दा जमानी रकम, ऋणको अवधि, ऋणको प्रयोजन, प्रमुख ऋणी, साक्षी, जमानतकर्ताको नाम, ठेगाना, सो को सनाखत लगायतका विषयहरु तथा अन्य प्रकारका लिखतहरुमा समेत देहाय बमोजिमका विषयहरुलाई यथोचित स्थानमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

लिखतमा स्पष्टसंग उल्लेख हुनुपर्ने विषयहरु

- सम्बन्धित व्यक्तिको नाम, ठेगाना, मिति, व्यक्तिको हकमा नागरिकता/पासपोर्ट नम्बर तथा तीन पुस्ते,
- म्याद, अवधि, प्रयोजन,
- सम्बन्धित व्यक्तिको सम्बन्धमा कोषद्वारा सनाखत,
- रकम,
- साक्षी,
- हस्ताक्षर पहिचान गर्ने प्रयोजनको लागि सम्बन्धित कारणीको नाम,
- अन्य आवश्यक देखिएका विषयहरु ।

# परिच्छेद - १८

## कर्जा नवीकरण, पुनरसंरचना वा पुनरतालिकीकरण सम्बन्धी व्यवस्था

१८.१ कर्जा नवीकरण गर्नु पर्ने अवस्था भएमा नवीकरण गर्नु पर्ने उपयुक्त कारण भएमा मात्र नवीकरण गर्नु पर्नेछ । कर्जा दुरुपयोग नभएको अवस्थामा मात्र कर्जा नवीकरण गर्न सकिनेछ ।

१८.२ कर्जा चुक्ता गर्छु भनेको तर अन्तिम क्षणमा कर्जा नवीकरण गर्न आएमा त्यस्तो कर्जालाई सकेसम्म छोटो अवधिको लागि मात्र नवीकरण गर्नुपर्दछ ।

१८.३ सम्पूर्ण ऋणीहरुको मोवाइल नं र इमेल ठेगाना अद्यावधिक गर्नुपर्दछ ता की सम्पर्क गर्न र पत्राचार गर्न सहज होस ।

१८.४ कर्जा नवीकरण गर्नुपर्दा ध्यान दिनुपर्ने कुराहरु :

(क) कर्जा नवीकरण गर्दा कोषलाई जोखिम छैन् भन्ने कुरा यकीन हुनु पर्दछ ।

(ख) वर्तमान कर चुक्ता प्रमाणपत्र, मालपोत तिरेको रसिद, कागजात नवीकरण बीमा नवीकरण लगायतका कागजात लिनुपर्नेछ । पुनरमूल्याङ्कन गर्नु पर्नेमा पुनरमूल्याङ्कन गर्नु गराउनु पर्नेछ ।

(घ) ऋणी र जमानी दिनेले कर्जा लिदाँका वखत गरेको दस्तखत र हालको दस्तखत एउटै हुनुपर्दछ ।

(ङ) शुरु कर्जाको तमसुकहरुमा कर्जा नवीकरण हुने या भएको अवस्थाका वारेमा स्पष्ट उल्लेख गर्नु पर्दछ ।

(च) ऋण तमसुकको अतिरिक्त व्यक्तिगत जमानी, सुरक्षण जमानी जस्ता लिखतहरुमा समेत कर्जा नवीकरण हुन सक्ने अवस्था र त्यसबाट सृजना हुन सक्ने कानूनी, आर्थिक दायित्वहरुका वारेमा प्रष्टसगँ लेखिएको हुनु पर्दछ ।

(छ) कर्जा नवीकरण पश्चात पुरानो एकाउण्ट निरन्तर गर्ने व्यवस्था गर्नु पर्दछ ।

१८.५ **कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण सम्बन्धी व्यवस्था**

किस्ता भुक्तानी तालिका बमोजिम किस्ता रकम बुझाउन नसक्ने ऋणीले आफूले किस्ता रकम बुझाउन नसक्ने उचित कारण सहित कर्जा रकम पुनरसंरचना वा पुनरतालिकीकरण गरी पाउन निवेदन दिएमा र सो कारण कोषलाई उचित लागेमा त्यस्तो कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गर्न सक्नेछ ।

# परिच्छेद १९

## कर्जा बर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

०१९.१.१ कोषबाट प्रवाह भएका परियोजना कर्जा, ब्रिज ग्याप कर्जा, चालू पूँजी कर्जा र शेयर धितो कर्जा सम्बन्धमा कर्जा वर्गीकरण (Loan Classification) र कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) देहाय अनुसार हुनेछ ।

| **वर्गीकरण** | **विवरण** | **नोक्सानी व्यबस्था** |
|---|---|---|
| असल कर्जा | भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका कर्जा | १% |
| कमसल कर्जा | ३ महिना देखि ६ महिनासम्म भाखा नाघेको कर्जा | २५% |
| शंकास्पद कर्जा | ६ महिनादेखि १ बर्षसम्म भाखा नाघेको कर्जा | ५०% |
| खराब कर्जा | १ बर्षभन्दा बढी अवधिले भाखा नाघेको कर्जा | १००% |

कोषबाट सहभागीहरुलाई सामाजिक सूरक्षाको अबधारणाबाट धितोमा प्रवाह भएका कर्जा तथा सापटी अन्तर्गत आवास कर्जा, सवारी कर्जा, शैक्षिक कर्जा, सरल कर्जाहरुमा निहित जोखिम व्यवस्थापनका लागि देहाय अनुसारको दरमा जोखिम ब्यवस्था गरिने छ । सम्भावित जोखिमको बिश्लेषणका आधारमा यस्तो दरमा सञ्चालक समितिले समय समयमा परिवर्तन गर्न सक्नेछ ।

| **कर्जा बिबरण** | **जोखिम ब्यवस्था** |
|---|---|
| सहुलियत अवधिमा | ०% |
| साँवा ब्याज तिरेको | ०% |
| ब्याज र आंशिक साँवा तिरेको | १% |
| ब्याज तिरेको | ५% |
| साँवा ब्याज नतिरेको | १०% |
| अवकाश/राजिनामा गरेको, कोष कट्टी गर्न छोडेको र साँवा ब्याज पनि नतिरेको | १००% |

◇१९.१.२ कोषले नेपाल सरकारको जमानतमा प्रदान/प्रवाह गरेका कर्जाको कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कोषको आवश्यकता अनुसार गरिनेछ ।

## १९.२.कर्जा नोक्सानी सम्बन्धी थप व्यवस्था :

(क) कुनै कर्जालाई खराब कर्जामा बर्गीकरण गरी सो कर्जाको लागि शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिसकेपछि अतिरिक्त नोक्सानी व्यवस्था गर्नुपर्ने छैन ।

(ख) भाखा नाघेको साँवा किस्तालाई मात्र कर्जा बर्गीकरण र कर्जा नोक्सानी व्यवस्था गरिने छ । तर, कूल कर्जाको २५ प्रतिशत भन्दा बढी रकमले साँवाको भाखा नाघेमा बाँकी रहेको सम्पूर्ण कर्जा रकमलाई खराव कर्जामा बर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(ग) पुनसंरचना वा पुनर्तालिकीकरण भएको संस्थागत कर्जाको हकमा वार्षिक १२.५० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(घ) कम्पनी/संस्थालाई प्रवाह भएको चालुपूँजी कर्जामा चार त्रैमासिकको ब्याज नबुझाएमा र कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण पनि नभएमा साँवाको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(ङ) सहवित्तीयकरण कर्जाको रकममा अगुवा बैंकले गरेको बर्गीकरण तथा नोक्सानी व्यवस्था अनुसार नै कर्जा नोक्सानी व्यवस्था कायम गरिनेछ ।

(च) नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन समेत) बमोजिम नेपाल सरकारको जमानतमा प्रवाह भएको कर्जामा र नेपाल सरकारको पूर्ण स्वामित्व वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा राष्ट्रिय गौरबका आयोजनामा प्रवाह भएका कर्जामा नोक्सानी व्यवस्था गर्नुपर्ने छैन ।

(छ) कोषबाट सहभागीहरुलाई प्रवाह भएको बिशेष सापटी रकममा जोखिम ब्यबस्था गरिने छैन । सम्बन्धित सहभागीहरुको कोष कट्टी रकम भन्दा बिशेष सापटी रकम को साँवा व्याज रकम बढी नहुने अवस्था सृजना गरिनेछ ।

(ज) बिशेष सापटी रकमको साँवा व्याजको रकम, कोष कट्टी रकमसँग बरावर हुन गएमा त्यस्तो सापटी रकमको साँवा व्याज कोष कट्टी रकमबाट हिसाव मिलान गरी लेना राफसाफ गरिनेछ

# परिच्छेद - २०

## कर्जा असुली सम्वन्धी व्यवस्था

सहभागी ऋणीले कर्जाको साँवा व्याज बैंकमा जम्मा गरी सोको भौचर कोषमा पेश गर्नु पर्नेछ । कोषको नाममा खिचिएको बैंकको चेक वा बिद्युतीय ट्रान्सफरका बिभिन्न माध्यम मध्ये कुनै पनि माध्यमबाट पनि कर्जाको सावाँ व्याज तिर्न सकिनेछ । उक्त बैंकको चेक वा बिद्युतीय ट्रान्सफरका बिभिन्न माध्यम मध्ये कुनै पनि माध्यमबाट कोषको खातामा रकम जम्मा भएको यकीन गरी सोही मितिलाई आधार मानी ऋणीको कर्जा खातामा रकम जम्मा गरिनेछ ।

सहभागीले लिएको कर्जाको साँवा ब्याज नबुझाएमा नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन समेत), कोषको व्यवस्थापन विनियमावली, २०४८, कोषको प्रचलित कर्जा असुली सम्बन्धी कार्यबिधि, यस कार्यविधि र सहभागी ऋणीको तर्फबाट कोषलाई लेखिदिएका लिखत, सम्झौता तथा शर्तहरु बमोजिम प्रचलित ऐन कानूनले दिएको अधिकार प्रयोग गरी असुल उपर गरिने छ । सहभागीले लिएको कर्जाको साँवा ब्याज कोषले तोकेको समय सीमा भित्र नबुझाएमा कालो सूचीमा राख्नु पर्नेछ ।

## परिच्छेद-२१

## विविध

**२१.१. संशोधन :** यो कार्यविधिलाई समितिले समय समयमा आवश्यकता अनुसार संशोधन थपघट वा हेरफेर गर्न सक्नेछ ।

**२१.२. कार्यविधिको व्याख्या :** यो कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा हुन गएमा सोको व्याख्या गर्ने अन्तिम अधिकार समितिमा निहित रहनेछ ।

**२१.३. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै कठीनाई उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

**२१.४ कानून बमोजिम हुने :** यस कार्यविधिले समेट्न नसकेका कुराहरुको हकमा प्रचलित ऐन, कानून तथा समितिले समय समयमा गरेका निर्णय बमोजिम हुनेछ ।

**२१.५. खारेजी तथा बचाऊ :** नागरिक लगानी कोष आवास कर्जा कार्यविधि, ०७३, सरल कर्जा कार्यविधि,२०७३, शैक्षिक कर्जा कार्यविधि,२०७३, सवारी साधन कर्जा कार्यक्रम,२०६१ र सहवित्तीयकरण कार्यविधि,२०६८ खारेज गरिएको छ, यो कार्यविधि प्रारम्भ हुनुअघि उल्लेखित कार्यविधि र कार्यक्रम बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।